कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# हिम पर्वत हाइड्रोपावर लिमिटेड

# HIM PARBAT HYDROPOWER LIMITED

रजिष्टर्ड कार्यालय : त्रिपुरेश्वर, काठमाण्डौं-११, नेपाल, फोन नं.०१-४११७०७९, पोष्ट बक्स नम्बर : ८९४१
इमेलः info@himparbat.com.np, वेबसाइट : www.himparbathydro.com.np

को

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

# विवरण-पत्र

कम्पनीले आफ्नो जारी पूँजी रु. १,६९,००,००,०००/– (अक्षरेपी एक अर्ब उनान्सत्तरी करोड मात्र) को ३५% अर्थात रु.५९,१५,००,०००/- (अक्षरेपी उनान्साठी करोड पन्ध्र लाख मात्र) रकम बराबर प्रति शेयर रु. १००/- अंकित मुल्यको ५९,१५,००० (उनान्साठी लाख पन्ध्र हजार) कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ । जसमध्ये यस विवरणपत्र मार्फत जारी पूँजीको १०% अर्थात रु.१६,९०,००,०००/– (अक्षरुपी सोह्र करोड नब्बे लाख मात्र) रकम बराबरको रु.१००/- अंकित दरको १६,९०,००० कित्ता आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई देहायको तालिका बमोजिम निष्काशन गरिनेछ । बाँकी रहेको २५% अर्थात रु.४२,२५,००,०००/– (अक्षरेपी बयालिस करोड पच्चिस लाख मात्र) रकम बराबरको रु.१००/– अंकित दरको ४२,२५,००० कित्ता (नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी विदेशमा बसी रोजगार गरी रहेका नेपालीहरुको लागि १० प्रतिशत अर्थात ४,२२,५०० कित्ता, कर्मचारीहरुको लागि ३% अर्थात् १,२६,७५० कित्ता सुरक्षित राखी, सामूहिक लगानी कोषहरुको लागि ५% अर्थात् २,११,२५० कित्ता तथा बाँकी रहेको ३४,६४,५०० कित्ता सर्वसाधारणहरुको लागि) शेयर सर्वसाधारणहरुमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ र धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही प्रारम्भिक सार्वजनिक निष्काशन गरिएको छ । साथै, माथि उल्लेखित कुनै पनि एक समूहभित्रको शेयर पूर्ण रुपमा बिक्री नभएमा उक्त शेयरहरु समेत सर्वसाधारणमा निष्काशन हुने शेयरमा थप गरी निष्काशन तथा बिक्री खुल्ला गरिने छ ।

**आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई छुट्टाइएको शेयर सम्बन्धी विवरणः**

| | |
|---|---|
| अति प्रभावित क्षेत्र दोलखा जिल्लाको बिगु गाउँपालिका वडा नं. ५, ६, ७ र ८ तथा कालिन्चोक गाउँपालिका वडा नं. २, ३ र ४ | जारी पूँजीको १०% को ६०% अर्थात १०,१४,००० कित्ता |
| प्रभावित क्षेत्र माथि उल्लेखित गाउँपालिकाका वडाहरु बाहेक दुबै गाउँपालिकाका अन्य वडाहरु | जारी पूँजीको १०% को ४०% अर्थात ६७६,००० कित्ता |
| आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई छुट्टाइएको शेयर वातावरणिय प्रभाव मूल्यांकन प्रतिवेदन बमोजिम रहेको छ । | |

## दरखास्त साथ प्रति शेयर रु.१००/– को दरले (शत प्रतिशत भुक्तानी माग गरिएको)

### संक्षिप्त वित्तीय विवरण

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | आ.व. २०८५/८६ |
| **प्रति शेयर नेटवर्थ (रु.)** | ९९.७३ | ९९.६८ | ११५.०५ | १२१.११ | १३२.०६ | १४६.१६ |
| **प्रति शेयर आम्दानी (रु.)** | ०.०० | (०.०५) | १५.४८ | १८.१७ | २२.९५ | २६.१० |
| **संचित नाफा/नोक्सान (रु. हजारमा)** | –३,००० | –३,५६५ | १६५,२७४ | ३५६,७४२ | ५४१,८४५ | ७८०,१०८ |

| आयोजनाको नाम | विद्युत उत्पादन क्षमता | कुल लागत | प्रति मे.वा. लागत | विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण | लगानी फिर्ता हुने अवधि (Pay Back Period) | |
|---|---|---|---|---|---|---|
| | | | | | साधारण (Normal) | डिस्काउन्टमा (Discounted) |
| साँगु खोला जलविद्युत आयोजना | २० मे.वा. | रु.३,६५१,७८७,२५४/– (अक्षरेपी तीन अर्ब पैसट्ठी करोड सत्र लाख सतासी हजार दुई सय चौवन्न) | रु.१८२,५८९,३६३/– (अक्षरेपी अठार करोड पच्चिस लाख उनान्नब्बे हजार तीन सय त्रिसट्ठी मात्र) | मिति २०७६/०८/१२ देखि २१११/०८/११ सम्म | ६.०९ वर्ष | ९.०८ वर्ष |
| साँगु खोला-१ जलविद्युत आयोजना | ५.५ मे.वा | रु.१,१५०,४५३,०८९/– (अक्षरेपी एक अर्ब पन्ध्र करोड चार लाख त्रिपन्न हजार उनान्नब्बे मात्र) | रु.२०९,१७३,२८९/– (अक्षरेपी बीस करोड एकानब्बे लाख त्रिहत्तर हजार दुई उनान्नब्बे मात्र) | मिति २०७६/१०/२१ देखि २१११/१०/२० सम्म | ६.२९ वर्ष | ९.५६ वर्ष |
| अनुमतिपत्रको अवधि समाप्त भएपछि विद्युत ऐन, २०४९ मा भएको व्यवस्था र सोमा समय समयमा हुने संशोधन अनुसार आयोजना चालु हालतमा निःशुल्क नेपाल सरकारलाई हस्तान्तरण गर्नेछ । | | | | | | |

### लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ८ पृष्ठ नं ३१-३३ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

### नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको हो । यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

### रेटिङ्ग सम्बन्धी विवरण :

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीले इस्यूअर रेटिङ्ग गराउनुपर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई मिति १३/०८/२०२६ मा "[ICRANP-IR] BB+" प्राप्त गरेको छ । [ICRANP-IR] BB+ (Pronounced as ICRANP Issuer Rating Double B Plus) ले कम्पनीको वित्तीय दायित्व वहन गर्ने क्षमता औसत जोखिम "Moderate Risk of Default Regarding Timely Servicing of Financial Obligations" रहेको जनाउँदछ । ईक्रा नेपाल लिमिटेडले "[ICRANP- IR] AAA" देखि "[ICRANP- IR] D" सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा रेटिङ्ग "[ICRANP- IR]AAA" ले बलियो आधार जनाउँछ भने "[ICRANP- IR]D" ले कमजोर आधार जनाउँछ । यस सम्बन्धी विवरणपत्रको दफा ग.२२ (ट) (पृष्ठ नं. ६१) उल्लेख गरिएको छ ।

क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : १३/०८/२०२६ — क्रेडिट रेटिङ्ग ग्रेड बहाल रहने मिति : १३/०८/२०२७

यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्र दोलखा जिल्लाको बिगु तथा कालिन्चोक गाँउपालिकाका स्थायी बासिन्दा, संस्थापक तथा कर्मचारीहरुको शेयर सर्वसाधारणका लागि निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन वर्ष, पूरा नभएसम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन । साथै, सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम सामूहिक लगानी कोषले खरिद गरेको शेयर तथा विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ बमोजिम विशिष्टीकृत लगानी कोषको स्वामित्वमा रहेको शेयर संगठित संस्थाले सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरी बाँडफाँड भएको मितिले क्रमश : ६ (छ) महिना तथा एक (१) वर्ष पुरा नभएसम्म बिक्री वा हस्तान्तरण गर्न पाउने छैन । कर्मचारी, संस्थापक शेयरधनी, संस्थापक शेयरधनीका एकाघरको सदस्य, आयोजना प्रभावित तथा विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकलाई निष्काशित शेयरमा आवेदन दिएमा सर्वसाधारणलाई छुट्याएको शेयरमा आवेदन गर्न सक्ने छैनन् ।

| | |
|---|---|
| विद्युत नियमन आयोगबाट कम्पनीको शेयरको सार्वजनिक निष्काशनको लागि सहमति प्रदान गरिएको मिति : २०८१/०७/२५ | |
| नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृत प्राप्त मिति : २०८३/०६/२० | कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता मिति : २०८३/०६/२२ |
| आवेदन दिन पर्ने न्यूनतम् शेयर संख्या : १० कित्ता | आवेदन दिन सकिने अधिकतम् शेयर संख्या : १०,००० कित्ता |

| आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि | विदेशमा बसी रोजगार गरेका नेपालीहरुका लागि |
|---|---|
| **धितोपत्र निष्काशन खुल्ला हुने मिति : २०८३/०७/११** | **धितोपत्र निष्काशन खुल्ला हुने मिति : २०८३/०७/११** |
| **निष्काशन बन्द हुने मिति (छिटोमा) : २०८३/०७/२५ (बैंकिङ्ग समय पश्चात)** | **निष्काशन बन्द हुने मिति (छिटोमा) : २०८३/०७/१६ (बैंकिङ्ग समय पश्चात)** |
| **निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०८३/०८/१० (बैंकिङ्ग समय पश्चात)** | **निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०८३/०७/२५ (बैंकिङ्ग समय पश्चात)** |

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

Citizens Capital Ltd.
(A Subsidiary of Citizens Bank International Limited)

**सिटिजन्स क्यापिटल लिमिटेड**
बाटुलेघर, डिल्लीबजार, काठमाडौं, नेपाल
फोन नं.: ०१-४५१७७२३/४५१७४५७
इमेलः info@citizenscapital.com.np
वेबसाइटः www.citizenscapital.com.np

## ख.१ विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

**क)** **"विवरणपत्र"** भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्दछ।

**ख)** **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले सिटिजन्स क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाण्डौं सम्झनु पर्दछ।

**ग)** **"संगठित संस्था/कम्पनी"** भन्नाले निष्काशनकर्ता कम्पनी हिम पर्वत हाइड्रोपावर लिमिटेड सम्झनु पर्दछ।

**घ)** **"संगठित संस्था"** भन्नाले हिम पर्वत हाइड्रोपावर लिमिटेडमा संस्थापक शेयर धारण गर्ने कम्पनीहरु सम्झनु पर्छ।

**ङ)** **"धितोपत्र"** भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बोण्ड, डिवेन्चर, डिवेन्चर स्टक वा सामुहिक लगानी योजना सम्वन्धी प्रमाण पत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, वचतपत्र वा बण्ड सम्झनु पर्दछ र सो शब्दले धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनि बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्री वा विनिमय गर्ने सक्ने अधिकारपत्र समेतलाई जनाउँदछ।

**च)** **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फाराम प्राप्त गर्न सकिने तथा दरखास्त फाराम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरु सम्झनु पर्दछ।

**छ)** **"निष्काशन बैंक"** भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने वाणिज्य बैंक सम्झनु पर्दछ।

**ज)** **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, विद्युत नियमन आयोग तथा नेपाल विद्युत प्राधिकरणलाई सम्झनु पर्दछ।

**झ)** **"संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन"** भन्नाले हिम पर्वत हाइड्रोपावर लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन सम्झनु पर्दछ।

**ञ)** **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ।

**ट)** **"वित्तीय विवरण"** भन्नाले संगठित संस्थाको वासलात, आय व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासंग सम्बन्धित टिप्पणीहरु समेतलाई जनाउँदछ।

**ठ)** **"आश्वा सदस्य"** भन्नाले नेपाल धितोपत्र बोर्डबाट आश्वा सदस्यता लिएका बैंक तथा वित्तीय संस्था सम्झनु पर्दछ।

**ड)** **"साधारण लगानी फिर्ता हुने अवधि"** भन्नाले लगानीको लागत उठाउन लाग्ने आवश्यक समय सम्झनु पर्दछ।

**ढ)** **"डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि"** भन्नाले आयोजनाको भविष्यमा हुने नगद प्रवाहलाई Weighted Average Cost of Capital (WACC) को आधारबाट डिस्काउण्ट गरेर आजको लगानी लागतमा ल्याउन लाग्ने समय सम्झनु पर्दछ।

**ण)** **"प्रति शेयर नेटवर्थ"** भन्नाले कम्पनीको वासलातमा रहेको शेयर पूँजी, शेयर प्रिमियम तथा जगेडा कोष लगायतका कुनै पनि प्रकारको सञ्चित कोषको कुल जोडलाई जम्मा साधारण शेयर संख्याले भाग गर्दा आउने भागफललाई सम्झनु पर्दछ।

**त)** **"प्रति शेयर आम्दानी"** भन्नाले कम्पनीको खुद नाफालाई जम्मा कायम साधारण शेयर संख्याले भाग गर्दा आउने भागफललाई सम्झनु पर्दछ।

**थ)** **"वैदेशिक रोजगारीमा रहेका नेपाली"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकहरु जनाउँछ।

**द)** **"विप्रेषण (रेमिटयान्स्) बचत खाता"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगार गरिरहेका नेपाली नागरिकको बोर्डबाट धितोपत्र खरिद संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिट्यान्स्) बचत खाता सम्झनुपर्छ।

**ध)** **"आधारभूत शेयरधनी"** भन्नाले कम्पनीको चुक्ता पूँजी २५ करोड भन्दा कम भएको हकमा ५ प्रतिशत र २५ करोड भन्दा बढी भएको हकमा १ प्रतिशत वा सो भन्दा बढी साधारण लिएका शेयरधनी सम्झनुपर्दछ।

**न)** **"खुद सम्पत्ति (नेट वर्थ)"** भन्नाले नेपाल वित्तीय प्रतिवेदन मान अनुसार सङ्गठित संस्थाको शेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरूको कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरू तथा ख्याति घटाई बाँकी रहन जाने खुद सम्पत्ति (नेटवर्थ) रकम सम्झनु पर्छ।

**प)** **"स्थानीय बासिन्दा" भन्नाले** अति प्रभावित क्षेत्र दोलखा जिल्ला बिगु गाँउपालिका वडा नं. ५, ६, ७ र ८ तथा कालिन्चोक गाँउपालिका वडा नं. २, ३ र ४, प्रभावित क्षेत्र माथि उल्लेखित गाँउपालिकाका वडाहरु बाहेक दुवै गाँउपालिकाका अन्य वडाहरुका स्थानिय बासिन्दाहरुलाई जनाउँदछ।

**फ)** **"धितोपत्र प्रत्याभूतिकर्ता"** भन्नाले धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (ख) बमोजिमको धितोपत्र प्रत्याभूति (अण्डरराइटिङ्ग) को कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी श्री प्रभु क्यापिटललाई सम्झनुपर्छ।

**ख.२. विवरणपत्र तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान :**

| **क्र.सं.** | **विवरण पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थान :** |
|---|---|
| १. | सिटिजन्स क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाण्डौं र वेभसाइट : www.citizenscapital.com.np |
| २. | हिम पर्वत हाइड्रोपावर लिमिटेड, वडा नं. ११, त्रिपुरेश्वर, काठमाडौं र वेभसाइट : www.himparbathydro.com.np |

साथै श्री नेपाल धितोपत्र बोर्डको website : www.sebon.gov.np बाट Download गरेर पनि प्राप्त गर्न सकिनेछ।

| **क्र.सं.** | **दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान : सर्वसाधारण र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि** |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" (Meroshare) अनलाईन प्रयोग गरि सि-आश्वा प्रणाली मार्फत आवेदन दिन सकिने छ। |

**आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फाराम लिने व्यवस्था गरिएको छ :**

| **क्र. स.** | **संकलन केन्द्रको नाम र ठेगाना :** |
|---|---|
| १ | नेपाल इनभेष्टमेन्ट बैंक लिमिटेड, सिंगटी शाखा, दोलखा |
| २ | सिन्धु विकास बैंक लिमिटेड, सिंगटी शाखा, दोलखा |
| ३ | लक्ष्मी सनराइज बैंक लिमिटेड, सुनखानी एक्स्टेन्सन काउन्टर, दोलखा |
| ४ | प्रभु बैंक लिमिटेड, संगटी शाखा, दोलखा |
| ५ | सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड, चरिकोट शाखा, दोलखा |

भविष्यमा आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्डलाई जानकारी गराएर अन्य संकलन केन्द्रहरु थप गर्न सकिनेछ।

आयोजना प्रभावित क्षेत्र दोलखा जिल्लाको बिगु तथा कालिन्चोक गाँउपालिकामा स्थायी बसोबास गर्ने स्थानीय बासिन्दाले शेयर खरिद आवेदन प्राप्त गर्नका लागि दरखास्त फाराम वापत रु. २/- (दुई रुपैयाँ शुल्क बुझाउनु पर्नेछ। आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि दरखास्त फाराम हिम पर्वत हाइड्रोपावर लिमिटेडको वेभसाइट : www.himparbathydro.com.np तथा सिटिजन्स क्यापिटल लिमिटेडको वेभसाइट : www.citizenscapital.com.np बाट समेत डाउनलोड गर्न सकिन्छ।

**ग.१. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई कम्पनी तथा यसका सञ्चालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट सन्तुष्ट हनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरू र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकाले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**ग.२. संगठित संस्थाको उद्घोषण :**

**ग.२.क. संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.ख. संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस हिम पर्वत हाइड्रोपावर लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वाअन्यकुनै सूचनामाउल्लेख भएका विवरण बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ।

**ग.२.ग. नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, विद्युत विकास विभाग आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै यस कम्पनीले कम्पनी रजिष्ट्रारको कार्यालयमा आ.व. २०८२/०८३ सम्मको विवरणहरु पेश गरेको हुनाले उक्त आर्थिक वर्षसम्म यस कम्पनी कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेको र सो अद्यावधिक रहेको व्यहोरा कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०५/१५ गतेको पत्रबाट प्राप्त भएको छ। यस कम्पनीले विद्युत नियमन आयोगबाट प्राथमिक शेयर निष्काशनको लागि मिति २०८१/०७/२५ गते पूर्व स्वीकृती समेत प्रदान समेत गरिसकेको छ। साथै, यस कम्पनीले आन्तरिक राजस्व विभागबाट मिति २०८३/०५/०५ गते आ.व. २०८२/८३ को कर चुक्ता प्रमाणपत्र प्राप्त गरी सो वर्षसम्मको कर विवरण अद्यावधिक गरिसकेको छ।

**ग.२घ. संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

(१) यस संगठित संस्थाको संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(२) यस संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(३) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरूको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(५) यस संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख हुन अयोग्य रहेका छैनन् ।

**ग.३. संगठित संस्था सम्बन्धी जानकारी :**

**ग.३.क. संगठित संस्थाको पृष्ठभूमि :**

**(क) संस्थाको नाम :** हिम पर्वत हाइड्रोपावर लिमिटेड **(Him Parbat Hydropower Limited)**

**(ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.११, त्रिपुरेश्वरमा रहेको छ ।

**(घ) कारोबार गर्ने मुख्य स्थान (जलविद्युत केन्द्र) :** यस कम्पनीको कारोबार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ११, त्रिपुरेश्वरमा र आयोजना स्थल, जलविद्युत उत्पादन केन्द्र तथा अन्य भौतिक पुर्वाधारहरु बिगु र कालिन्चोक गाँउपालिका, दोलखा जिल्लामा अवस्थित रहेको छ।

**(ङ) संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु:**

**कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :**

(१) नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले हिम पर्वत हाइड्रोपावर प्राईभेट लिमिटेडको नामबाट मिति २०७१/०२/२८ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०७८/०२/३० गते कम्पनी रजिष्ट्रारको कार्यालयको निर्णय अनुसार प्रा.लि. बाट परिवर्तन भई २०७८/०२/३१ गतेबाट पब्लिक लिमिटेडको रुपमा हिम पर्वत हाइड्रोपावर लिमिटेडको नामबाट दर्ता अभिलेख भई कारोबार संचालन गर्दै आएको कम्पनी हो।

(२) कम्पनीमा हाल ४३ जना संस्थापक शेयरधनी रहेका छन्। कम्पनीको प्रवन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ६५ प्रतिशत संस्थापक शेयर, १० प्रतिशत दोलखा जिल्लाको बिगु तथा कालिन्चोक गाँउपालिकाका स्थायी बासिन्दा र २५ प्रतिशत सर्वसाधारण, कम्पनीमा कार्यरत कर्मचारी र अन्य शेयरधनीहरुको लागि छुट्टयाइ बाँडफाँड गर्ने व्यवस्था रहेको छ।

(३) संगठित संस्थाले कुल २५.५ मेगावाट क्षमताको साँगु खोला जलविद्युत आयोजनाले (२० मे.वा.) मिति २०८२/०६/२५ र साँगु खोला-१ जलविद्युत आयोजनाले (५.५ मे.वा.) मिति २०८२/०४/०८ बाट व्यापरिक उत्पादन सुरु गरिरहेको छ। उक्त आयोजनाको प्रमुख पानीको स्रोत दोलखा जिल्लाको बिगु गाउँपालिका लगायतका गाउँपालिकाहरुमा अवस्थित साँगु खोला, पेगु खोला र स्याँखु खोलाहरुको पानी रहेको छ।

(४) विद्युत विकास विभाग मार्फत नेपाल सरकार, ऊर्जा जलस्रोत तथा सिचाई मन्त्रालयले साँगु खोला जलविद्युत आयोजना (२० मे.वा.) बाट विद्युत उत्पादनको लागि विद्युत उत्पादन अनुमतिपत्र मिति २०७६/०८/२२ मा संगठित संस्थालाई प्रदान गरिएको छ सो बहाल रहने अवधि २०७६/०८/१२ देखि २१११/०८/११ सम्म रहेको छ। साथै, साँगु खोला जलविद्युत आयोजना (५.५ मे.वा.) बाट विद्युत उत्पादनको लागि विद्युत उत्पादन अनुमतिपत्र मिति २०७६/१०/२६ मा संगठित संस्थालाई प्रदान गरिएको छ, सो बहाल रहने अवधि २०७६/१०/२१ देखि २१११/१०/२० सम्म रहेको छ।

(५) दोलखा जिल्लामा २५.५ मेगावाट क्षमताबाट उत्पादित विद्युत शक्ति विद्युत गृहको स्वीचयार्डमा जडान हुने १ x ७००० के.भि.ए. क्षमताको ५० Hz को ट्रान्सफर्मर हुँदै ६ कि.मि. लामो ३३ के.भि. प्रशारण लाईन मार्फत साँगु खोला जलविद्युत आयोजना (२० मे.वा.) को स्वीचयार्डमा जडान गरिएको छ। त्यसपछि साँगु खोला जलविद्युत आयोजना (२० मे.वा.) र साँगु खोला-१ जलविद्युत आयोजना (५.५ मे.वा.) को उत्पादित विद्युत शक्ति विद्युत संयुक्त रुपमा १३२ के.भी. सिङ्गल सर्किट प्रशारण लाईन मार्फत ७ कि.मि. लामो १३२ के. भी. को सिङ्गटी सव स्टेशनको राष्ट्रिय प्रशारण लाईनमा जोडिएको छ।

(६) संगठित संस्थाको साँगु खोला जलविद्युत आयोजना (२० मे.वा.) र साँगु खोला-१ जलविद्युत आयोजना (५.५ मे.वा.) बाट उत्पादन हुने विद्युत खरीद बिक्रीको लागि नेपाल विद्युत प्राधिकरणसँग मिति २०७६/०८/१२ र २०७६/१०/२१ मा दुबै आयोजनाको सम्झौताहरु भएको छ। उक्त सम्झौताहरुको समय अवधि व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) ले ३० वर्ष वा विद्युत उत्पादन अनुमतिपत्र (Gerenartion Licence) को अवधि मध्ये जुन घटी छ सो समयसम्म कायम रहनेछ।

(७) संगठित संस्थाको साँगु खोला जलविद्युत आयोजना (२० मे.वा.) र साँगु खोला-१ जलविद्युत आयोजना (५.५ मे.वा.) को संक्षिप्त प्राविधिक तथा वित्तीय विवरणहरु निम्नानुसार रहेको छ :

| क्र.स.<br>क्र.सं. | विवरण | साँगु खोला जलविद्युत आयोजना | साँगु खोला-१ जलविद्युत आयोजना |
|---|---|---|---|
| १ | परियोजनाको नाम | साँगु खोला जलविद्युत आयोजना | साँगु खोला-१ जलविद्युत आयोजना |
| २ | श्रोत नदी | साँगु खोला र पेगु खोला | साँगु खोला र स्याखुँ खोला |
| ३ | आयोजनाको किसिम | रन अफ रिभर | रन अफ रिभर |
| ४ | आयोजना स्थल | दोलखा जिल्लाको बिगु गाउपालिका (साविकको चिलखां, आलम्पु र खोपाचाँगु गा.वि.स) | दोलखा जिल्लाको बिगु गाउपालिका (साविकको चिलखां र आलम्पु गा.वि.स.) |
| ५ | विद्युत उत्पादन अनुमतिपत्र बहाल रहने मिति र अवधि | २०७६/०८/१२ देखि २१११/०८/११ सम्म | मिति २०७६/१०/२१ देखि २१११/१०/२० सम्म |
| ६ | विद्युत उत्पादन सुरु भएको मिति | २०८२/०६/२५ | २०८२/०४/०८ |
| ७ | जडित क्षमता | २० मेगावाट | ५.५ मेगावाट |
| ८ | आयोजनाको कुल लागत (रु.) | ३,६५१,७८७,२५४/ | १,१५०,४५३,०८९/- |
| ९ | आयोजनाको प्रति मेगावाट लागत (रु.) | १८२,५८९,३६३/- | २०९,१७३,२८९/- |
| १० | आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि | ६.०९ वर्ष | ६.२९ वर्ष |
| ११ | आयोजनाको डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि | ९.०८ वर्ष | ९.५६ वर्ष |
| १२ | विद्युत खरिद बिक्री सम्झौता भएको पछिल्लो मिति | २०७४/०४/१० | २०७४/०४/१० |
| १३ | Debt Equity Ratio | ६५.७९:३४.२१ | |
| १४ | Cost of Capital | निर्माण अवधिमा औषत १२% तथा व्यापारिक उत्पादन पश्चात ९.५% | |

**प्रसारण लाईन (Transmission Line) सम्बन्धी विस्तृत जानकरी :**

| विवरण | साँगु खोला जलविद्युत आयोजना | साँगु खोला-१ जलविद्युत आयोजना |
|---|---|---|
| प्रसारण लाइनको दुरी | करिब ७ कि.मी | करिब ६ कि.मी |
| प्रसारण लाइन जोडिने नेपाल बिद्युत प्राधिकरणको सबस्टेशन | सिङ्गटी सव स्टेशन | सिङ्गटी सव स्टेशन |
| खम्बा (Pole) को संख्या: | २६ | १२० |
| भोल्टेज लेभल | १३२ के.भी | ३३ के.भी |
| ट्रान्सफर्मर | ३ वटा २६ MVA, ५० Hz को | १ वटा ७००० के.भी.ए ५० Hz को |

हिम पर्वत हाइड्रोपावर लिमिटेडलाई कुल लम्बाइ ७ कि.मि. रहने गरी साँगुखोला जलविद्युत आयोजनाको १३२ के. भि. विद्युत प्रसारण लाइन आयोजना निर्माणको लागी वन ऐन, २०७६ को दफा ४२ को उपदफा (१) बमोजिम दोलखा जिल्ला अन्तर्गत रहेको विगु गाउँपालिका, वडा नं ८ र कालिञ्चोक गाउँपालिका, वडा नं २ र ३ मा रहेको रष्ट्रिय वनको कुल जम्मा ३.९८४३ ( तीन दशमलव नौ आठ चार तीन ) हेक्टर जग्गा २४ (चौबिस) वर्ष सम्म प्रयोग गर्न दिने तथा ७६२ ( सातसय बैसट्ठी) गोटा रुख / पोल हटाउन स्वीकृती दिने भनी नेपाल सरकार, मन्त्रिपरिषद्को म.प.वै.सं. १०/०८१ मिति २०८१/०२/१७ को बैठकबाट निर्णय भए बमोजिम नेपाल सरकार वन तथा वातावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग वन संरक्षण शाखाको मिति २०८१/११/०१ निर्णयानुसार वन तथा भू-संरक्षण विभाग, बबरमहल, र हिम पर्वत हाइड्रोपावर लिमिटड बीच मिति २०८१/११/०१ मा भएको सम्झौता भएको छ।

हिम पर्वत हाईड्रोपावर लि. को साँगु खोला जलविद्युत आयोजना (२० मे.वा.) को विभिन्न पूर्वधार संरचना निर्माण गर्न दोलखा जिल्लाको विगु गाँउपालिका वडा नं ५,६,७ र ८ मा रहेको गौरिशंकर संरक्षण क्षेत्र र डिबिजन वन कार्यालय दोलखा अन्तर्गत रहेको कुल जम्मा ५.६२४ ( पाँच दशमलव छ दुई चार हेक्टर जग्गा २५ वर्षसम्म प्रयोग गर्न दिन र सो जग्गामा रहेका जम्मा ५२५ वटा रुखहरु हटाउन स्वीकृति प्रदान गर्ने भनी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०/०५/१२ मा निर्णय भएकोमा उक्त निर्णयको अनुसूचिमा खण्डमा उल्लेख भएको डिबिजन वन कार्यालय, दोलखाको कार्यक्षेत्रमा रहेको ३.५४४ हेक्टर जग्गा प्रयोग गर्ने तथा उक्त क्षेत्रबाट कुल ५०८ वटा रुखविरुवा हटाउने सम्बन्धमा नेपाल सरकार वन तथा वातावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग वन संरक्षण शाखाको मिति २०८०/१२ /२५

को विभागिय निर्णयानुसार वन तथा भू- संरक्षण विभाग, बबरमहल, काठमाण्डौ र श्री हिम पर्वत हाईड्रोपावर लि., काठमाडौं बीच मिति २०८१/०१/०२ मा भएको सम्झौता भएको छ।

नेपाल सरकार, मन्त्रीपरिषद्को निर्णय मिति २०८०/०५/१२ बमोजिम नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र हिमपर्वत हाइड्रोपावर लिमिटेड बिच मिति २०८१/०२/०८ गतेको द्विपक्षीय सम्झौता अनुसार साँगुखोला- १ जलबिधुत आयोजना (५.५ में.वा.) निर्माण तथा संचालनको लागि गौरीशंकर संरक्षण क्षेत्र भित्र परेको परेको सरकारी वन क्षेत्रको २.६५ ( दुई दशमलव छ पाँच) हेक्टर जग्गा २५ (पच्चिस ) वर्षसम्मको लागि प्रयोग गर्न दिने र सो वनक्षेत्रमा रहेका ६७ (सतसट्ठी) गोटा रुख / पोलहरु हटाउन स्वीकृति दिने सम्बन्धमा सम्झौतामा भएको छ।

**प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा भएका मुख्य-मुख्य बुँदाहरुः**

- यो आयोजना तल्लो हिमालय जलवायु क्षेत्रमा पर्दछ। यस आयोजनाको उचाई समुन्द्र सतह देखि १२५५ देखि १६३० मिटर रहेको छ।
- यस आयोजना क्षेत्रमा मुख्य वनको प्रकार उपोष्ण प्रदेशीय क्षेत्रमा रहेको छ। बोट बिरुवामा उच्च विविधता रहेको छ। उत्तिस, चिलाउने, कटुसे, खोटे सल्ला आदी आयोजना क्षेत्रमा पाउने मुख्य रुखका प्रजाति हुन।
- आयोजनाका प्रस्तावित संरचनाहरु नेपाल सरकारको राष्ट्रिय वन क्षेत्र, सामुदायिक वन, बाँझो जमिन र निजि जमिनमा पर्दछन।
- आयोजनाको लागि कुल १५.४०२ हेक्टर जमिन आवश्यक पर्ने देखिन्छ जसमा ४.३२४ हे सरकारी जमिन र ७.७७८ हे. जमिन निजि स्वामित्वको पर्दछ।
- कम्तिमा १०% पानि तल्लो तटिए क्षेत्रमा छोडिएको छ।
- आयोजनाले प्रयोग गरेको जग्गा, बालि नालिमा पुग्न गएको हानि नोक्सानि आदिको कम्पनीले स्थानिय बासिन्दालाई सम्झौता बमोजिम क्षतिपूर्ति उपलब्ध गराइएको छ।

**वातावरणीय प्रभावहरु**

१. सकारात्मक प्रभाव :

- यस आयोजनाबाट आयोजना क्षेत्रमा प्रभाव पर्न सक्ने सकारात्मक प्रभावहरुमा २४५ व्यक्तिहरुलाई रोजगारी, आर्थिक वृद्धि, प्राविधिक सिप तथा दक्षतामा वृद्धि, जलविद्युत निर्माण र आयेजना स्थल वरपर वनस्पति र हरियालीको विकास रहेका छन्। त्यस्तै यस आयोजनाले चालु अवधिमा ४५ व्यक्तिहरुलाई रोजगारी , वार्षिक कुल १२०.८ गिगाववाट आवर जसमा सुख्खायाममा ३२.८२ गिगावाट आवर र वर्षायाममा ८४ गिगावाट आवर उर्जा उत्पादन हुन्छ।
- २. नकारात्मक प्रभाव :
- यस आयोजनाले पार्न सक्ने प्रमुख भौतिक वातावरणीय प्रभावमा भू- उपयोगमा परिवर्तन हुन्।
- त्यस्तै निमार्णको क्रममा तेल, मोबिल, ग्रिज ईन्धन तथा अन्य तरल पदार्थको चुहावट, जमिनको अस्थिरता, भू-क्षय, प्राकृतिक जल प्रवाहमा परिवर्तन आदि।
- जैविक वातावरणमा पर्ने मुख्य असरमा ५२५ वटा रुख काटिनु हो। त्यस्तै अन्य प्रभावमा वन्यजन्तुको बासस्थान तथा आवतजावतमा बाधा, जलचर प्राणिको बासस्थान तथा आवतजावतमा अवरोध हुने हुनसक्छ।
- सामाजिक प्रभावअर्न्तगत खेतियोग्य जमिनको विनास, खोलामा पानीको बहाव घट्नाले स्थानियलाई पार्ने प्रभाव र सार्वजानिक सेवा र संरचनामा दबाब बढ्न सक्ने मुख्य सामाजिक असरहरु हुन्।
- सामाजिक न्यूनीकरणको सारांश सामुदायिक सहयोग कार्यक्रम सहितको लागत रु.२,२१००,०००/- छ।

**साँगु खोला जलविद्युत आयोजना तथा साँगु खोला - १ जलविद्युत आयोजनाको वित्तीय अनुपात सम्बन्धी विवरण :**

**आयोजनाको आन्तरिक प्रतिफल दर (साँगु खोला - १ जलविद्युत आयोजना)** रकम रु. हजारमा

| वर्ष | आम्दानी | संचालन तथा व्यवस्थापन खर्च | रोयल्टी | बैंक शुल्क | ह्रास खर्च | कर अघिको नाफा | कर | कर पछिको नाफा | कर्मचारी बोनस | कर्मचारी बोनस पछिको नाफा | नगद प्रवाह |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ० | | | | | | | | | | | (३५३,१५७) |
| ० | | | | | | | | | | | (३९५,८०१) |
| ० | | | | | | | | | | | (३९३,९८२) |
| ० | | | | | | | | | | | (५,४५९) |
| १ | १५४,९६८ | ८,२६२ | ३,०९९ | ११५ | ३७,६४१ | १०५,८५१ | – | १०५,८५१ | ५५६ | १०५,२९५ | १४२,९३६ |
| २ | १९४,८२८ | ८,५१० | ४,४३२ | १४५ | ३७,२४८ | १४४,४९३ | – | १४४,४९३ | २,८९० | १४१,६०३ | १७८,८५१ |
| ३ | २००,४५५ | ८,७६५ | ४,५४६ | १४९ | ३७,२४८ | १४९,७४७ | – | १४९,७४७ | २,९९५ | १४६,७५२ | १८४,००० |
| ४ | २०६,०८१ | ९,०२८ | ४,६५९ | १५३ | ३७,२४८ | १५४,९९३ | – | १५४,९९३ | ३,१०० | १५१,८९३ | १८९,१४१ |
| ५ | २११,७०८ | ९,२९९ | ४,७७२ | १५८ | ३७,२४८ | १६०,२३२ | – | १६०,२३२ | ३,२०५ | १५७,०२७ | १९४,२७५ |
| ६ | २१७,३३४ | ९,५७८ | ४,८८५ | १६२ | ३७,२४८ | १६५,४६२ | – | १६५,४६२ | ३,३०९ | १६२,१५३ | १९९,४०१ |
| ७ | २२२,९६१ | ९,८६५ | ४,९९८ | १६६ | ३७,२४८ | १७०,६८४ | – | १७०,६८४ | ३,४१४ | १६७,२७० | २०४,५१८ |
| ८ | २२८,५८७ | १०,१६१ | ५,१११ | १७० | ३७,२४८ | १७५,८९७ | – | १७५,८९७ | ३,५१८ | १७२,३७९ | २०९,६२७ |
| ९ | २३२,५६२ | १०,४६६ | ५,२२४ | १७३ | ३७,२४८ | १७९,४५० | – | १७९,४५० | ३,५८९ | १७५,८६१ | २१३,१०९ |
| १० | २३२,५६२ | १०,७८० | ५,२२४ | १७३ | ३७,२४८ | १७९,१३६ | – | १७९,१३६ | ३,५८३ | १७५,५५४ | २१२,८०२ |
| ११ | २३२,५६२ | ११,१०४ | ५,२२४ | १७३ | ३७,२४८ | १७८,८१३ | १७,८८१ | १६०,९३२ | ३,२१९ | १५७,७१३ | १९४,९६१ |
| १२ | २३२,५६२ | ११,४३७ | ५,२२४ | ० | ३७,२४८ | १७८,६५३ | १७,८६५ | १६०,७८८ | ३,२१६ | १५७,५७२ | १९४,८२० |
| १३ | २३२,५६२ | ११,७८० | ५,२२४ | | ३७,२४८ | १७८,३१० | १७,८३१ | १६०,४७९ | ३,२१० | १५७,२६९ | १९४,५१७ |
| १४ | २३२,५६२ | १२,१३३ | ५,२२४ | | ३७,२४८ | १७७,९५६ | १७,७९६ | १६०,१६१ | ३,२०३ | १५६,९५८ | १९४,२०६ |
| १५ | २३२,५६२ | १२,४९७ | ५,२२४ | | ३७,२४८ | १७७,५९२ | १७,७५९ | १५९,८३३ | ३,१९७ | १५६,६३६ | १९३,८८५ |
| १६ | २३२,५६२ | १२,८७२ | २८,८७० | | ३७,२४८ | १५३,५७१ | ३०,७१४ | १२२,८५७ | २,४५७ | १२०,४०० | १५७,६४८ |
| १७ | २३२,५६२ | १३,२५८ | २८,८७० | | ३७,२४८ | १५३,१८५ | ३०,६३७ | १२२,५४८ | २,४५१ | १२०,०९७ | १५७,३४५ |
| १८ | २३२,५६२ | १३,६५६ | २८,८७० | | ३७,२४८ | १५२,७८७ | ३०,५५७ | १२२,२३० | २,४४५ | ११९,७८५ | १५७,०३३ |
| १९ | २३२,५६२ | १४,०६६ | २८,८७० | | ३७,२४८ | १५२,३७८ | ३०,४७६ | १२१,९०२ | २,४३८ | ११९,४६४ | १५६,७१२ |
| २० | २३२,५६२ | १४,४८८ | २८,८७० | | ३७,२४८ | १५१,९५६ | ३०,३९१ | १२१,५६५ | २,४३१ | ११९,१३३ | १५६,३८१ |
| २१ | २३२,५६२ | १४,९२२ | २८,८७० | | ३७,२४८ | १५१,५२१ | ३०,३०४ | १२१,२१७ | २,४२४ | ११८,७९३ | १५६,०४१ |
| २२ | २३२,५६२ | १५,३७० | २८,८७० | | ३७,२४८ | १५१,०७३ | ३०,२१५ | १२०,८५९ | २,४१७ | ११८,४४२ | १५५,६९० |
| २३ | २३२,५६२ | १५,८३१ | २८,८७० | | ३७,२४८ | १५०,६१२ | ३०,१२२ | १२०,४९० | २,४१० | ११८,०८० | १५५,३२८ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २४ | २३२,५६२ | १६,३०६ | २८,८७० | | ३७,२४८ | १५०,१३७ | ३०,०२७ | १२०,११० | २,४०२ | ११७,७०८ | १५४,९५६ |
| २५ | २३२,५६२ | १६,७९५ | २८,८७० | | ३७,२४८ | १४९,६४८ | २९,९३० | ११९,७१९ | २,३९४ | ११७,३२४ | १५४,५७२ |
| २६ | २३२,५६२ | १७,२९९ | २८,८७० | | ३७,२४८ | १४९,१४४ | २९,८२९ | ११९,३१६ | २,३८६ | ११६,९२९ | १५४,१७७ |
| २७ | २३२,५६२ | १७,८१८ | २८,८७० | | ३७,२४८ | १४८,६२५ | २९,७२५ | ११८,९०० | २,३७८ | ११६,५२२ | १५३,७७० |
| २८ | २३२,५६२ | १८,३५२ | २८,८७० | | ३७,२४८ | १४८,०९१ | २९,६१८ | ११८,४७३ | २,३६९ | ११६,१०३ | १५३,३५१ |
| २९ | २३२,५६२ | १८,९०३ | २८,८७० | | ३७,२४८ | १४७,५४० | २९,५०८ | ११८,०३२ | २,३६१ | ११५,६७२ | १५२,९२० |
| ३० | १६४,२६७ | १९,४७० | २८,८७० | | ३७,२४८ | ७८,६७९ | १५,७३६ | ६२,९४३ | १,२५९ | ६१,६८४ | ९८,९३२ |

| | |
|---|---|
| कुल वर्तमान मूल्य (Net Present Value) हजारमा | २८९,१७० |
| आन्तरिक प्रतिफल दर Internal Rate of Return (IRR) | १२.२६% |
| साधारण लगानी फिर्ता हुने अवधि (Payback Period) वर्षमा | ६.२९ |
| डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Discounted Payback period) वर्षमा | ९.५६ |

**आयोजनाको आन्तरिक प्रतिफल दर साँगु खोला जलविद्युत आयोजना**

रकम रु. हजारमा

| वर्ष | आम्दानी | संचालन तथा व्यवस्थापन खर्च | रोयल्टी | बैंक शुल्क | ह्रास खर्च | कर अघिको नाफा | कर | कर पछिको नाफा | कर्मचारी बोनस | कर्मचारी बोनस पछिको नाफा | नगद प्रवाह |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ० | | | | | | | | | | | (६०७,२७२) |
| ० | | | | | | | | | | | (१,५३२,६७६) |
| ० | | | | | | | | | | | (७७३,४३१) |
| ० | | | | | | | | | | | (८७८,६२०) |
| १ | ३७५,०७५ | ३३,८०८ | १५,७६५ | २९ | ९३,४५९ | २३२,०१४ | – | २३२,०१४ | २,०२१ | २२९,९९४ | ३२३,४५२ |
| २ | ७०४,८५० | ३४,८२२ | १६,१७८ | १४५ | १२२,१५८ | ५३१,५४६ | – | ५३१,५४६ | १०,६३१ | ५२०,९१५ | ६४३,०७३ |
| ३ | ७२५,४९८ | ३५,८६७ | १६,५९१ | १४५ | १२२,१५८ | ५५०,७३७ | – | ५५०,७३७ | ११,०१५ | ५३९,७२२ | ६६१,८८० |
| ४ | ७४६,१४६ | ३६,९४३ | १७,००४ | १४५ | १२२,१५८ | ५६९,८९६ | – | ५६९,८९६ | ११,३९८ | ५५८,४९८ | ६८०,६५६ |
| ५ | ७६६,७९४ | ३८,०५१ | १७,४१७ | १४५ | १२२,१५८ | ५८९,०२३ | – | ५८९,०२३ | ११,७८० | ५७७,२४३ | ६९९,४०० |
| ६ | ७८७,४४३ | ३९,१९३ | १७,८३० | १४५ | १२२,१५८ | ६०८,११७ | – | ६०८,११७ | १२,१६२ | ५९५,९५५ | ७१८,११२ |
| ७ | ८०८,०९१ | ४०,३६९ | १८,२४३ | १४५ | १२२,१५८ | ६२७,१७६ | – | ६२७,१७६ | १२,५४४ | ६१४,६३३ | ७३६,७९० |
| ८ | ८२८,७३९ | ४१,५८० | १८,६५६ | १४५ | १२२,१५८ | ६४६,२०१ | – | ६४६,२०१ | १२,९२४ | ६३३,२७७ | ७५५,४३४ |
| ९ | ८४९,३८७ | ४२,८२७ | १९,०६९ | १४५ | १२२,१५८ | ६६५,१८८ | – | ६६५,१८८ | १३,३०४ | ६५१,८८५ | ७७४,०४२ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | ८५३,४६० | ४४,११२ | १९,०६९ | १४५ | १२२,१५८ | ६६७,९७७ | – | ६६७,९७७ | १३,३६० | ६५४,६१७ | ७७६,७७५ |
| ११ | ८५३,४६० | ४५,४३५ | १९,०६९ | १४५ | १२२,१५८ | ६६६,६५३ | ६६,६६५ | ५९९,९८८ | १२,००० | ५८७,९८८ | ७१०,१४६ |
| १२ | ८५३,४६० | ४६,७९८ | १९,०६९ | ० | १२२,१५८ | ६६५,४३५ | ६६,५४४ | ५९८,८९२ | ११,९७८ | ५८६,९१४ | ७०९,०७१ |
| १३ | ८५३,४६० | ४८,२०२ | १९,०६९ | | १२२,१५८ | ६६४,०३१ | ६६,४०३ | ५९७,६२८ | ११,९५३ | ५८५,६७५ | ७०७,८३३ |
| १४ | ८५३,४६० | ४९,६४८ | १९,०६९ | | १२२,१५८ | ६६२,५८५ | ६६,२५९ | ५९६,३२७ | ११,९२७ | ५८४,४०० | ७०६,५५८ |
| १५ | ८५३,४६० | ५१,१३८ | १९,०६९ | | १२२,१५८ | ६६१,०९६ | ६६,११० | ५९४,९८६ | ११,९०० | ५८३,०८६ | ७०५,२४४ |
| १६ | ८५३,४६० | ५२,६७२ | १०५,३४६ | | १२२,१५८ | ५७३,२८५ | ११४,६५७ | ४५८,६२८ | ९,१७३ | ४४९,४५५ | ५७१,६१३ |
| १७ | ८५३,४६० | ५४,२५२ | १०५,३४६ | | १२२,१५८ | ५७१,७०५ | ११४,३४१ | ४५७,३६४ | ९,१४७ | ४४८,२१६ | ५७०,३७४ |
| १८ | ८५३,४६० | ५५,८८० | १०५,३४६ | | १२२,१५८ | ५७०,०७७ | ११४,०१५ | ४५६,०६२ | ९,१२१ | ४४६,९४० | ५६९,०९८ |
| १९ | ८५३,४६० | ५७,५५६ | १०५,३४६ | | १२२,१५८ | ५६८,४०१ | ११३,६८० | ४५४,७२० | ९,०९४ | ४४५,६२६ | ५६७,७८४ |
| २० | ८५३,४६० | ५९,२८३ | १०५,३४६ | | १२२,१५८ | ५६६,६७४ | ११३,३३५ | ४५३,३३९ | ९,०६७ | ४४४,२७२ | ५६६,४३० |
| २१ | ८५३,४६० | ६१,०६१ | १०५,३४६ | | १२२,१५८ | ५६४,८९५ | ११२,९७९ | ४५१,९१६ | ९,०३८ | ४४२,८७८ | ५६५,०३६ |
| २२ | ८५३,४६० | ६२,८९३ | १०५,३४६ | | १२२,१५८ | ५६३,०६४ | ११२,६१३ | ४५०,४५१ | ९,००९ | ४४१,४४२ | ५६३,५९९ |
| २३ | ८५३,४६० | ६४,७८० | १०५,३४६ | | १२२,१५८ | ५६१,१७७ | ११२,२३५ | ४४८,९४१ | ८,९७९ | ४३९,९६३ | ५६२,१२० |
| २४ | ८५३,४६० | ६६,७२३ | १०५,३४६ | | १२२,१५८ | ५५९,२३३ | १११,८४७ | ४४७,३८७ | ८,९४८ | ४३८,४३९ | ५६०,५९७ |
| २५ | ८५३,४६० | ६८,७२५ | १०५,३४६ | | १२२,१५८ | ५५७,२३२ | १११,४४६ | ४४५,७८५ | ८,९१६ | ४३६,८७० | ५५९,०२७ |
| २६ | ८५३,४६० | ७०,७८७ | १०५,३४६ | | १२२,१५८ | ५५५,१७० | १११,०३४ | ४४४,१३६ | ८,८८३ | ४३५,२५३ | ५५७,४११ |
| २७ | ८५३,४६० | ७२,९१० | १०५,३४६ | | १२२,१५८ | ५५३,०४६ | ११०,६०९ | ४४२,४३७ | ८,८४९ | ४३३,५८८ | ५५५,७४६ |
| २८ | ८५३,४६० | ७५,०९७ | १०५,३४६ | | १२२,१५८ | ५५०,८५९ | ११०,१७२ | ४४०,६८७ | ८,८१४ | ४३१,८७३ | ५५४,०३१ |
| २९ | ८५३,४६० | ७७,३५० | १०५,३४६ | | १२२,१५८ | ५४८,६०६ | १०९,७२१ | ४३८,८८५ | ८,७७८ | ४३०,१०७ | ५५२,२६५ |
| ३० | ८५३,४६० | ७९,६७१ | १०५,३४६ | | १२२,१५८ | ५४६,२८६ | १०९,२५७ | ४३७,०२८ | ८,७४१ | ४२८,२८८ | ५५०,४४५ |
| | | | | | | | | | | | |

| | |
|---|---|
| आन्तरिक प्रतिफल दर Internal Rate of Return (IRR) | १३.५२% |
| कुल वर्तमान मूल्य (Net Present Value) हजारमा | १,३५६,२६८ |
| साधारण लगानी फिर्ता हुने अवधि (Payback Period) वर्षमा | ६.०९ |
| डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Discounted Payback period) वर्षमा | ९.०८ |

*NPV, IRR तथा लगानी फिर्ता हुने अवधि गणना गर्दा Cash Flow Basis विधि अनुरुप गणना गरिएको छ।

**साँगु खोला- १ जलविद्युत आयोजना** PPA बमोजिमको Enegy Table, खरिद बिक्री दर

| समय | ऊर्जा परिमाण (सम्झौता अनुरुप) (KWH) | ऊर्जा परिमाण (विद्युत उत्पादन) (KWH) | करार इनर्जी र उत्पादित इनर्जीको फरक | करार इनर्जी र उत्पादित इनर्जीको फरक % | बिक्री दर (रु.) | बिक्री रकम (रु.) | प्राप्त रकम (रु.) | कारण |
|---|---|---|---|---|---|---|---|---|
| **२०८२ साल** | | | | | | | | |
| साउन | २,९७९,५०४ | ३,०८४,६६० | १०५,१५६ | ४% | ४.८० | १४,३०१,६१९ | १०,१०३,४३५ | |
| भाद्र | ३,८४८,५२६ | ३,०६०,००० | (७८८,५२६) | -२०% | ४.८० | १४,६८८,००० | १४,१५७,४०० | मर्मत सम्भार |
| आश्विन | ३,८४८,५२६ | ३,८४५,६६१ | (२,८६५) | ०% | ४.८० | १८,३७४,०२३ | १८,००१,६७४ | |
| कात्तिक | ३,७२४,३८० | ३,७८६,७०१ | ६२,३२१ | २% | ४.८० | १७,९८१,७१२ | १७,६२१,५४९ | |
| मंसिर | १,२१९,८७६ | १,२९३,५८० | ७३,७०४ | ६% | ४.८० | ६,०३२,२९५ | ५,९११,२२५ | |
| मंसिर | १,१३८,५५१ | ९५१,२५५ | (१८७,२९६) | -१६% | ८.४० | ७,९९०,५४० | ७,८२५,६४२ | मर्मत सम्भार |
| पौष | १,६९२,२३२ | १,५०६,६६६ | (१८५,५६६) | -११% | ८.४० | १२,६५५,९९७ | १२,३८६,८२१ | |
| माघ | १,२३९,३६४ | १,०१०,६०१ | (२२८,७६३) | -१८% | ८.४० | ८,४८९,०५० | ८,३०६,८७१ | |
| फाल्गुन | १,१५५,७६५ | ८३९,२०४ | (३१६,५६१) | -२७% | ८.४० | ७,०४९,३१५ | ६,९०३,२०५ | |
| चैत्र | १,१२२,००२ | १,०४३,७३५ | (७८,२६६) | -७% | ८.४० | ८,२८४,६४८ | ८,११८,२१५ | |
| **२०८३ साल** | | | | | | | | |
| बैशाख | १,५६७,४९९ | १,५९६,५५९ | (७८,२६६) | -७% | ८.४० | ८,२८४,६४८ | १२,९२०,७६४ | |
| जेष्ठ | १,६८९,३६१ | ७८६,१८५ | २९,०५९ | २% | ८.४० | १३,१८५,८९६ | ६,४७१,५५८ | |
| जेष्ठ | १,८०१,९८५ | १,१९५,९२७ | (९०३,१७६) | -५३% | ८.४० | ६,६०३,९५५ | ५,६२५,५३४ | मनसुन बर्षा ढिलो सुरु भएको कारण |
| असार | ३,९७२,६७२ | २,८३१,४३८ | (६०६,०५८) | -३४% | ४.८० | ५,७४०,४४९ | १३,०११,६५१ | |

**साँगु खोला जलविद्युत आयोजना** PPA बमोजिमको Enegy Table, खरिद बिक्री दर

| समय | ऊर्जा परिमाण (सम्झौता अनुरुप) **(KWH)** | ऊर्जा परिमाण (विद्युत उत्पादन) **(KWH)** | करार इनर्जी र उत्पादित इनर्जीको फरक | करार इनर्जी र उत्पादित इनर्जीको फरक % | बिक्री दर (रु.) | बिक्री रकम (रु.) | प्राप्त रकम (रु.) | कारण |
|---|---|---|---|---|---|---|---|---|
| **२०८२ साल** | | | | | | | | |
| आश्विन | १४,१४१,९५२ | २,६५४,४०७ | (११,४८७,५४५) | -८१% | ४.८० | १२,७४६,८२५ | ६,११०,४११ | व्यापारिक उत्पादन २५ बाटमात्र शुरु भएको |
| कात्तिक | १३,६८५,७६० | ११,३२९,३९८ | (२,३५६,३६२) | -१७% | ४.८० | ५४,३८१,७९५ | ३९,९३३,२३१ | मर्मत सम्भार |
| मंसिर | ४,४६७,३५३ | ५,४०२,०२० | ९३४,६६७ | २१% | ४.८० | २२,००२,८९५ | २१,५६१,९९१ | ठिलो सम्म पानि परेकोले |
| मंसिर | ४,१६९,५२९ | ४,०२२,००५ | (१४७,५२४) | -४% | ८.४० | ३३,७८४,८४४ | ३३,१०९,१४७ | |
| पौष | ६,१९७,८१७ | ६,३९४,७७४ | १९६,९५७ | ३% | ८.४० | ५२,३७९,८५१ | ५१,३३१,६१९ | |
| माघ | ४,५२८,३२६ | ४,६८०,०५९ | १५१,७३३ | ३% | ८.४० | ३८,६७५,२१५ | ३७,९००,५४७ | |
| फाल्गुन | ४,२२२,३७१ | ४,०६०,७३६ | (१६१,६३५) | -४% | ८.४० | ३४,११०,१८१ | ३३,४२७,१३१ | |
| चैत्र | ४,०६८,१७० | ४,६१३,१८५ | ५४५,०१५ | १३% | ८.४० | ३५,०१८,६३४ | ३४,३१७,४१५ | हिउको पानिको कारण |
| **२०८३ साल** | | | | | | | | |
| बैशाख | ५,७२५,५८४ | ५,८४४,८७१ | ११९,२८७ | २% | ८.४० | ४८,३४०,२५३ | ४७,३७२,४६५.७४ | |
| जेष्ठ | ६,२५४,८१२ | २,७१४,२९५ | (३,५४०,५१७) | -५७% | ८.४० | २२,८००,०७७ | २२,३४३,८६३.८५ | मनसुन बर्षा ढिलो सुरु भएको कारण |
| जेष्ठ | ६,६७१,८०० | ३,९९४,९५३ | (२,६७६,८४७) | -४०% | ४.८० | १९,१७५,७७५ | १८,७९२,२५९.४८ | |
| असार | १४,५९८,१४४ | १०,६२९,०३२ | (३,९६९,११२) | -२७% | ४.८० | ५१,०१९,३५४ | ४९,३६०,६६१.२१ | |

८) आयोजनाको विद्युत खरिद सम्झौताका वखत र वित्तीय व्यवस्थापनको क्रममा आयोजनाको प्रक्षेपित लागत र व्यवसायिक उत्पादन भए पश्चातको वास्तविक लागतमा परेको फरकको विवरण:

**साँगु खोला - १ जलविद्युत आयोजना**

रकम रु हजारमा

| क्र. सं. | विवरण | प्रक्षेपित लागत | वास्तविक लागत | वृद्धि/(न्युन) | वृद्धि/(न्युन) प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रि अपरेटिङ्ग खर्च | ३३,५०० | ३३,५०० | – | ०% | |
| २ | सिभिल कार्य निर्माण लागत | ३९१,६२५ | ४२१,००० | २९,३७५.३२ | ८% | भौतिक आकस्मिकता तथा ईन्फ्राइस्टक्चर निर्माणको लागतलाई सिभिल कार्य निर्माण लागत अर्न्तगत राखिएकोले |
| ३ | धातुगत कार्य लागत | १५९,४४६ | १९६,३३३ | ३६,८८६.६४ | २३% | फलामको मूल्यमा बृद्धि तथा पाइपको संख्यामा बद्धि भएकोले |
| ४ | प्लान्ट तथा मेसिनरी लागत | १४९,९३६ | २१८,७१८ | ६८,७८१.८५ | ४६% | डलरको मूल्यमा बृद्धि भएकोले |
| ५ | ट्रान्समिसन लाइन र स्विचयार्ड | ४२,४९७ | ३५,०१४ | (७,४८२.५१) | -१८% | पोलको संख्यामा घटी तथा डिजाइनमा परिवर्तन भएको कारणले |
| ६ | जग्गा खरीद तथा निर्माण | ४०,००० | ४०,००० | – | ०% | |
| ७ | साइट अफिस बिल्डिङ्ग | ५,६५० | २,८७२ | (२,७७८.२५) | -४९% | साँगु खोला- १ तथा साँगु खोला जलविद्युत आयोजनाको लागि एउटै साइट अफिस बिल्डिङ्ग भएकोले |
| ८ | कार्यालय उपकरण लागत | ३,३९० | २,५९७ | (७९३.००) | -२३% | साँगु खोला- १ तथा साँगु खोला जलविद्युत आयोजनाको लागि एउटै कार्यालय उपकरण लागत प्रयोग भएकोले |
| ९ | सवारी साधान लागत | ५,६०० | ७,७२९ | २,१२९.०० | ३८% | आयोजनाको लागि प्रक्षेपण गरिए भन्दा बढी आवश्यता अनुसार सवारी खरिद गरिएको |
| १० | ईन्फ्राइस्टक्चर निर्माण लागत | २२,६०० | ४,७४२ | (१७,८५७.७६) | -७९% | यस शिर्षक अन्तर्गत रहेको केही खर्च सिभिल कार्य निर्माण लागत अर्न्तगत राखिएकोले |
| ११ | वातावरणीय क्षति न्यूनीकरण र सामाजिक योगदान | १०,००० | १०,०४२ | ४२.०० | ०% | |
| १२ | पर्यवेक्षण/ व्यवस्थापन र इन्जिनियरिङ | ५५,८२२ | ५५,०५६ | (७६६.००) | -१% | |
| १३ | अन्य तथा इन्सुरेन्स लागत | ५,४२५ | ४,४८३ | (९४१.९४) | -१७% | इन्सुरेन्स लागतको केही लागतलाई सिभिल कार्य निर्माण लागत अर्न्तगत राखिएकोले |
| १४ | भौतिक आकस्मिकता | २४,८४७ | – | (२४,८४७.२३) | -१००% | भौतिक आकस्मिकता सिभिल कार्य निर्माण लागत अर्न्तगत राखिएकोले |
| १५ | निर्माण अवधिको ब्याज र शुल्क | ९९,६६२ | ११६,३१३ | १६,६५०.४४ | १७% | व्यापारिक उत्पादन मिति प्रक्षपण गरिए भन्दा ३ महिना पश्चात भएकोले |
| **कुल** | | **१,०५०,०००** | **१,१४८,४००** | **९८,३९७.६५** | | |

**साँगु खोला जलविद्युत आयोजना**

**रकम रु हजारमा**

| क्र.सं. | विवरण | प्रक्षेपित लागत | वास्तविक लागत | वृद्धि/(न्युन) | वृद्धि/(न्युन) प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रि अपरेटिङ्ग खर्च | ६५,७००.०० | ६५,७०० | - | ०% | |
| २ | सिभिल कार्य निर्माण लागत | १,०८०,०३७.७३ | १,०९७,०९१ | १७,०५३.२७ | २% | भौतिक आकस्मिकता लागतलाई सिभिल कार्य निर्माण लागत अर्न्तगत राखिएकोले |
| ३ | धातुगत कार्य लागत | ७३१,३०४.६६ | ८९३,९०६ | १६२,६०१.३४ | २२% | फलामको मूल्यमा बृद्धि तथा पाइपको संख्यामा बद्धि भएकोले |
| ४ | प्लान्ट तथा मेसिनरी लागत | ५८२,८३६.६० | ६११,७४३ | २८,९०६.४० | ५% | डलरको मूल्यमा बृद्धि भएकोले |
| ५ | ट्रान्समिसन लाइन र स्विचयार्ड | १७३,५१०.०० | २५६,५८२ | ८३,०७२.०० | ४८% | ट्रान्समिसन लाइनको लागि आवश्यक सामाग्रीहरुको मूल्यमा बद्धि तथा ट्रान्समिसन लाइनमा आवश्यक पर्ने जग्गाहरु थप भएकोले |
| ६ | जग्गा खरीद तथा निर्माण | १२५,९७१.०० | १२५,९७१ | - | ०% | |
| ७ | साइट अफिस बिल्डिङ्ग | १८,०००.०० | ३७,९७४ | १९,९७४.०० | १११% | साँगु खोला- १ तथा साँगु खोला जलविद्युत आयोजनाको लागि एउटै साइट अफिस बिल्डिङ्ग भएकोले साँगु खोला- १ को लागत घटेको तथा साँगु खोला जलविद्युत आयोजनाको बढेको |
| ८ | कार्यालय उपकरण लागत | ९,०००.०० | ३,८३३ | (५,१६७.००) | -५७% | साँगु खोला- १ तथा साँगु खोला जलविद्युत आयोजनाको लागि एउटै कार्यालय उपकरण लागत प्रयोग भएकोले |
| ९ | सवारी साधान लागत | २६,५००.०० | ३३,९२९ | ७,४२९.०० | २८% | आयोजनाको लागि प्रक्षेपण गरिए भन्दा बढी आवश्यता अनुसार सवारी खरिद गरिएको |
| १० | ईन्फ्राइस्टक्चर निर्माण लागत | ९०,३२३.०० | ९८,३४० | ८,०१६.७४ | ९% | आयोजनाको हेडवर्कस् एरियामा एक्सपान्सन ब्रिज थप गरिएकोले |
| ११ | वातावरणीय क्षति न्यूनीकरण र सामाजिक योगदान | १८,५००.०० | २५,९८० | ७,४८०.०० | ४०% | आयोजना प्रभावित क्षेत्रमा बाटो, विद्यालय, मठ मन्दिर, खानेपानी तथा स्थानीय संघसंस्थाहरुमा प्रक्षपित लागत भन्दा बढी खर्च भएको |
| १२ | पर्यवेक्षण/ व्यवस्थापन र इन्जिनियरिङ | १४६,६७०.०० | १४६,६७० | - | ०% | |
| १३ | अन्य तथा इन्सुरेन्स लागत | १०,०००.०० | ४८,०९० | ३८,०९०.०० | ३८१% | इन्सुरेन्स लागतमा तेस्रो पक्ष बिमा थप गरिएको साथै प्रक्षपण गरिएको दर भन्दा अहिलेको प्रिमियम दरमा बृद्धि भएकोले |
| १४ | भौतिक आकस्मिकता | १२८,३२७.९५ | - | (१२८,३२७.९५) | -१००% | भौतिक आकस्मिकता सिभिल कार्य निर्माण लागत अर्न्तगत राखिएकोले |
| १५ | निर्माण अवधिको ब्याज र शुल्क | ३९३,३१९.०९ | ३४६,१९२ | (४७,१२७.३१) | -१२% | प्रक्षपण गरिएको भन्दा वास्तविक ब्याजदरमा कमी भएकोले |
| **कुल** | | **३,६००,०००** | **३,७९२,०००** | | | |

**आयोजना सम्बन्धी विस्तृत विवरण :**

**सागुँ खोला जलविद्युत आयोजना (२० मे.वा.)**

सागुँ खोला जलविद्युत आयोजनाको सम्पुर्ण संरचनाहरु दोलखा जिल्लाको बिगु गाँउपालिका वडा नं. ५, ६, ७ र ८ (साविकको चिलखां, आलम्पु र खोपाचाँगु गा.वि.स) र कालिन्चोक गाँउपालिका वडा नं. २, ३ र ४ मा पर्दछ।

**(क) बाँध र इन्टेक (Weir and Intake) :**

सागुँ खोला जलविद्युत आयोजनाको सम्पुर्ण संरचनाहरु दोलखा जिल्लाको बिगु गाँउपालिका वडा नं. ५, र ६ (साविकको चिलखां, आलम्पु र खोपाचाँगु गा.वि.स) मा पर्दछ। आयोजनालाई आवश्यक रहेको पानी लिनको लागि यस आयोजनाले सागुँ खोला १ जलविद्युत आयोजनाको विद्युत गृहबाट निस्किने पानी तथा पेगुँ खोलाको पानी प्रयोग गरिएको छ। सागुँ खोला १ जलविद्युत आयोजनाको विद्युत गृहको टेलरेसबाट निस्किएको पानीलाई १.५ मी. व्यासको १२६ मी. लामो क्यासकेड पाइप मार्फत बालुवा थिग्राउने पोखरीको अगाडी रहेको Headpond मा पुर्याइएको छ।

पेगु खोलाको पानीलाई १२ मी. लम्बाई, ३ मी. उचाई तथा weir crest १ मा चौडाई भएको Simple Concrete gravity weir निर्माण गरी २ वटा १.५ मी. लम्बाई र ०.९ मी. चौडाईको side intake orifice बाट जम्मा गरिएको छ। उक्त weir को crest elevation १६३० मी. रहेको छ।

**ख) बालुवा थिग्राउने पोखरी (Settling Basin) :**

पेगु खोलाबाट लिइएको पानीलाई ७ मी लामो र ४.६ मी चौडा Gravel Trap बाट प्रवाह गरी १.५ मी चौडा तथा १.२५ मी उचाइ भएको Approach canal मार्फत ५१ मी लामो २ वटा च्याम्बर रहेको ४ मी प्रति च्याम्बर चौडाइ तथा २ मी.गहिराईको बालुवा थिगार्ने पोखरी पुर्याइएको छ। यस बालुवा थिगार्ने पोखरीबाट निस्किने पानी र साँगु खोला १ जलविद्युत आयोजनाको विद्युत गृहको टेलरेसबाट निस्किएको पानी Headpond मा मिसाई हेडरेस पाइप तर्फ लगिएको छ।

**ग) हेडरेस पाइप (Headrace Pipe), हेडरेस टनेल (Headrace Tunnel) र सर्ज साफ्ट (Surge Shaft) :**

तत् पश्चात Headpond बाट पानीलाई १५७ मी लामो १.८ मी ब्यास भएको Headrace Pipe Conduit मार्फत Inverted D आकारको ४२७५ मी लामो ३ मी चौडा र ३ मी उचाइको Headrace Tunnel मा प्रवाह गरिएको छ। उक्त Headrace Tunnel मार्फत प्रवाह भएको पानीलाई ४ मी व्यास तथा ३१.६ मी उचाइको सर्ज साफ्टमा लगिएको छ। सुरुङ्गको कामको सहजता तथा भविष्यमा आउने सम्भावित मर्मतका लागि एउटा सहायक सुरुङ्ग पनि निर्माण गरिएकने छ। जसको लम्बाई ४५० मी, चौडाई ३ मी तथा उचाई ३ मी को रहेको छ।

**घ) पेनस्टक पाइप (Penstock Pipe) र विद्युतगृह (Powerhouse) :**

सर्ज साफ्टबाट पानीलाई १४६९.३६ मी. लम्बाई र १.७ मी. व्यास भएको Penstock स्टील पाइपद्धारा ३८.५ मि.लम्बाई १०.५ मि.चौडाइ र १४ मी. उचाइको सतही विद्युत गृहमा पुर्याइएको छ। विद्युत गृहमा जडित ३ वटा ६.९७५ मे.वा क्षमताको होरिजेन्टल एक्सिस (Horizontal Axis) भएको पेल्टन टर्वाइनहरुमा पानी खसाली सो टवाइन संग जोडिएका ३ वटा ३ फेज ए.सी सिनक्रोनस जेनेरेटर मार्फत २० मे.वा विद्युत उत्पादन गरिएको छ।

विद्युत उत्पादन पछि ७० मी. लम्बाई १.५ मी. चौडाइ र १.५ मी. गहिराई भएको Tailrace canal मार्फत पुन साँगु खोलामा पानी छोडिएको छ। टेलरेसमा जल सतह (Tailrace water Level) १२५२ मी. रहेको छ।

**च) प्रसारण लाईन (Transmission Line):**

उत्पादित विद्युतलाई विद्युत गृहको १३२ के.भी.को स्वीचयार्डमा जडान हुने १ वटा २६ MVA, ५० Hz को ट्रान्सफर्मरबाट करिब ७ कि.मी लामो १३२ के.भी प्रसारण लाइन मार्फत १३२ के.भी को सिङ्गटी सव स्टेशनको राष्ट्रिय प्रशारण लाइनमा जोडिएको छ।

**सागुँ खोला-१ जलविद्युत आयोजना (५.५ मे.वा.)**

आयोजनाका मुख्य संरचनाहरु सागुँ खोला र स्याखुँ खोलाको दाँया किनारमा पर्दछन्। यस आयोजनाको मुख्य बाध सागुँ खोलामा विगु गाउँपालिका वडा नं ५ र ६ (साविकको चिलखां, आलम्पु गा.वि.स) मा पर्दछ। त्यस्तै स्याखुँ खोलाको दाँया किनारमा विगु गाउँपालिका वडा नं ५ (साविकको चिलखां गा.वि.स.) मा पर्दछ। यस आयोजनाको सम्पुर्ण मुख्य संरचनाहरु जस्तै Weir and Intake, Gravel trap, Settling Basin, Headrace pipe, Surge tank, penstock pipe, Power house, Tailrace बिगु गाँउपालिकामा पर्दछ। मिति २०८२/०४/०८ गतेदेखि विद्युत उत्पादन सुरु भैसकेको छ।

**क) बाँध र इन्टेक (Weir and Intake) :**

आयोजनालाई चाहिने पानी लिनको लागि सागुँ खोलामा १५ मी. लम्बाई, ३ मी.उचाई र Crest Elevation समुन्द्री सतहबाट करबि १७७९.५ मी. हुने गरी बाँध निर्माण गरिएको छ। उक्त बाधँमा २.६ मी चौडाई र १.२ मी उचाईको २ वटा side intake Orifice निर्माण गरिएको छ । त्यस्तै स्याखुँ खोलाको पानीलाई १२ मी लम्वाई, ३ मी उचाई तथा १ मी चौडाईको

Simple Conorate gravity weir निर्माण गरी २६० मी  लम्बाई तथा ०.६ मी व्यास भएको Steel Pipe मार्फत सागुँ खोलामा बाँधिएको Weir को केही माथि पट्टी खसालिएको छ।

**ख) बालुवा थिग्राउने पोखरी (Settling Basin) :**

Intake मा जम्मा भएको पानीलाई ६ मी लामो र ५.८ मी चौडा Gravel Trap बाट प्रवाह गरी ३४.१५ मी लामो १.८ मी चौडा तथा १.६ मी उचाई भएको Approach canal मार्फत २ वटा च्याम्बर भएको ७७.६८ मी लामो ६ मी चौडाइ बालुवा थिगार्ने पोखरी (Settling Basin) मा खसालिएको छ।

**ग) हेडरेस पाइप (Headrace pipe) र सर्ज ट्याङ्क (Surge Tank) :**

तत् पश्चात पानीलाई १८८६ मी लम्बाइको  १४००-१६०० मी.मी.व्यासको ६ मी.मी.मोटो स्टिल पाइप मार्फत विगु गाउँपालिका वडा नं. ६ मा रहने ७ मी व्यास तथा ०.५ मी.मोटाइको सर्ज ट्याङ्क (surge tank) सम्म लगिएको छ।

**घ) पेनस्टक पाइप (Penstock Pipe) र विद्युतगृह (Powerhouse) :**

सर्ज ट्याङ्क (Surge Tank) हुँदै ३७० मी. लम्बाई र १.० मी देखी १.५ व्यास भएको Penstock स्टील पाइपद्धारा आयोजनाको विद्युत गृहमा पुर्‍याइएको छ। पेनस्टक स्टिल फलामे पाताको मोटाई १० मी.मी.देखी १२ मी.मी.सम्म रहेको छ। Penstock पाइपद्धारा पानी ३२.६ मि.लम्बाई १०.५ मि.चौडाई र ९.४ मी. उचाइको सतही विद्युत गृहमा पुर्‍याइएको छ। विद्युत गृहमा जडित २ वटा २.८७ मे.वा क्षमताको होरिजेन्टल फ्रान्सीस (Horizontal Francis) भएको पेल्टन टर्वाइनहरुमा पानी खसाली सो टर्वाइन संग जोडिएका २ वटा ३ फेज ए.सी सिनक्रोनस जेनेरेटर मार्फत ५.५ मे.वा विद्युत उत्पादन गरिरहेको छ।

**ङ) टेलरेस नहर (Tailrace Canal) :**

विद्युत उत्पादन पछि ३१ मी. लामो, १.५ मी. चौडाइ र १.५ मी. उचाइको Tailrace canal द्धारा  साँगु खोला जलविद्युत आयोजना (२० मे.वा.) Cascade pipe मा छाडिएको छ। टेलेरसमा जल सतह (Tailrace water Level) समुन्द्री सतहबाट कम्तिमा १६२८ मी. रहेको छ।

**च) प्रसारण लाईन (Transmission Line) :**

उत्पादित विद्युतलाई विद्युत गृहको स्वीचयार्डमा जडान हुने १ वटा ७००० के.भी.ए ५० Hz को ट्रान्सफर्मरबाट करिब ६ कि.मी लामो ३३ के.भी प्रशारण लाइन मार्फत साँगु खोला जलविद्युत आयोजना (२० मे.वा) को स्वीचर्याडमा जडान गरिएको छ। त्यसपछि साँगु खोला जलविद्युत आयोजना (२० मे.वा) र साँगु खोला १ जलविद्युत आयोजना (५.५ मे.वा) को उत्पादित विद्युतलाई संयुक्त रुपमा १३२ के.भी सिङ्गटी सर्किट प्रशारण लाइन मार्फत प्रस्तावित १३२/३३ के.भी को सिङ्गटी सव स्टेशनको राष्ट्रिय प्रशारण लाइनमा जोडिएको छ।

**सागुँ खोला र सागुँ खोला -१ जलविद्युत आयोजनाहरुबाट उत्पादत हुने विद्युत खरीद बिक्रीको लागि संगठित संस्था र नेपाल विद्युत प्राधिकरणका बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्यबुँदाहरू निम्न बमोजिम रहेका छन् :**

(१) नेपाल विद्युत प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको उर्जा खरीद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु ४।८० (चार रुपैंया असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु ८।४०- (आठ रुपैंयां चालिस पैसा मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंकलाई बुझाउने छ। साथै व्यापारिक उत्पादन शुरु भएको मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुने गरी प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ८        (आठ) पटकसम्म साधारण मूल्यबृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ।

| अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) हुन कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरी) | सुख्खायाम (मंसीर १६ देखि जेष्ठ १५ सम्म) (रु. प्रति युनिट) | वर्षा याम (जेष्ठ १६ देखि मंसीर १५ सम्म)  (रु. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिना सम्म | ८।४० | ४।८० |
| १३ औं महिना देखि २४ औं महिना सम्म | ८।६५ | ४।९४ |
| २५ औं महिना देखि ३६ औं महिना सम्म | ८।९० | ५।०९ |
| ३७ औं महिना देखि ४८ औं महिना सम्म | ९।१६ | ५।२३ |
| ४९ औं महिना देखि ६० औं महिना सम्म | ९।४१ | ५।३८ |

| | | |
|---|---|---|
| ६१ औं महिना देखि ७२ औं महिना सम्म | ९६६ | ५५२ |
| ७३ औं महिना देखि ८४ औं महिना सम्म | ९९१ | ५६६ |
| ८५ औं महिना देखि ९६ औं महिना सम्म | १०१६ | ५८१ |
| ९७ औं महिना देखि सम्झौता अवधि सम्म | १०४२ | ५९५ |

माथि जेसुकै लेखिएको भएता पनि व्यापारिक उत्पादन शुरु हुनु पर्ने मिति Required Commercial Operation Date (RCOD) को तुलनमा उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा विद्युत उर्जा खरिद दर निम्नानुसार वार्षिक मूल्य बृद्धि दिई कायम गरिनेछ।

(क) RCOD को तुलनामा COD ६ महिनाभन्दा बढी १८ महिनासम्म ढिलो हुन गएमा जम्मा ७ वटा मात्र मुल्य बृद्धि दिईनेछ।

(ख) RCOD को तुलनामा COD १८ महिनाभन्दा बढी ३० महिनासम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मुल्य बृद्धि दिईनेछ।

(ग) RCOD को तुलनामा COD ३० महिनाभन्दा बढी ४२ महिनासम्म ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मुल्य बृद्धि दिईनेछ।

(घ) RCOD को तुलनामा COD ४२ महिनाभन्दा बढी ५४ महिनासम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मुल्य बृद्धि दिईनेछ।

(ङ) RCOD को तुलनामा COD ५४ महिनाभन्दा बढी ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मुल्य बृद्धि दिईनेछ।

(२) नेपाल प्राधिकरणले Dispatch Instruction जारी गरी अतिरिक्त उर्जा (Excess Energy) खरीद गरेमा सोको हकमा दफा माथि उल्लेखित बुँदा अनुसारको खरीद दरको ५०% (पचास प्रतिशत) दरमा कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ।

(३) सम्झौता अवधि ३० वर्ष सम्म रहनेछ।

**कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम हुनेछ :**

(क) नेपाल विद्यमान जलसंपदाको व्यापक खोजी गरी सम्भाव्य भएको विभिन्न लघु, साना, मझौला र ठुला जलविद्युत आयोजनाहरुको अनुसन्धान सर्भेक्षण तथा विकास गरी निजी सहभागितामा निर्माण गर्ने तथा विद्युत उत्पादन, प्रसारण तथा बिक्री वितरण गर्ने।

(ख) नेपालका विभिन्न भागमा रहेका नदी, नाला, तालहरु बाट निजी क्षेत्रका साना तथा ठुला ग्रामिण जलविद्युत आयेजनाहरु निमार्ण गरी जलविद्युत उत्पादन गर्ने, प्रसारण गर्ने तथा बिक्री वितरण गर्ने, स्वीकृत लिई विदेशमा निर्यात गर्ने।

(ग) नेपालमा निजी क्षेत्रमा आवश्यकता अनुसार जलविद्युत आयोजनाहरु निर्माण गरी विद्युत उत्पादन, प्रसारण तथा बिक्री वितरण गर्ने।

(घ) जलविद्युत उत्पादन गरी उत्पादित विद्युतलाई स्वदेश तथा विदेशमा बिक्री वितरण गर्ने।

(ङ) उर्जा उत्पादन सम्बन्धी आवश्यक सम्पूर्ण परामर्श सेवा उपलब्ध गर्ने/गराउने।

(च) उर्जा उत्पादनका लागि अनुसन्धान सर्वेक्षण तथा विकास गरी निजी सहभागितामा निर्माण गर्ने।

(छ) नेपालमा अन्य कम्पनी, व्यक्ति, संगठित संस्थाहरुबाट उत्पादित विभिन्न प्रकारका जलविद्युत, वायु, सौर्य लगायतका उर्जा थोकमा किनी बिक्री वितरण गर्ने अथवा उत्पादित उर्जा शक्तिलाई थोक वा खुद्रा बिक्री वितरण गर्ने।

(ज) राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा जलविद्युत उत्पादन तथा वितरण सम्बन्धमा सरकारी तथा गैह्रसरकारी निकाय, संघ, संस्था, कम्पनी, व्यक्ति, फर्म लगायतले जारी गर्ने बोलकबोल, टेण्डर, ठेक्का पट्टामा भाग लिई सो सम्बन्धी सम्पूर्ण कार्य गर्ने, गराउने।

(झ) नेपालमा जलविद्युत विकास गर्ने सिलसिलामा हुने वातावरणीय पक्षलाई मध्यनजर राखी वातावरणीय विनाशलाई रोकथाम गर्ने उपाय अवलम्बन गरी सुन्दर वातारण बनाउन अध्ययन र अनुसन्धान गर्ने।

(ञ) सम्भावित भएका जलविद्युत उर्जा विकास गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी लगायत गैह्रसरकारी तथा अन्य संघ, संस्थाहरुलाई निजी लगानी वा व्यष्लत Venture बाट आर्थिक, प्राविधिक तथा वातावरणीय सहयोग जुटाउन प्रयास गर्ने।

(ट) जलविद्युत, वायु उर्जा, सौर्य उर्जा र अन्य बैकल्पिक उर्जा निर्माण र मर्मतका लागि स्वदेशी तथा विदेशी मालसामानहरु (Equiptment) आपूर्ति गर्ने।

(ठ) नेपालमा जलविद्युत आयोजनाको सर्वेक्षण, अन्वेषण, अनुगमन तथा मुल्याङ्कक री प्रतिवेदन तयार गर्ने।

(ड) ग्रामीण क्षेत्रमा साना जलविद्युत गृह निर्माण गरी स्थानीय उपभोक्ताहरुलाई समेत सहभागी बनाई ग्रामीण जनतालाई निःशुल्क वा सस्तो र सुलभ तरिकाले विद्युत बिक्री वितरण गर्ने।

(ढ) उपरोक्त उद्देश्यसँग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा आयोजना हुने सभा, सेमिनार, गोष्ठी, सम्मेलन आदिमा भाग लिने तथा त्यस्ता कार्यक्रमहरुको आयोजना समेत गर्ने, गराउने।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको।

**(छ) देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :**

**(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :** जलविद्युत आयोजनाको निर्माण, संचालन र व्यवस्थापन गर्ने।

(२) **प्रयोग भएको वा गरिने प्रविधि :** दोलखा जिल्लाको बिगु गाउँपालिका अवस्थित साँगु, स्याखुँ र पेगु खोलाको पानी उपयोग गरी जलविद्युत उत्पादन गर्ने रन अफ रिभर आयोजना हो । रन अफ रिभर प्रकारको जलविद्युत उत्पादन गर्न प्रयोग हुने उपकरण/प्रविधिहरुको प्रयोग गरिएको छ।

(३) **कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** सो नभएको ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र :** कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरीद बिक्री सम्झौता गरेर राष्ट्रिय प्रसारण लाइन मार्फत वितरण गरिने भएकाले कम्पनीको प्रमुख बजार नेपाल अधिराज्यभर रहेको छ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :** भविष्यमा थप नयाँ जलविद्युत आयोजनाहरुको अध्ययन गरी निर्माण, प्रवर्द्धन तथा संचालन गर्ने ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :** कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरीद बिक्री सम्झौता बमोजिम नेपाल विद्युत प्राधिकरणलाई उत्पादित बिक्री वितरण गरिने भएकाले यसको प्रमुख बजार नेपाल अधिराज्यभर रहेको छ र बिक्री वितरणको तरिका विद्युत प्राधिकरणले तोके बमोजिम हुनेछ।

(७) **उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति :** साँगु खोला र साँगु खोला - १ जलविद्युत आयोजनाहरुको जम्मा उत्पादन क्षमता २५.५ मेगावाट क्षमताबाट उत्पादित विद्युत शक्ति विद्युत गृहको स्वीचयार्डमा जडान हुने १ x ७००० के.भि.ए. क्षमताको ५० Hz को ट्रान्सफर्मर हुँदै प्रस्तावित ६ कि.मि. लामो ३३ के.भि. प्रशारण लाईन मार्फत साँगु खोला जलविद्युत आयोजना (२० मे.वा.) को स्वीचयार्डमा जडान गरिएको छ। त्यसपछि साँगु खोला जलविद्युत आयोजना (२० मे.वा.) र साँगु खोला-१ जलविद्युत आयोजना (५.५ मे.वा.) को उत्पादित विद्युत शक्ति विद्युत संयुक्त रुपमा १३२ के.भी. सिङ्गल सर्किट प्रशारण लाईन मार्फत १३२ के.भी. को सिङ्टी सव स्टेशनको राष्ट्रिय प्रशारण लाईनमा जोडिएको छ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :** प्रदेश ३ को दोलखा जिल्लाको बिगु गाउँपालिका लगायतका गाउँपालिकामा अवस्थित साँगु, स्याखुँ र पेगु खोलाहरुको पानी लाई अनुमती पत्रको अधिनमा रही उपयोग गर्ने ।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :**

क) सिभिल निर्माण सम्बन्धी कार्यको गुण नियन्त्रण (Quality Control) को लागि आयोजना स्थलमा सम्बन्धित कम्पनीद्धारा चेक जाँच गरी प्रयोगशाला स्थापना गरेर सञ्चालन गरिएको छ। जसमा कंक्रिट क्युब (Concrete Cube), सिमेन्ट पेनिट्रेसन टेस्ट (Cement Penetration Test), सेटिङ टाइम टेस्ट (Setting Time Test), छडको बेन्डिङ - रिबेन्डिङ टेस्ट (Rod Bending - Rebending Test), याग्रीग्रेटको एबरेसन टेस्ट (सी बि आर) टेस्ट (Aggregate Abrasion Test (CBR) Test) । सिइभ एनालीसिस् (Sieve Analysis), स्मीद्द ह्यामर टेस्ट (Schmidt Hammer Test), रक बोल्ट पुलआउट टेस्ट (Rock Bolt Pullout Test) । सटक्रीट प्लेक्सुरल टेस्ट (Shotcrete Plexural Test) आदि परिक्षण गरिन्छ। साथै छडको टेन्साइल स्ट्रेन्थ टेस्ट (Tensile Strength Test) ६/६ महिनाको अवधिमा केन्द्रिय निर्माण वस्तु प्रयोगशाल (ईन्जिनियरिङ्ग अध्ययन संस्थान, पुल्चोक क्याम्पस) मा गर्ने गरिएको छ । यसका साथै सबै सामान आपूर्ति गर्दा कम्पनीले परिक्षण प्रमाणपत्र पेश गर्ने गरेको छ। परिक्षण तथा निर्माणको सुपरिवेक्षण ईन्जिनियरिङ्ग परामर्शदाता कम्पनीले दैनिक रुपमा गर्ने गरेको छ।

ख) हाइड्रोमेकानिकल सम्बन्धी कार्यको गुण नियन्त्रणको लागि स्टीलको पाताको मिल टेस्ट (Mill Test for Steel Plates), अल्ट्रासोनिक जाँच (Ultrasonic Examination), रेडियोग्राफिक जाँच (RT), डीपीटी (DPT), एमपीटी (MPT), रङको बाक्लोपना जाँच गर्ने टेस्ट (Paint Thickness Test) हरु नियमित रुपमा आयोजना स्थलमा भइरहेका छ।

(१०) **अनुसन्धान तथा विकास :** कम्पनीले परियोजनाको प्रभावकारीता अभिवृद्धिका निमित्त आवश्यक अनुसन्धान तथा विकास सम्बन्धी कार्यहरु गरिरहेको छ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको बाधा, व्यवधान :** सो नभएको।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :** कम्पनीको कुल विद्युत उत्पादन क्षमता २५.५ मेगावाट रहेको हुँदा यो आयोजनाले बजारको केही अंश परिपूर्ति गर्ने र विद्युतको बढ्दो माग रहेको बर्तमान अवस्थामा उत्पादन गर्न सकेमा ठूलो परिमाणमा उर्जाको माग समेत खपत हुने हुँदा वजारको समस्या रहेको छैन। जलविद्युत आयोजनाको लागी कच्चा पदार्थको

खोजी तथा जगेडा गर्नु नपर्ने र उत्पादित विद्युतशक्ति सम्झौता गरी अग्रीम बिक्री हुने हुँदा नेपाली लगानीकर्ताको लागि यो आयोजना लाभदायक र उपयुक्त क्षेत्र हो।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत् सम्बन्धी विवरण :** कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएकोले प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :** सो नभएको।

(१६) **आयोजनाको अनुमति वहाल रहने अवधि समाप्त भए पछि आयोजनाको हस्तान्तरण तथा संचालन सम्बन्धी विवरण :**
आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्रको बुदां नं.७ (ठ) मा अनुमतिपत्रको अवधि समाप्त भएपछि विद्युत ऐन, २०४९ मा भएको व्यवस्था र सोमा समय समयमा हुने संशोधन अनुसार आयोजना चालु हालतमा निःशुल्क नेपाल सरकारलाई हस्तान्तरण गर्नुपर्नेछ। हस्तान्तरण सम्बन्धी विधि र प्रक्रिया समय समयमा नेपाल सरकारले निर्देशन गरे बमोजिम हुनेछ र आयोजना हस्तान्तरण गर्दा आयोजनाको निर्माण तथा सञ्चालनको लागि खरिद गरिएको जग्गा जमिन लगायत सम्पूर्ण संरचना समेत नेपाल सरकारलाई निःशुल्क हस्तान्तरण गरिनेछ।

१७. नेपाल धितोपत्र बोर्डको मिति २०८२/०१/२८ गतेको पत्र संख्या नि.वि/शे.द.तथा नि.शा./२०८१/०८२ च.नं. ३०९५ को पत्रानुसार लेखापरीक्षण भएको वित्तीय विवरणको आधारमा विवरणपत्रमा निम्नानुसारका अतिरित्त खुलासा (Disclosure) थप गरी गनुपर्ने निर्देशानुसारको विस्तृत विवरण देहाय बमोजिम रहेको छ :

| अतिरित्त खुलासा (Disclosure) | विवरपत्रमा उल्लेख भए नभएको सम्बन्धी जानकारी |
|---|---|
| क. विगत ३ आ.व. मा संस्थाले अवलम्बन गरेको नयाँ लेखा नीति, सो नीति अवलम्ब गर्नुको औचित्य तथा कारण र सोको वित्तीय प्रभाव सम्बन्धी विवरण। | सो नभएको। |
| ख. आयोजना/परियोजना भएको अवस्थामा ब्याजको पूँजीकरण सम्बन्धी विवरण। | निष्काशनकर्ता कम्पनीको आयोजना निर्माणको लागि बैक मार्फत लिएको सम्पुर्ण आवधिक कर्जाको हाल सम्मको ब्याज रु.४६,२५,०४,६८१/- लाई पुँजिकरण गरिएको। |
| ग. अस्वभाविक आम्दानी तथा खर्च सम्बन्धी कारोवारको विस्तृत विवरण। | सो नभएको। |
| घ. संभावित दायित्व तथा सोबाट नेटवर्थमा पर्न जान सक्ने प्रभाव सम्बन्धी विवरण। | सो नभएको। |
| ङ.लेखापरीक्षण भएको वित्तीय विवरण, अपरिष्कृत वित्तीय विवरण र प्रक्षेपित वित्तीय विवरण बमोजिम विभिन्न वित्तीय अनुपातहरु जस्तै आम्दानीमा वृद्धि घटि, खर्चमा वृद्धि घटि, नाफा नोक्सानमा वृद्धि/घटि, सम्पत्तिमा वृद्धि घटि लगायतका विवरण तथा सोको कारणहरु समेत तुलनात्मक तालिकामा आ. व. सहित प्रस्तुत गर्नुपर्ने र सो विवरण विज्ञबाट प्रमाणित गराई बोर्डमा पेश गर्नुपर्ने। | दफा ग.९.ख.क मा उल्लेख गरिएको |
| च.निष्काशनकर्ता संस्थाबाट प्रवर्द्धित आयोजनाको विद्युत खरिद बिक्री सम्झौता (Power Purchase Agreement, PPA) मा उल्लेखित व्यापारिक उत्पादन शुरु हुनुपर्ने मिति (Required Commercial Operation Date, RCOD) को तुलनामा ढिला उत्पादन हुन गएमा PPA मा उल्लेख भए अनुसारको वार्षिक मूल्यवृद्धिको संख्यामा हुने कटौति (Price Escalation) बाट कम्पनीमा पर्न जाने प्रभावलाई समेत आधारमा लिई तयार गरिएको प्रक्षेपित वित्तीय विवरण र अन्य वित्तीय | मिति २०८१/१२/२९ गते RCOD को म्याद समाप्त भएको भएता पनि सो मिति बाट ६ महिना भित्रमा COD भएमा Price Escalation नजाने भएको र संगठित संस्थाले कुल २५.५ मेगावाट क्षमताको साँगु खोला जलविद्युत आयोजनाले (२० मे.वा.) मिति २०८२/०६/२५ र साँगु खोला-१ जलविद्युत आयोजनाले (५.५ मे.वा.) मिति २०८२/०४/०८ बाट व्यापारिक उत्पादन सुरु गरिरहेको छ सो कारणले गर्दा प्रक्षेपित वित्तीय विवरण र अन्य वित्तीय विवरणको परिसुचकमा कुनै प्रभाव नपर्ने। |

| | |
|---|---|
| परिसूचकहरु लेखापरीक्षकबाट प्रमाणित गरी पेश गर्नुपर्ने । | |
| छ . निवेदक जलविद्युत कम्पनीको हकमा कम्पनीबाट प्रवर्द्धित आयोजनाको देहाय बमोजिमको विवरण । | |
| १. Commercial Operation Date (COD) र PPA तथा सोको पछिल्लो संशोधन बमोजिमको RCOD | दुवै आयोजनाहरुको दोस्रो सँशोधनः मिति २०८१/१२/२९ |
| २.IRR, Normal Payback Period, Discounted Payback Period, Net Present Value, Cost of Capital, Debt Equity Ratio etc. | दफा ग.३.क.ङ (७) मा उल्लेख गरिएको |
| ३. Debt Financing Institution सम्बन्धी विवरण (संस्था र रकम) | दफा ग.१६ मा उल्लेख गरिएको |
| ४.प्रसारण लाइन सम्बन्धी विवरण (सम्पन्न कार्य प्रगति प्रतिशत, सवस्टेशनको नाम तथा ठेगाना, दूरी, क्षमता लगायत) | दफा ग.३.क.ङ (७) मा उल्लेख गरिएको |
| ५.पछिल्लो १२ महिनामा संचालनलाई असर पुरयाउने प्रमुख घटना घटेको भए सोको विवरण । | सो नभएको । |
| ६.PPA को मूल सम्झौता तथा सोमा भएका संशोधनहरुको मितिहरु | आयोजनाबाट उत्पादन गरिएको विद्युत खरिद बिक्री सम्बन्धि सम्झौताः साँगु खोला -१, आयोजना ५.५ मे.वा.को मिति २०७५/४/१० आयोजनाबाट उत्पादन गरिएको विद्युत खरिद बिक्री सम्बन्धी सम्झौता गरिएको, प्रथम संशोधन मिति २०७६/०३/१२, दोश्रो संशोधन मिति २०७९/११/२९ गरिएको छ। साथै साँगु खोला , आयोजना २० मे.वा.को मिति २०७५/४/१० आयोजनाबाट उत्पादन गरिएको विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता गरिएको, प्रथम संशोधन मिति २०७६/०३/१२, दोश्रो संशोधन मिति २०७९/११/२९ गरिएको छ। |
| ७. यदि RCOD मा विद्युत उत्पादन शुरु भैनसकेको भए सोको कारण तथा Expected COD | संगठित संस्थाले कुल २५.५ मेगावाट क्षमताको साँगु खोला जलविद्युत आयोजनाले (२० मे.वा.) मिति २०८२/०६/२५ र साँगु खोला-१ जलविद्युत आयोजनाले (५.५ मे.वा.) मिति २०८२/०४/०८ बाट व्यापारिक उत्पादन सुरु गरिरहेको छ। |
| ८. विद्युत उत्पादन अनुमति प्रदान मिति, उत्पादन अनुमति बहाल रहने मिति तथा बाँकी अवधि । साथै उत्पादन अनुमतिको बहाल रहने मिति पश्चात् उक्त आयोजना हस्तान्तरण हुने वा अन्य प्रकारले व्यवस्था हुने हो सोको विवरण । | मुख पृष्ठ, दफा ग.३.क.ङ (७) तथा ग.३.क.ङ.१६ मा उल्लेख गरिएको |
| ९. PPA बमोजिमको Energy Table, खरिद बिक्री दर र Escalation सहितको विवरण । | दफा ग.३.क.ङ (७) मा उल्लेख गरिएको |
| १०. Project Construction शुरु र सम्पन्न मिति । | दुवै आयोजनाहरु को Project Construction शुरु मिति २०७८/०४/०१ बाट भएको र संगठित संस्थाले कुल २५.५ मेगावाट क्षमताको साँगु खोला जलविद्युत आयोजनाले (२० मे.वा.) मिति २०८२/०६/२५ र साँगु खोला-१ जलविद्युत आयोजनाले (५.५ मे.वा.) मिति २०८२/०४/०८ बाट व्यापारिक उत्पादन सुरु गरिरहेको छ। |

**ग.३.ख. सम्पत्तिको विवरण :**

**(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :**

हिम पर्वत हाइड्रोपावर लिमिटेडले निर्माण तथा संचालन अनुमती पाएको साँगु खोला जलविद्युत आयोजना र साँगु खोला - १ जलविद्युत आयोजना सम्पन्न भई विद्युत उत्पादन भइरहेको छ। उक्त आयोजनाको संरचनाहरु प्रदेश ३ को दोलखा जिल्लामा अवस्थित छ। २०८३ असार मसान्तसम्म कम्पनीको नाममा सृजना भै सकेको चल अचल सम्पत्तिको विवरण निम्नानुसार उल्लेख गरिएको छ।

रकम रु. मा

| अमुर्त सम्पत्ति | आयोजनाको सम्पत्ति | | | |
|---|---|---|---|---|
| विवरण | साँगु खोला जलविद्युत आयोजना | साँगु खोला-१ जलविद्युत आयोजना | सफ्टवेयर | कुल |
| Gross block | | | | |
| **२०८०/८१ को अन्तिम मौजदात** | २,१३९,९४८,२४६ | ७४८,९५८,४७८ | ३६,१६० | २,८८८,९४२,८८३ |
| यस वर्षको थप | ७७३,४३१,४६४ | ३९३,९८२,४६९ | - | १,१६७,४१३,९३२ |
| यस वर्षको बिक्री | - | - | - | |
| **२०८१/८२ को अन्तिम मौजदात** | २,९१३,३७९,७१० | १,१४२,९४०,९४६ | ३६,१६० | ४,०५६,३५६,८१६ |
| यस वर्षको थप | ७३८,४०७,५४५ | ७,५१२,१४२ | - | ७४५,९१९,६८७ |
| यस वर्षको बिक्री | - | - | - | |
| २०८२/८३ को अन्तिम मौजदात | ३,६५१,७८७,२५५ | १,१५०,४५३,०८८ | ३६,१६० | ४,८०२,२७६,५०३ |
| **सञ्चित अपलेखन** | | | | |
| **२०८०/८१ को अन्तिम मौजदात** | - | - | २१,६९६ | २१,६९६ |
| वर्षको लागि खर्च | - | - | ७,२३२ | ७,२३२ |
| यस वर्षको बिक्री | - | - | - | - |
| **२०८१/८२ को अन्तिम मौजदात** | - | - | २८,९२८ | २८,९२८ |
| **वर्षको लागि खर्च** | ९३,३७९,०३५ | ३७,६१२,९८७ | ७,२३२ | १३०,९९९,२५४ |
| यस वर्षको बिक्री | | | | |
| **२०८२/८३ को अन्तिम मौजदात** | ९३,३७९,०३५ | ३७,६१२,९८७ | ३६,१६० | १३१,०२८,१८२ |
| **खुद पुस्तकीय मुल्य** | | | | |
| **२०८१/८२ को अन्तिम मौजदात** | २,९१३,३७९,७१० | १,१४२,९४०,९४६ | ७,२३२ | ४,०५६,३२७,८८८ |
| **२०८२/८३ को अन्तिम मौजदात** | ३,५५८,४०८,२२० | १,११२,८४०,१०२ | - | ४,६७१,२४८,३२१ |
| **सम्पत्ति रहेको स्थान** | आयोजनास्थल | | रजिष्टर्ड कार्यालय | |
| **सम्पत्तिको अवस्था** | चालु अवस्थामा रहेका | | | |

रकम रु. मा

| विवरण | भवन | सवारी साधन | फर्निचर तथा फिक्चर र कार्यालय उपकरण | प्लान्ट तथा मेसिनरी | कूल |
|---|---|---|---|---|---|
| Gross block | | | | | |
| **२०८०/८१ को अन्तिम मौजदात** | - | - | ४८,४२,६६२ | - | ४८,४२,६६२ |
| यस वर्षको थप | | ३२०,००० | ३८५,१४३ | १,१३०,००० | **१,८३५,१४३** |
| यस वर्षको बिक्री | | - | | | |
| **२०८१/८२ को अन्तिम मौजदात** | | ३२०,००० | ५,२२७,८०५ | १,१३०,००० | ६,६७७,८०५ |
| यस वर्षको थप | | | १५५,३९२ | १८२,५०० | ३३७,८९२ |
| यस वर्षको बिक्री | | | | | |
| **२०८१/८२ को अन्तिम मौजदात** | | ३२०,००० | ५,३८३,१९७ | १,३१२,५०० | ७,०१५,६९७ |
| **संचित मूल्यह्रास** | - | - | | - | - |
| मूल्यह्रास दर | १०.०% | १५.०% | २५.०% | ५.०% | |
| **२०८०/८१ को अन्तिम मौजदात** | | | ५,५५,८०६ | | ५,५५,८०६ |
| मूल्यह्रास रकम | - | १३,७६४ | २२२,८६० | १,०८६ | २३७,७०८ |
| यस वर्षको बिक्री | - | - | - | - | - |
| **२०८१/८२ को अन्तिम मौजदात** | | १३,७६४ | ७७८,६६६ | १,०८४ | ७९३,५१४ |
| मूल्यह्रास रकम | | ४५,९३५ | १,१३७,७६९ | ६०,९९६ | १,२४४,७०० |
| यस वर्षको बिक्री | | | | | |
| **२०८२/८३ को अन्तिम मौजदात** | | ५९,७०० | १,९१६,४३५ | ६२,०७९ | २,०३८,२१४ |
| **खुद किताबी मूल्य** | | | | | |
| **२०८१/८२ को अन्तिम मौजदात** | - | ३०६,२३६ | ४,४४९,१३९ | १,१२८,९१६ | ५,८८४,२९१ |
| **२०८२/८३ को अन्तिम मौजदात** | - | २६०,३०० | ३,४६६,७६२ | १,२५०,४२१ | ४,९७७,४८३ |
| **सम्पत्ति रहेको स्थान** | **रजिष्टर्ड कार्यालय तथा आयोजनास्थल** | | | **आयोजनास्थल** | |
| **सम्पत्तिको अवस्था** | **चालु अवस्थामा रहेका** | | | | |

(ख) **बूँदा (१) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने** : आफ्नै सम्पत्ति हो।

(ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्तिमाथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण** : सागुँ खोला-१ जलविद्युत आयोजना अर्न्तगत गौरीशंकर संरक्षण क्षेत्रमा पर्ने ५३ रोपनी तथा सागुँ खोला जलविद्युत आयोजना अर्न्तगत गौरीशंकर संरक्षण क्षेत्रमा पर्ने ४२ रोपनी र सामुदायिक वनमा पर्ने १५३.१ रोपनी गरी जम्मा २४८.१ रोपनी जग्गा सट्टा भर्ना भइसकेको छ र व्यक्तिगत जग्गा मध्ये ७४.१९ रोपनी कम्पनीको नाममा रहेको साथै सो जग्गा बैंकहरुको नाममा धितो रहेको छ। बाँकी जग्गा कम्पनीमा खरिद गर्न हकबन्दिले गर्दा नमिल्ने हुदाँ सम्बन्धित आयोजनाको ब्यक्तिहरुको नाममा खारिद गरी बैना गरी राखेको छ।

(घ) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्यबीच फरक भएमा सो को विवरण :** कम्पनीको सम्पत्तीहरुको मुल्य परलमोलमा नै राखिएको र पूनर्मुल्याङ्कन गरिएको छैन।

(ङ) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण :** कम्पनीको सम्पूर्ण सम्पत्तिहरु ऐतिहासिक लागत मुल्यमा मुल्यांकन गरिएको छ।

**ग.३.ग. भावी योजना तथा रणनीति :**

**(क) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीती :**

(१) कम्पनीको मुख्य उद्देश्य नेपालको जलविद्युत विकासमा एक अग्रणी कम्पनीको रुपमा स्थापित गर्नु रहेको छ।

(२) नेपालमा निजी क्षेत्रमा आवश्यकता अनुसार जलविद्युत आयोजनाहरु निर्माण गरी विद्युत उत्पादन, प्रसारण तथा बिक्री वितरण गर्ने।

(३) उर्जा उत्पादन सम्बन्धी आवश्यक सम्पूर्ण परामर्श सेवा उपलब्ध गर्ने/गराउने।

(४) कम्पनीले सरकारी निकायहरुसँग भएको सम्झौता बमोजिम देशमा रहेको जलश्रोतको अधिकतम उपयोग गरी विद्युत उत्पादन गर्ने र सो लाई नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरी देशलाई विद्युतमा आत्मनिर्भर बनाई देशलाई सम्वृद्ध बनाउन सहयोग गर्ने।

(५) कम्पनीले आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रूपमा सम्भाव्य देखिएको जलविद्युत आयोजनाहरुमा लगानी गर्ने।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**

नेपालमा जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको भएता पनि वर्तमान अवस्थामा जलविद्युतको विकासको सम्भावना उच्च रहेको र कुल राष्ट्रिय उर्जा खपतको करीब ३% मात्र विद्युतबाट आपूर्ति भएको अवस्था देखिन्छ। देशमा माग बमोजिम जलविद्युत आपूर्तिको कमी रहेको हालको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैंमा सह्रानिय काम भएको र विद्युत उत्पादन हुनु अगावै विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता समेत सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योगसँग प्रतिस्पर्धा नरहने हुँदा यस कम्पनीले जलविद्युत क्षेत्रमा आफ्नो अलग पहिचान स्थापित गर्न सफल हुनेछ। जलविद्युत आयोजनाहरुको पर्याप्त विकास हुन सके विद्युतको आन्तरिक खपत तथा छिमेकी राष्ट्मा विद्युतको व्यापारको सम्भावना रहेको हुँदा नयाँ विद्युत आयोजनाहरुमा लगानी विस्तार गर्नका लागि कम्पनीको भविष्य राम्रो रहेको छ। त्यसैले हालको अवस्थामा यस व्यवसायमा प्रतिस्पर्धाको अवस्था सृजना हुनसक्ने सम्भावना ज्यादै न्यून रहेको छ। यसर्थ कम्पनीले आफ्नो व्यावसायको निरन्तरताका लागि अगाडि बढाएको जलविद्युत आयोजनाको निर्माण र अन्य आयोजनाहरुको पहिचान तथा विकास गर्दा अन्य वस्तुको उत्पादनमा जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन। नेपालमा जलविद्युत आयोजनामा लगानीको राम्रो सम्भावना रहेको छ।

नेपाल विद्युत् प्राधिकरणद्वारा प्रकाशित "आर्थिक वर्ष २०२४/२५ को वार्षिक समीक्षा प्रतिवेदन" अनुसार आर्थिक वर्ष २०२४/२५ मा उपलब्ध कुल १५,६४१ गिगावाट-घण्टा (GWh) विद्युत् ऊर्जामध्ये नेपाल विद्युत् प्राधिकरण तथा यसका सहायक कम्पनीहरूको योगदान ३४ प्रतिशत रहेको छ भने स्वतन्त्र विद्युत् उत्पादकहरू (IPPs) बाट ५५ प्रतिशत विद्युत् आपूर्ति गरिएको थियो। बाँकी ११ प्रतिशत विद्युत् ऊर्जा भारतबाट आयात गरिएको थियो नेपालका जलविद्युत आयोजनाहरु Run of River मा आधारित रहेका छन् जसका कारणले पानीको बहाब बढी हुने समय वर्षाको समयमा आन्तरीक आवश्यकता भन्दा बढी उत्पादन हुने र हिउँद (सुख्खा मौसम) मा नदिमा पानीको बहाब कम भई आन्तरीक माग भन्दा कम उत्पादन हुने गर्दछ, जसका कारणले भारतबाट विजुली आयात गरिरहनु परेको अवस्था छ। सो समस्याको सम्वोधन नै थप जलविद्युत आयोजनाहरु हुन जसले विजुलीको माग पूर्ति गर्न सहयोग गरी ऊर्जामा देश आत्मनिर्भर बन्न सक्नेछ। नेपालले वर्षाको समयमा उत्पादन हुने अतिरिक्त विद्युत भारत निर्यात गर्दै आइरहेको छ भने हिउँदमा भारतबाट विद्युत आयात गरी आन्तरिक माग धान्दै आएको छ। आन्तरिक माग भन्दा बढी उत्पादन भएमा भारतीय ऊर्जा बजारमा निर्यात हुने हुँदा नेपालमा उत्पादित विद्युतलाई बजारको खाँचो पर्ने छैन। नेपाल र भारत बिच २०८० पौष १९ गते सम्पन्न द्विपक्षीय सम्झौता बमोजिम आउँदो १० वर्षसम्ममा भारतले १०,००० मे.वा विद्युत नेपालबाट आयात गर्ने छ। यसका साथै नेपाल विद्युत प्राधिकरणले वंगलादेश लगायतका अन्य छिमेकी देशमा पनि नेपालमा उत्पादित विजुलीका लागि सम्भाव्य बजार खोजी गर्दै गरेको अवस्था छ। संगठित संस्थाबाट उत्पादित बिजुली नेपाल विद्युत प्राधिकरणले आयोजनाको अवधी भर पुर्वनिर्धारित मुल्यमा खरीद गर्ने सम्झौता भएकाले प्रतिस्पर्धाको स्थिती नरहेको।

**ग.३.घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समितिको व्यवस्था छ। नियमावलीको नियम ३१ बमोजिम सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहने छ।

| | |
|---|---|
| संस्थापक शेयरधनीहरूबाट मनोनित वा निर्वाचित सञ्चालकहरू* | ४ जना |
| सर्वसाधारण शेयरधनीहरूबाट निर्वाचित सञ्चालकहरू | २ जना |
| स्वतन्त्र सञ्चालक | १ जना |
| **जम्मा** | **७ जना** |

* विशिष्टीकृत लगानी कोष, अवसर इक्वीटी डाईभर्सीफाईड फण्डको तर्फबाट प्रतिनिधी सहित।

कम्पनीको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार संचालक (स्वतन्त्र संचालक बाहेक) हुन कम्तिमा १०० कित्ता शेयर लिएको हुनु पर्नेछ तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागु हुने छैन तथा संचालकको योग्यता कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ।

**ग.४. पुँजी संरचना सम्बन्धी जानकारी :**

**(क) अधिकृत, जारी तथा चुक्ता पुँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्वन्धी विवरण :**

**अधिकृत पुँजी :** कम्पनीको अधिकृत पूँजी रु. १,६९,००,००,०००/– (अक्षेरुपी एक अर्ब उनान्सत्तरी करोड मात्र) रहेको छ। सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका १,६९,००,००० (एक करोड उनान्सत्तरी लाख) थान शेयरमा विभाजन गरिएको छ।

**जारी पुँजी :** कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु. १,६९,००,००,०००/– (अक्षेरुपी एक अर्ब उनान्सत्तरी करोड मात्र) रहेको छ। सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका १,६९,००,००० (एक करोड उनान्सत्तरी लाख) थान शेयरमा विभाजन गरिएको छ।

**चुक्ता पुँजी** : कम्पनीको संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु. १,०९,८५,००००० /– (अक्षेरुपी एक अर्ब नौ करोड पचाँसी लाख मात्र) रहेको छ र बाँकी रहेको रु. ५९,१५,००,०००/- बराबरको ५९,१५,००० कित्ता शेयर मध्ये आयोजना प्रभावित क्षेत्र दोलखा जिल्लाको बिगु तथा कालिन्चोक गाँउपालिकाका स्थायी बासिन्दाका निमित्त छुट्टाइएको रु.१६,९०,००,०००/– (अक्षेरुपी सोह्र करोड नब्बे लाख मात्र) रकम बराबरको रु. १००/– अंकित दरको १६,९०,००० (सोह्र लाख नब्बे हजार) र रु. ४२,२५,००,०००/- बराबरको रु. १००/– अंकित दरको ४२,२५,००० कित्ता (नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी विदेशमा बसी रोजगार गरी रहेका नेपालीहरुको लागि १० प्रतिशत अर्थात ४,२२,५०० कित्ता, कर्मचारीहरुको लागि ३% अर्थात् १,२६,७५० कित्ता सुरक्षित राखी, सामूहिक लगानी कोषहरुको लागि ५% अर्थात् २,११,२५० कित्ता तथा बाँकी रहेको ३४,६४,५०० कित्ता सर्वसाधारणहरुको लागि) शेयर सर्वसाधारणहरुमा सार्वजनिक निष्काशन गरे पश्चात कम्पनीको चुक्त पूँजी रु. १,६९,००,००,०००/– (अक्षेरुपी एक अर्ब उनान्सत्तरी करोड मात्र) हुनेछ।

**कम्पनी स्थापना भए पश्चात पूँजी संरचनामा भएको परिवर्तन सम्बन्धी विवरण** :

| क्र.सं. | अधिकृत पूँजी (रु.) | जारी पूँजी (रु.) | चुक्ता पूँजी (रु.) | कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको मिति |
|---|---|---|---|---|
| १. | १,३०,००,००,०००/- | १,३०,००,००,०००/- | १,००,००,००,०००/- | २०७८/०२/३१ |
| २. | १,४०,००,००,०००/- | १,४०,००,००,०००/- | ९८,००,००,०००/- | २०७९/०३/१४ |
| ३. | १,६९,००,००,०००/– | १,६९,००,००,०००/– | १,०९,८५,००,०००/ - | २०८१/०३/३१ |

**(ख) निष्काशन पछिको चुक्ता पुँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**

कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख भए अनुसार स्थानीय तथा सर्वसाधारणहरुमा साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

| क्र.सं. | शेयरधनीहरु | समूह | साधारण शेयर संख्या | चुक्ता रकम (रु.) | पूँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | संस्थापक शेयरधनी* | क | १,०९,८५,००० | १,०९,८५,००,०००/ - | ६५% | शत प्रतिशत |
| २. | स्थानीय बासिन्दा र सर्वसाधारण (वैदेशिक रोजगारमा रहेका नेपाली, कर्मचारी तथा सामूहिक लगानी कोष सहित) | ख | ५९,१५,००० | ५९,१५,००,०००/- | ३५% | निष्काशन पश्चात् |
| **जम्मा** | | | **१,६९,००,०००** | **१,६९,००,००,०००/-** | **१००%** | |

* विशिष्टीकृत लगानी कोष, अवसर इक्वीटी डाईभर्सीफाईड फण्डले लगानी गरेको शेयर संख्या ४७,९१,००० कित्ता सहित।

**नोट : स्थानीय र सर्वसाधारणहरुलाई बिक्री गरिने शेयर रकम चुक्ता हुन बाँकी रहेको छ।**

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) :** शेयर प्रिमियम खाताको व्यवस्था हाल नरहेको।

ग.५. संस्थापक/संचालक सम्बन्धी जानकारी :

ग.५.क. संस्थापक/संचालकको पृष्ठभूमी :

(क) आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :

आधारभूत शेयरधनीको विवरण :

| क्र.सं. | नाम, ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शेयर स्वामित्व (प्रतिशत) | शैक्षिक योग्यता | प्रस्तावित क्षेत्रको अनुभव | अनुभव अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री अवसर इक्वीटी डाईभर्सीफाईड फण्ड, कुपन्डोल, ललितपुर | संस्थापक | लागु नहुने | लागु नहुने | ४७,९१,००० | ४३.६१ | लागु नहुने | - | विशिष्टिकृत लगानी कोष नियामावली २०७५ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भई प्राईभेट इक्विटी सम्बन्धी कार्य गर्ने संस्था रही सन् २०२२ देखि विभिन्न कम्पनीहरुमा लगानी गरिरहेको । |
| २ | श्री हिमाल गुरुङ, गौरीशंकर गा.पा - ५, दोलखा | संचालक अध्यक्ष | ५९ | नेपाली | २१,५२,००० | १९.५९ | स्नातक | १. जलविद्युत क्षेत्रमा वि.सं. २०६४ देखि हालसम्म १९ वर्षको कार्यानुभव<br>२. मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेडमा २०६५ साल देखि २०८२ असार सम्म अध्यक्षको रुपमा कार्य गरेको अनुभव<br>३. कालिन्चोक हाइड्रोपावर लिमिटेडमा स्थापना कालदेखि देखि २०७८ सम्मको अध्यक्षको रुपमा कार्य गरेको अनुभव<br>४. हिमपर्वत हाइड्रोपावर लिमिटेडमा स्थापना कालदेखि देखि हालसम्म अध्यक्षको रुपमा रहनुभएको | १. डि-भ्याली रेष्टुरेन्टमा संचालक रहनुभएको |
| ३ | श्री भुमिका गुरुङ्ग, गौरीशंकर गा.पा - ५, दोलखा | संस्थापक | ३६ | नेपाली | १०,००,००० | ९.१० | स्नातकोत्तर | - | डि-भ्याली रेष्टुरेन्टमा म्यानेजरको रुपमा ५ वर्ष कार्य गरेको अनुभव |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | श्री मनिष थापा मगर, काठमाण्डौं - ११ | संस्थापक | ३४ | नेपाली | ९,९८,००० | ९.०९ | स्नातक | - | डि-भ्याली रेष्टुरेन्टमा म्यानेजरको रुपमा ५ वर्ष कार्य गरेको अनुभव |
| ५ | श्री शशीकला गुरुङ्ग, सुरी - २, दोलखा | संस्थापक | ५७ | नेपाली | ६,७०,९०० | ६.११ | प्रविणता प्रमाणपत्र | - | गृहिणी |
| ६ | श्री सुरज खड्का काठमाण्डौं - ११ | संस्थापक | ३६ | नेपाली | १५०,००० | १.३७ | ए.सि.ए. स्नातक | - | नोकरी |
| ७ | श्री मालती गुरुङ का.म.न.पा.-११, काठमाण्डौं | संचालक | ४८ | नेपाली | २,५५,१०० | २.३२ | स्नातक | जलविद्युत क्षेत्रमा ५ वर्षको कार्यानुभव<br>१. हिमपर्वत हाइड्रोपावर लिमिटेडमा स्थापना कालदेखि देखि हालसम्म संचालकको रुपमा रहनुभएको | गृहिणी |
| ८ | श्री बशुना कार्की गौरीशंकर गा.पा - ५, दोलखा | संस्थापक | ४१ | नेपाली | २,५५,१०० | २.३२ | स्नातक | जलविद्युत क्षेत्रमा १७ वर्षको कार्यानुभव<br>१. मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेडमा २०६६ साल देखि हालसम्म संचालकको रुपमा कार्य गरेको अनुभव | |

## संचालकहरुको विवरण

| क्र.सं. | नाम, ठेगाना | पद | प्रतिनिधित्व गरेको समूह | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | प्रस्तावित क्षेत्रको अनुभव | अनुभव अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री हिमाल गुरुङ, गौरीशंकर गा.पा - ५, दोलखा | संचालक अध्यक्ष | संस्थापक | ५९ | नेपाली | ३१,५२,००० | स्नातक (इन्जिनियर) | १. जलविद्युत क्षेत्रमा वि.सं. २०६४ देखि हालसम्म १९ वर्षको कार्यानुभव<br>२. मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेडमा २०६५ साल देखि २०८२ असार सम्म अध्यक्षको रुपमा कार्य गरेको अनुभव<br>३. कालिन्चोक हाइड्रोपावर लिमिटेडमा स्थापना कालदेखि देखि २०७८ सम्मको अध्यक्षको रुपमा कार्य गरेको अनुभव<br>४. हिमपर्वत हाइड्रोपावर लिमिटेडमा स्थापना कालदेखि देखि हालसम्म अध्यक्षको रुपमा रहनुभएको | १. डि-भ्याली रेष्टुरेन्टमा संचालक रहनुभएको |
| २ | श्री ध्रुव तिमिल्सिना (प्रतिनिधि अवसर इक्विटी डाईभर्सीफाइड फण्ड) कुपन्डोल, ललितपुर | संचालक | संस्थापक | ५१ | नेपाली | ४७,९१,००० | स्नातकोत्तर (एम.वि.ए.) | यस कम्पनीमा २०८० जेष्ठ देखि संचालकको रुपमा रहनुभएको | धितोपत्र बजारमा प्रत्यक्ष रुपमा २०६० देखि २३ वर्षको कार्यनुभव। हाल अवसर इक्विटी लिमिटेडमा प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत।<br>यसपूर्व सिद्धार्थ क्यापिटल लि.मा कार्यकारी अधिकृतको रुपमा कार्यरत। |
| ३ | श्री मालती गुरुङ का.म.न.पा.-११, काठमाण्डौं | संचालक | संस्थापक | ४७ | नेपाली | २,५५,१०० | स्नातक (वि.वि.एस) | जलविद्युत क्षेत्रमा ५ वर्षको कार्यानुभव<br>१. हिमपर्वत हाइड्रोपावर लिमिटेडमा स्थापना कालदेखि देखि हालसम्म संचालकको रुपमा रहनुभएको | |
| ४ | श्री अरुण कुमार खडका, विगु गा.पा.-४, दोलखा | संचालक | संस्थापक | ५७ | नेपाली | २५,००० | स्नातक (वि.वि.एस) | यस कम्पनीमा २०८१ असार देखि संचालकको रुपमा रहनुभएको | - पिआरके निर्माण सेवा प्रा.लि. मा मिति २०७८ सालदेखि हालसम्म प्रबन्ध निर्देशकको रुपमा रहनुभएको |

| क्र.सं. | नाम, ठेगाना | पद | प्रतिनिधित्व गरेको समूह | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | प्रस्तावित क्षेत्रको अनुभव | अनुभव अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | श्री थानेश्वर गुरागाई, का.म.न.पा.-४, काठमाण्डौं | स्वतन्त्र संचालक | संस्थापक | ५० | नेपाली | - | स्नातक (वि.वि.एस) | १. अपर तामाकोसी हाइड्रपावर लि.मा २०७३ सालदेखि २०७९ सालसम्म सुपरभाइजरको पदमा रही कार्य गरेको अनुभव<br>२. मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेडमा २०७९ सालदेखि २०८१ जेठसम्म २ वर्ष कार्य गर्नुभएको ।<br>३. यस कम्पनीमा २०८१ असार देखि संचालकको रुपमा रहनुभएको | |

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

यस संस्थामा संस्थापक बाहेक विशिष्टीकृत लगानी कोष नियमावली २०७५ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको कोष अवसर इक्वीटी डाईभर्सीफाईड फण्ड "कोष"को समेत लगानी रहेको छ। यस कोषको संचालन तथा व्यवस्थापन नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त कोष व्यवस्थापक अवसर इक्वीटी लिमिटेड "कोष व्यवस्थापक" ले गर्दै आएको छ। कोष व्यवस्थापकको विवरण देहाय बमोजिको रहेको छ।

| कोष व्यवस्थापकको नाम, ठेगाना | संक्षिप्त विवरण (Profile) | संचालकहरुको नाम, ठेगाना |
|---|---|---|
| अवसर इक्विटी लिमिटेड, कुपन्डोल, ललितपुर | कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७८/०३/१८ (दर्ता नं २६४०८३/०७७/०७८) मा दर्ता भएको यो कम्मनी ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं १ मा रहेको छ। यस कम्पनीको मुख्य उद्देश्य प्रचलित कानूनको अधिनमा रहि प्राइभेट इक्वीटी, भेन्चर क्यापिटल, हेज फण्ड लगायतका विशिष्टीकृत एंव बैकल्पिक लगानी कोषको स्थापना, संचालन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने रहेको छ। | श्री लोकेश तोदी - विराटनगर महानगरपालिका वडा नं.९, मोरङ -अध्यक्ष<br>श्री अर्जुन भद्र खनाल (प्रतिनिधि सिद्धार्थ बैक लि.)- बर्दघाट नगरपालिका जिमिरेभार वडा नं.७, नवलपरासी - संचालक<br>श्री लेखनाथ भुसाल (प्रतिनिधि नेपाल बैंक लि.)- सन्धिखर्क नगरपालिका वडा नं. १०, अर्घाखाँची - संचालक<br>श्री परिक्षीत खेमका - काठमाडौं महानगरपालिका वडा नं २९ - संचालक<br>श्री बासुदेव अधिकारी - सुनौलाबजार वडा नं १, धादिङ - स्वतन्त्र संचालक |

**(ग) संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भएत्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| क्र.स. | संचालकको नाम, ठेगाना | आवद्ध रहेको संस्थाको नाम, ठेगाना |
|---|---|---|
| १ | श्री हिमाल गुरुङ, गौरीशंकर गा.पा - ५, दोलखा | डि-भ्याली रेष्टुरेन्ट, त्रिपुरेश्वर, काठमाण्डौ |

| | | |
|---|---|---|
| २ | श्री ध्रुव तिमिल्सिना, (प्रतिनिधि अवसर इक्विटी डाईभर्सीफाइड फण्ड) कुपन्डोल, ललितपुर | प्रमुख कार्यकारी अधिकृत - अवसर इक्विटी लिमिटेड कुपन्डोल, ललितपुर |

कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) छ तथा सूचीकृत सङ्गठीत संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को व्यवस्थाहरु पूर्ण पालना भएको छ।

(घ) **संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

(१) कम्पनीको संस्थापक शेयर हस्तान्तरण ऐन, कम्पनी ऐन तथा धितोपत्र कारोबार सम्बन्धी प्रचलित कानून, तथा यस कमपनी प्रबन्धपत्रको दफा ८ (क) मा देहाय बमोजिम रहेको छ :

क) कम्पनी ऐन शेयर खरिद वा हस्तान्तरण गर्न वा धितो बन्धक राख्न संचालक समितिको पूर्व स्वीकृति लिनु पर्नेछ। स्वीकृति विना गरिएको शेयर खरिद वा हस्तान्तरण मान्य हुने छैन।

ख) कम्पनीको शेयर चल सम्पती सरह मानिएको छ। कुनै शेयरवालाको आफ्नो शेयर अरु कुनै पनि व्यक्तिलाई धितो बन्धक तथा हक हस्तान्तरण गर्न सक्नेछ। यसरी कुनै शेयरवालाको शेयर कुनै व्यक्तिलाई धितो बन्धक वा हस्तान्तरण गर्नु अघि कम्पनीको संचालक समितिको पूर्व स्वीकृति लिई गर्नु पर्नेछ

(२) सर्वसाधारण शेयरधनी समूह बाहेक अन्य समूह (संस्थापक, स्थानीय र कर्मचारी समूह) ले लिएको शेयर संगठित संस्थाले सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन वर्षको अवधि पूरा नभई बिक्री गर्न पाईने छैन भने विशिष्टीकृत लगानी कोष नियमावली २०७५ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको कोष अवसर इक्वीटी डाईभर्सीफाईड फण्डले लगानी गरेको शेयर संस्थाले सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले एक वर्षको अवधि पूरा नभई बिक्री गर्न पाउने छैन।

**ग.५.ख. संस्थापक/संचालक सँगको कारोबार :**

**(क) संगठित संस्थाबाट कुनै संस्थापक/संचालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :** कम्पनीको सञ्चालकहरुले सञ्चालक समितिको कुनै पनि संस्थापक वा सञ्चालकले यस कम्पनीबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैर आर्थिक) प्राप्त गरेका छैनन्।

**(ख) बुँदा (क) मा उल्लेखित बस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :** पारिश्रमिक तथा सुविधा वार्षिक साधारण सभाको निर्णय बमोजिम।

**ग.६. सीमित दायित्व सम्बन्धी विवरण :**

यस कम्पनी प्रचलित कम्पनी कानून अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो। यसमा शेयरधनीहरुको दायित्व सीमित छ। यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ।

**ग.७. संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :**

**ग.७.क. संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण। साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने।**

**संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण**

| क्र.सं. | कर्मचारीको नाम | पद | योग्यता | नियुक्ति मिति | पूर्व कार्यानुभव | शेयर संख्या |
|---|---|---|---|---|---|---|
| १ | श्री बिकास खनाल | प्रमुख कार्यकारी अधिकृत | स्नातकोत्तर | २०८३/०४/०४ | १० वर्ष भन्दाबढी हाइड्रो क्षेत्रमा कार्यरत। | - |
| २ | श्री सबिन भट्टराई | प्लान्ट मेनेजरस | स्नातकोत्तर | २०८१/१२/२८ | ५ वर्ष भन्दाबढी हाइड्रो क्षेत्रमा कार्यरत। | - |
| ३ | श्री दयाराम पौडेल | प्रबन्धक - प्रशासन तथा वित्त | स्नातकोत्तर | २०७८/०४/०१ | १० वर्ष भन्दाबढी प्रशासन, लेखा लगायत हाइड्रो क्षेत्रमा कार्यरत। | - |

**संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारी अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम :** सो नभएको।

**(ख) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने :** सो नभएको।

(ग) **कर्मचारी संख्या : स्थायी र अस्थायी .**

| स्थायी | अस्थायी | ज्यालादारी | कुल कर्मचारी संख्या |
|---|---|---|---|
| ६४ जना | – | – | ६४ जना |

**ग.७ख. संचालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

(क) **संचालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा :** सो सम्बन्धी व्यवस्था नरहेको।

(ख) **संगठित संस्थाको उच्च व्यवस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम र पद र एक आर्थिक वर्षको अवधिभित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| क्र.सं. | कर्मचारीको नाम | पद | एक आर्थिक वर्षको अवधि भित्र पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम (आ.व. २०८२/८३ को पारिश्रमिक) |
|---|---|---|---|
| १ | श्री बिकास खनाल | प्रमुख कार्यकारी अधिकृत | रु.६,३०,०००/- |
| २ | श्री सबिन भट्टराई | प्लान्ट मेनेजरस | रु.१८,२७,०००/- |
| ३ | श्री दयाराम पौडेल | प्रबन्धक - प्रशासन तथा वित्त | रु.१६,५१,८००/- |

(ग) **कुनै अधिकृत वा संचालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :** हाल सम्म त्यस्तो कुनै करार गरिएको छैन।

**ग.८.अन्तर्निहित जोखिम तथा सो मा व्यवस्थापनको लागी व्यवस्थापनको धारणा :**

**संगठित संस्थाले बहन गरेको वा गर्ने जोखिम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने। यस सन्दर्भमा जोखिमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/आयोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखिमको विश्लेषण गर्नु पर्ने।**

**(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :** आयोजनाको निर्माणको लागि आवश्यक वित्तीय साधनको प्रबन्ध भईसकेको र आयोजना निर्माण सम्पन्न भई सञ्चालनमा रहेको हुँदा वित्तीय साधनको अभावको जोखिम रहेको छैन।

**(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :**

- ➢ जलस्रोतको मुहानको वातावरणमा प्राकृतिक प्रकोप वा अन्य कारणबाट अप्रत्यासित रुपमा परिवर्तन भै पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने भएकोले जोखिम रहेको।
- ➢ परियोजनालाई चाहिने अन्य कच्चा पदार्थहरु फलाम, मेशिन, छड जस्ता कच्चा पदार्थहरुको व्यवस्थापन भइसकेको हुनाले कच्चा पदार्थको अभावबाट कुनै पनि जोखिम नहुने।

**(ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**

- ➢ यस परियोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्बन्धी सम्झौता सम्पन्न भै सकेको हुनाले यस्तो जोखिम नहुने।
- ➢ नेपाल विद्युत प्रधिकरण पूर्णतया नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुँदा विद्युत बिक्रीबाट प्राप्त हुने आयमा सुनिश्चिता रहेको छ सो कारणले गर्दा जोखिम नरहेको।
- ➢ हालको अवस्थामा विद्युतको बजारको जोखिम नरहेको।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखिम :** आयोजना सम्पन्न भई सकेकोले यस्तो जोखिम नरहेको।

**(ङ) विदेशी विनिमयको जोखिम :** विदेशी विनिमय दरमा परिवर्तन भएमा संचालन खर्चमा बृद्धि हुन सक्ने जोखिम रहेको।

**(च) कानूनी प्रकृयाहरु तथा ईजाजतप्राप्त गर्नु पर्ने भए सो बाट पर्न सक्ने अवरोधहरु :** हाल कम्पनीले पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पुरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरी सकेकोले सो जोखिम नरहेको।

**(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्न जोखिम :** अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट शेयर बजारमा असर परेमा शेयर मूल्यमा असर पर्न सक्ने जोखिम रहेको।

**(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वब्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :** कम्पनीले आयात गर्ने उपकरणहरु / विद्युतीय उपकरणहरुमा लाग्ने कर तथा भन्सारमा सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वब्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट जोखिम रहने छ।

**(झ) संचालन इतिहासको अभाव :** यस कम्पनी २०७१/०२/२८ प्राईभेट लिमिटेडमा दर्ता भई आफ्नो कारोबार गर्दै आइरहेको र मिति २०७८/०२/३१ गते पब्लिक लिमिटेडमा परिवर्तन भई आफ्नो कामकारबाही सञ्चालन रहेको हुँदा कम्पनीको कारोबारको सञ्चालनको इतिहास करिब १२ वर्ष रहेकोले संचालन इतिहास सम्बन्धी जोखिम नरहेको।

**(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :**

प्रविधि सम्बन्धी परिवर्तनबाट जलविद्युत कम्पनीको सञ्चालन तथा कारोवार प्रणालीमा अप्रत्याशित जोखिम रहने हुन्छ। कम्पनीले तोकिएको मापदण्ड अनुसारका उपकरणहरु खरिद गरी जडान गरी सकेको छ। जलविद्युत आयोजनाको लागि आवश्यक उपकरण जडान गरे पश्चात लामो समयसम्म संचालनमा रहने र यस्ता उपकरण सहित सम्पूर्ण संरचनाहरुको नै बिमा गरिने हुँदा, यी उपकरणहरुको पुनर्स्थापना गर्न सहज हुने भएकोले जलविद्युत आयोजनामा प्रविधि परिवर्तनबाट जोखिमको संभावना न्यून रहेको।

**(ट) अन्य जोखिम :**

- जलविद्युत आयोजना निमार्ण गर्दा हुने जोखिमहरु मध्ये भुकम्प, बाढी पहिरो जस्ता कारणले हुने क्षति र यसबाट विद्युत उत्पादनमा पर्ने प्रभावलाई न्यूनिकरणका गर्नका लागि परियोजनाको सम्पूर्ण सम्पत्तिलाई खाम्ने गरी बिमाको व्यवस्था गरिएको छ।
- जलवायु परिर्वतनबाट खोलामा पानीको वाहावमा थप घट हुनगई तद्अनुरुप विद्युत उत्पादनमा घटबढ हुन सक्ने भएकोले विद्युत उत्पादनमा कमी आएमा हर्जना मिनाहा हुने व्यवस्था कायम रहेको छ।
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
- पुँजीबजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु।
- शेयर बजारमा प्रति शेयरको मुल्य रु. १००/- भन्दा घटेमा शेयर मुल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।
- यस परियोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भै सकेको हुनाले परियोजनाको आय निश्चित भएकाले सो जोखिम नरहेको।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ :**

नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति मागभन्दा साह्है थोरै रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो। तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहको व्यवस्थापनको धारणा रहेको छ। साथै उर्जा बिभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ। जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादि। यसमध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन। त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादित जलविद्युत आयोजनाहरुमा कम जोखिम रहेको धारणा व्यवस्थापनको रहेको छ।

**सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्ने सम्बन्धमा यस कम्पनीले आयोजनाहरुको सम्पूर्ण संरचनाहरुको बिमा गराएको छ। जोखिम न्यूनिकरणका लागि कम्पनीले गरेका बिमाहरु सम्वन्धि विवरण तपशिल बमोजिम रहेको छ :**

| क्र.सं. | बिमा सम्वन्धी विवरण | कूल बिमा रकम रु. हजारमा | प्रिमियम रकम रु. हजारमा | बिमा गराइएको कम्पनीको नाम | पछिल्लो पटक प्रिमियम भुक्तान गरेको मिति | बिमा समाप्त हुने मिति |
|---|---|---|---|---|---|---|
| १ | सम्पत्ति बिमा/ (आयोजना बिमा) | २४,००,०००/- | ५,४२४/- | श्री हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड | २६/०८/२०२६ | ०६/०९/२०२७ |
| २ | आम्दानी बिमा | ६८८,२७४/- | ३१,१११/- | श्री हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड | २६/०८/२०२६ | ०६/०९/२०२७ |
| ३ | सम्पत्ति बिमा | २२,०००/- | १२४/- | श्री हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड | २६/०८/२०२६ | ०६/०९/२०२७ |

**सागुँ खोला - १ जलविद्युत आयोजना (५.५ मे.वा.) को बिमा सम्बन्धी विवरण :**

| क्र.सं. | बिमा सम्वन्धी विवरण | कूल बिमा रकम रु. हजारमा | प्रिमियम रकम रु. | बिमा गराइएको कम्पनीको नाम | पछिल्लो पटक प्रिमियम भुक्तान गरेको मिति | बिमा समाप्त हुने मिति |
|---|---|---|---|---|---|---|
| १ | सम्पत्ति बिमा/ (आयोजना बिमा) | ८,८५,०००/- | २०,००,१२०/- | श्री हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड | २२/०७/२०२६ | २६/०७/२०२७ |
| २ | आम्दानी बिमा | १८७५५०/- | ८,४७,७४६/- | श्री हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड | २२/०७/२०२६ | २६/०७/२०२७ |

साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न उपकरणहरुको ह्रास खर्चको व्यवस्थाको साथै केन्द्र र आयोजनाका आवश्यक संरचना, मेसिन, औजार र उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्नका लागि आयोजनाको आवश्यक संरचनाको हकमा श्री हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेडबाट जलविद्युत आयोजना अन्तर्गतका मेसिन, औजार, सवारी साधनहरुका र उपकरणहरुको बिमा गरिएको छ।

**धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :**

रु. १००/– प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

**ग.९. वित्तीय विवरण :**

**ग.९.क. वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण :**

(क) **संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा (नोक्सान हिसाब, नाफा-नोक्सान हिसाब बाँडफाँड, नगद प्रवाह विवरण :** यस कम्पनीको आ.व.२०८२/०८३ को वासलात, नाफा–नोक्सान हिसाब तथा नाफा–नोक्सान बाँडफाँड हिसाब खाता र नगद प्रवाह विवरणको यथार्थ रूपरेखा यस प्रकार छ ।

**वासलात**

| विवरण | रकम रु. हजारमा |
|---|---|
| **सम्पत्ती** | |
| **गैर-चालु सम्पत्ति** | |
| सम्पत्ती, प्लान्ट र उपकरण | ४,९७७ |
| अमुर्त सम्पत्ति (आयोजनाको सम्पत्ति) | ४,६७१,२४८ |
| ROU सम्पत्ती | ८,०९८ |
| अन्य गैर-चालु सम्पत्ति | २,२०६ |
| स्थगन कर सम्पत्ति | - |
| **कुल गैर-चालु सम्पत्ति** | **४,६८६,५२९** |
| **चालु सम्पत्ति** | |
| **वित्तीय सम्पत्ति** | |
| छोटो अवधिको ऋण तथा अग्रिमहरु | १३५,९६९ |
| व्यापारिक प्राप्य | ११५,६०६ |
| नगद तथा नगद समान | ५९,७६६ |
| अन्य चालु सम्पत्ति | १०,२५७ |
| **कुल चालु सम्पत्ति** | **३२१,५९७** |

| | |
|---|---|
| **कुल सम्पत्ति** | **५,००८,१२६** |
| **पूँजी तथा दायित्व** | |
| **पूँजी** | |
| शेयर पूँजी | १,०९८,५०० |
| अग्राधिकार शेयर पूँजी | |
| अन्य पूँजी | |
| जगेडा तथा अधिकोष | १६५,२७४ |
| **कुल पूँजी** | **१,२६३,७७४** |
| **गैर-चालु दायित्वहरु** | |
| **वित्तीय दायित्वहरु** | |
| अग्राधिकार शेयर | |
| ऋण तथा उधारोहरु (लामो अवधिको) | २,९३८,६७७ |
| लिज दायित्वहरु | ६,३३९ |
| स्थगित कर दायित्वहरु | ४५५ |
| **गैर-चालु दायित्वहरु** | **२,९४५,४७१** |
| **चालु दायित्वहरु** | |
| वित्तीय दायित्वहरु | |
| ऋण तथा उधारोहरु (छोटो अवधिको) | ७१३,००० |
| व्यापार तथा अन्य भुक्तानी | ३,८६० |
| अवधारण दायित्वहरु | ७६,३५६ |
| लिज दायित्वहरु | ५,०५६ |
| अन्य चालु दायित्वहरु | ६०८ |
| **कुल चालु दायित्वहरु** | **७९८,८८०** |
| **जम्मा दायित्व** | **३,७४४,३५२** |
| **कुल पूँजी तथा दायित्व** | **५,००८,१२६** |

**नाफा- नोक्सान हिसाब**

| **विवरण** | **रकम रु.हजारमा** |
|---|---|
| आय | ५७९,४०४ |
| बिक्री लागत | ५७,३२८ |
| **कुल नाफा** | **५२२,०७६** |
| निर्माण आम्दानी IFRIC 12 | ७४५,९२० |
| न्युन : निर्माण खर्च IFRIC 12 | ७४५,९२० |
| **कुल आय** | **५२२,०७६** |
| अन्य आय | २,४१६ |
| कर्मचारी लाभ | - |
| प्रशासनिक खर्च | १२,३६७ |
| अन्य संचालन खर्च | - |
| साधन बिक्रीबाट घाटा | - |
| ROU सम्पत्तिमा ह्रास कट्टि | २,३५४ |

| | |
|---|---|
| ह्रास कट्टि तथा परिशोधन | १३२,२४४ |
| **संचालनबाट नाफा** | **३७७,५२७** |
| वित्तीय लागत | २०२,३९० |
| **कर अघिको नाफा तथा पूर्व अवधिको समायोजन** | **१७५,१३७** |
| **पूर्व अवधिको समायोजन** | |
| पावर हाउसमा विजुली खर्च | |
| सरकारी रोयल्टी | |
| **कर अघिको नाफा** | **१७५,१३७** |
| कर्मचारी लाभांस | ३,५०३ |
| **कर तथा लाभांस अघिको नाफा** | **१७१,६३४** |
| आयकर खर्च | |
| स्थगन कर आम्दानी/(खर्च) | (१,६३३) |
| **निरन्तर संचालनबाट नाफा** | **१७०,००१** |
| सञ्चालन बन्दमा नाफा/(नोक्सान) (करको नेट) | - |
| **खुद नाफा/नोक्सान** | **१७०,००१** |

**नगद प्रवाह विवरण**

| विवरण | रकम रु.हजारमा |
|---|---|
| **करोबार सञ्चालन गतिविधिबाट नगद प्रवाह** | |
| आयकर अघिको नाफा/घाटा | १७१,६३४ |
| **समायोजन** | |
| ह्रासकट्टी तथा परिशोधन | १३२,२४४ |
| वित्तीय लागत | २०२,३९० |
| कर्मचारी लाभांस | ३,५०३ |
| **क्रियाशिल पूँजी परिवर्तन अघिको नगद प्रवाह** | **५०९,७७१** |
| चालु सम्पत्तिमा कमी/बृद्धि | ४६,४३३ |
| चालु दायित्वमा कमी/बृद्धि | ८६,७१४ |
| **संचालनबाट उत्पन्न नगद** | **६४२,९१८** |
| आयकर भुक्तानी | ० |
| **करोबार सञ्चालनबाट खुद नगद प्रवाह** | **६४२,९१८** |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | |
| सम्पत्ति, प्लान्ट र उपकरणमा बृद्धि | -३३८ |
| ROU सम्पतिमा कमी/बृद्धि | २,६९९ |
| गैरचालु सम्पत्तिमा कमी/बृद्धि | -६७६ |
| अमूर्त सम्पत्तिमा कमी/बृद्धि | -७४५,९२० |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **-७४४,२३४** |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह** | |
| शेयर पूँजीमा कमी/बृद्धि | |
| प्रारम्भिक सार्वजनिक निष्काशन खर्च | -१,१६२ |
| अग्राधिकार शेयर पूँजीमा कमी/बृद्धि | - |
| गैरचालु सापटको सापट/भुक्तानी | ३०१,३३२ |
| लिज दायित्वमा कमी/बृद्धि | -५,६५० |
| व्याज भुक्तान | -२०२,३९० |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **९२,१२९** |
| नगद तथा नगद समानमा खुद बृद्धि | -९,१८७ |

| | |
|---|---|
| यस वर्षको सुरुको नगद तथा नगद समान | ६८,९५२ |
| **यस वर्षको अन्त्यको नगद तथा नगद समान** | **५९,७६६** |

**इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण**

**रकम रु.हजारमा**

| विवरण | शेयर पूंजी | अग्राधिकार शेयर | अग्रिम शेयर पूंजी | संचित मुनाफा | कुल इक्विटी |
|---|---|---|---|---|---|
| **श्रावण १, २०८१ को मौज्दात** | १०,९८,५०० | - | - | (३,०००) | (१०,९५,५००) |
| लेखा नितिहरुमा परिवर्तन | | | | | |
| अघिल्लो वर्षहरुको त्रुटीहरुबाट खुद नाफा/नोक्सान | | | | | |
| **पुनः सन्तुलन** | १०,९८,५०० | - | - | (३,०००) | (१०,९५,५००) |
| **आ.व. २०८१/८२ को इक्विटीमा परिवर्तन** | | | | | |
| यस वर्षको खुद नाफा/नोक्सान | - | - | - | (५६५) | (५६५) |
| शेयर पूँजीमा थप/घट | - | - | - | - | - |
| यस वर्षमा परिवर्तन | - | - | - | - | - |
| अग्राधिकार शेयर साधारण शेयरमा परिवर्तन | - | - | - | - | - |
| **आषाढ ३२ २०८२ सम्मको मौज्दात** | १०,९८,५०० | - | - | (३,५६५) | (१०,९४,९३५) |
| लेखा नितिहरुमा परिवर्तन | - | - | - | - | - |
| अघिल्लो वर्षहरुको त्रुटीहरुबाट खुद नाफा/नोक्सान | - | - | - | - | - |
| पुनः सन्तुलन | १,०९८,५०० | - | - | (३,५६५) | १,०९४,९३५ |
| आ.व. २०८१/८२ को इक्विटीमा परिवर्तन | - | - | - | - | - |
| यस वर्षको खुद नाफा/नोक्सान | - | - | - | १७०,००१ | १७०,००१ |
| शेयर पूँजीमा थप/घट | - | - | - | - | - |
| यस वर्षमा परिवर्तन | - | - | - | - | - |
| अग्राधिकार शेयर साधारण शेयरमा परिवर्तन | - | - | - | (१,१६२) | (१,१६२) |
| Addition towards PSC | - | - | - | - | - |
| **आषाढ ३२ २०८३ सम्मको मौज्दात** | १,०९८,५०० | - | - | १६५,२७४ | १,२६३,७७४ |

**(ख) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) :**

**वासलात**

**रकम रु.हजारमा**

| विवरण | वास्तविक | | |
|---|---|---|---|
| | आ.व.२०८०/०८१ | आ.व.२०८१/०८२ | आ.व.२०८२/०८३ |
| **सम्पत्ती** | | | |
| **गैर-चालु सम्पत्ति** | | | |
| सम्पत्ती, प्लान्ट र उपकरण | ४,२८७ | ५,८८४ | ४,९७७ |
| अमुर्त सम्पत्ति (आयोजनाको सम्पत्ति) | २,८८८,९२१ | ४,०५६,३२८ | ४,६७१,२४८ |
| ROU सम्पत्ती | ६,९७७ | १०,७९७ | ८,०९८ |
| अन्य गैर-चालु सम्पत्ति | १,८३० | १,५३० | २,२०६ |
| स्थगन कर सम्पत्ति | १,२६६ | १,१७८ | - |

| | | | |
|---|---|---|---|
| **कुल गैर-चालु सम्पत्ति** | २,९०३,२८१ | ४,०७५,७१७ | ४,६८६,५२९ |
| **चालु सम्पत्ति** | | | |
| **वित्तीय सम्पत्ति** | | | |
| छोटो अवधिको ऋण तथा अग्रिमहरु | २१२,०१५ | २९३,५६८ | १३५,९६९ |
| व्यापारिक प्राप्य | - | - | ११५,६०६ |
| नगद तथा नगद समान | १९,४८७ | ६८,९५२ | ५९,७६६ |
| अन्य चालु सम्पत्ति | १९,२८६ | १४,६९६ | १०,२५७ |
| **कुल चालु सम्पत्ति** | **२५०,७८८** | **३७७,२१७** | **३२१,५९७** |
| **कुल सम्पत्ति** | **३,१५४,०६८** | **४,४५२,९३४** | **५,००८,१२६** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी** | | | |
| शेयर पूँजी | १,०९८,५०० | १,०९८,५०० | १,०९८,५०० |
| अग्राधिकार शेयर पूँजी | - | | |
| अन्य पूँजी | - | | |
| जगेडा तथा अधिकोष | (३,०००) | (३,५६५) | १६५,२७४ |
| **कुल पूँजी** | **१,०९५,५००** | **१,०९४,९३५** | **१,२६३,७७४** |
| **गैर-चालु दायित्वहरु** | | | |
| **वित्तीय दायित्वहरु** | | | |
| अग्राधिकार शेयर | - | - | |
| ऋण तथा उधारोहरु (लामो अवधिको) | १,६९६,९२३ | २,६३७,३४६ | २,९३८,६७७ |
| लिज दायित्वहरु | ७,५८२ | ११,९९० | ६,३३९ |
| स्थगित कर दायित्वहरु | | | ४५५ |
| **गैर-चालु दायित्वहरु** | **१,७०४,५०५** | **२,६४९,३३५** | **२,९४५,४७१** |
| **चालु दायित्वहरु** | | | |
| वित्तीय दायित्वहरु | | | |
| ऋण तथा उधारोहरु (छोटो अवधिको) | १९५,३७३ | ४६९,९६२ | ७१३,००० |
| व्यापार तथा अन्य भुक्तानी | ३,६१२ | ३३५ | ३,८६० |
| अवधारण दायित्वहरु | १५०,७९२ | २३०,०२२ | ७६,३५६ |
| लिज दायित्वहरु | २,७५६ | २,२६८ | ५,०५६ |
| अन्य चालु दायित्वहरु | १,५३१ | ६,०७७ | ६०८ |
| **कुल चालु दायित्वहरु** | **३५४,०६४** | **७०८,६६४** | **७९८,८८०** |
| **जम्मा दायित्व** | **२,०५८,५६८** | **३,३५७,९९९** | **३,७४४,३५२** |
| **कुल पूँजी तथा दायित्व** | **३,१५४,०६८** | **४,४५२,९३४** | **५,००८,१२६** |

**नाफा- नोक्सान हिसाब**

**रकम रु.हजारमा**

| **विवरण** | **वास्तविक** | | |
|---|---|---|---|
| | **आ.व.२०८०/०८१** | **आ.व.२०८१/०८२** | **आ.व.२०८२/०८३** |
| आय | - | - | ५७९,४०४ |
| बिक्री लागत | - | - | ५७,३२८ |

| | | | |
|---|---|---|---|
| **कुल नाफा** | - | - | **५२२,०७६** |
| निर्माण आम्दानी IFRIC 12 | १,९२८,४७७ | १,१६७,४१४ | ७४५,९२० |
| निर्माण खर्च IFRIC 12 | (१,९२८,४७७) | (१,१६७,४१४) | ७४५,९२० |
| **कुल आय** | - | - | **५२२,०७६** |
| अन्य आय | - | १०७ | २,४१६ |
| कर्मचारी लाभ | | | - |
| प्रशासनिक खर्च | ११३ | ३३९ | १२,३६७ |
| अन्य संचालन खर्च | | | - |
| साधन बिक्रीबाट घाटा | | | - |
| ROU सम्पत्तिमा ह्रास कट्टि | | | २,३५४ |
| ह्रास कट्टि तथा परिशोधन | १३१ | २४५ | १३२,२४४ |
| **संचालनबाट नाफा** | (२४४) | (४७६) | **३७७,५२७** |
| वित्तीय लागत | | | २०२,३९० |
| **कर अघिको नाफा तथा पूर्व अवधिको समायोजन** | | | **१७५,१३७** |
| **पूर्व अवधिको समायोजन** | | | |
| पावर हाउसमा विजुली खर्च | | | |
| सरकारी रोयल्टी | | | |
| **कर अघिको नाफा** | (२४४) | (४७६) | **१७५,१३७** |
| कर्मचारी लाभांस | - | - | ३,५०३ |
| **कर तथा लाभांस अघिको नाफा** | (२४४) | (४७६) | **१७१,६३४** |
| आयकर खर्च | - | | |
| स्थगन कर आम्दानी/(खर्च) | (२९२) | (८८) | (१,६३३) |
| **निरन्तर संचालनबाट नाफा** | | | **१७०,००१** |
| सञ्चालन बन्दमा नाफा/(नोक्सान) (करको नेट) | - | - | - |
| **खुद नाफा/नोक्सान** | ४७ | (५६५) | **१७०,००१** |

**नगद प्रवाह विवरण**

**रकम रु.हजारमा**

| **विवरण** | **वास्तविक** | | |
|---|---|---|---|
| | **आ.व.२०८०/०८१** | **आ.व.२०८१/०८२** | **आ.व.२०८२/०८३** |
| **कारोबार सञ्चालन गतिविधिबाट नगद प्रवाह** | | | |
| आयकर अघिको नाफा/घाटा | (२४४) | (४७६) | १७१,६३४ |
| **समायोजन** | | | |
| ह्रासकट्टी तथा परिशोधन | १३१ | ३४५ | १३२,२४४ |
| वित्तीय लागत | - | - | २०२,३९० |
| कर्मचारी लाभांस | - | - | ३,५०३ |
| **क्रियाशिल पूँजी परिवर्तन अघिको नगद प्रवाह** | **(११३)** | **(२३२)** | **५०९,७७१** |
| चालु सम्पत्तिमा कमी/बृद्धि | ११४,२२७ | (७६,९६४) | ४६,४३३ |
| चालु दायित्वमा कमी/बृद्धि | १०१,६१६ | ३५४,६०० | ८६,७१४ |
| **संचालनबाट उत्पन्न नगद** | | | **६४२,९१८** |
| आयकर भुक्तानी | | | ० |
| **कारोबार सञ्चालनबाट खुद नगद प्रवाह** | **२१५,७२९** | **२७७,४०५** | **६४२,९१८** |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | | | |
| सम्पत्ति, प्लान्ट र उपकरणमा बृद्धि | (३,३७०) | (१,८३५) | -३३८ |

| | | | |
|---|---|---|---|
| ROU सम्पतिमा कमी/बृद्धि | ९,३१२ | (३,८२०) | २,६९९ |
| गैरचालु सम्पत्तिमा कमी/बृद्धि | - | ३०० | -६७६ |
| अमूर्त सम्पत्तिमा कमी/बृद्धि | (१,९२८,४७७) | (१,१६७,४१४) | -७४५,९२० |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **(१,९२२,५३६)** | **(१,१७२,७६९)** | **-७४४,२३४** |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह** | | | |
| शेयर पूँजीमा कमी/बृद्धि | ३१३,८०० | - | |
| प्रारम्भिक सार्वजनिक निष्काशन खर्च | - | - | -१,१६२ |
| अग्राधिकार शेयर पूँजीमा कमी/बृद्धि | (१९६,७९१) | - | - |
| गैरचालु सापटको सापट/भुक्तानी | १,५०४,२९८ | ९४०,४२३ | ३०१,३३२ |
| लिज दायित्वमा कमी/बृद्धि | (२,७५६) | ४,४०७ | -५,६५० |
| व्याज भुक्तान | - | - | -२०२,३९० |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **१,६१८,५५१** | **९४४,८३०** | **९२,१२९** |
| नगद तथा नगद समानमा खुद बृद्धि | (८८,२५५) | ४९,४६६ | -९,१८७ |
| यस वर्षको सुरुको नगद तथा नगद समान | १०७,७४२ | १९,४८७ | ६८,९५२ |
| **यस वर्षको अन्त्यको नगद तथा नगद समान** | **१९,४८७** | **६८,९५२** | **५९,७६६** |

### इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण

**रकम रु.हजारमा**

| विवरण | शेयर पूँजी | अग्राधिकार शेयर | अग्रिम शेयर पूँजी | संचित मुनाफा | कुल इक्विटी |
|---|---|---|---|---|---|
| **श्रावण १, २०८० को मौज्दात** | ७,८४,७०० | २२,५८५ | - | (३,०४८) | ८,०४,२३७ |
| लेखा नितिहरुमा परिवर्तन | - | - | - | - | - |
| अघिल्लो वर्षहरुको त्रुटीहरुबाट खुद नाफा/नोक्सान | - | - | - | - | - |
| **पुन: सन्तुलन** | ७,८४,७०० | २२,५८५ | - | (३,०४८) | ८,०४,२३७ |
| **आ.व. २०८०/८१ को इक्विटीमा परिवर्तन** | - | - | - | - | - |
| यस वर्षको खुद नाफा/नोक्सान | - | - | - | ४७ | ४७ |
| शेयर पूँजीमा थप/घट | २,९१,२१५ | - | - | - | २,९१,२१५ |
| यस वर्षमा परिवर्तन | - | - | - | - | - |
| अग्राधिकार शेयर साधारण शेयरमा परिवर्तन | २२,५८५ | (२२,५८५) | - | - | - |
| **आषाढ ३१ २०८१ सम्मको मौज्दात** | १०,९८,५०० | - | - | (३,०००) | (१०,९५,५००) |
| **श्रावण १, २०८१ को मौज्दात** | १०,९८,५०० | - | - | (३,०००) | (१०,९५,५००) |
| लेखा नितिहरुमा परिवर्तन | | | | | |
| अघिल्लो वर्षहरुको त्रुटीहरुबाट खुद नाफा/नोक्सान | | | | | |
| **पुन: सन्तुलन** | १०,९८,५०० | - | - | (३,०००) | (१०,९५,५००) |
| **आ.व. २०८१/८२ को इक्विटीमा परिवर्तन** | | | | | |
| यस वर्षको खुद नाफा/नोक्सान | - | - | - | (५६५) | (५६५) |
| शेयर पूँजीमा थप/घट | - | - | - | - | - |
| यस वर्षमा परिवर्तन | - | - | - | - | - |
| अग्राधिकार शेयर साधारण शेयरमा परिवर्तन | - | - | - | - | - |
| **आषाढ ३२ २०८२ सम्मको मौज्दात** | १०,९८,५०० | - | - | (३,५६५) | (१०,९४,९३५) |
| लेखा नितिहरुमा परिवर्तन | - | - | - | - | - |
| अघिल्लो वर्षहरुको त्रुटीहरुबाट खुद नाफा/नोक्सान | - | - | - | - | - |

| | | | | | |
|---|---|---|---|---|---|
| पुनः सन्तुलन | १,०९८,५०० | - | - | (३,५६५) | १,०९४,९३५ |
| आ.व. २०८१/८२ को इक्विटीमा परिवर्तन | - | - | - | - | - |
| यस वर्षको खुद नाफा/नोक्सान | - | - | - | १७०,००१ | १७०,००१ |
| शेयर पूँजीमा थप/घट | - | - | - | - | - |
| यस वर्षमा परिवर्तन | - | - | - | - | - |
| अग्राधिकार शेयर साधारण शेयरमा परिवर्तन | - | - | - | (१,१६२) | (१,१६२) |
| Addition towards PSC | - | - | - | - | - |
| **आषाढ ३२ २०८३ सम्मको मौज्दात** | १,०९८,५०० | - | - | १६५,२७४ | १,२६३,७७४ |

**नोट :**

१) आ.व.२०७९/८० मा अवसर इक्वीटी डाईभर्सीफाईड फण्डले रु.१००/- का दरले १९,५३,००० कित्ता Preference Share मा लगानी गरेको र सो सम्पूर्ण Preference Share हरु आ.व.२०८०/८१ मा साधारण शेयरमा परिणत भइसकेको छ । साथै सो सम्बन्धी विस्तृत जानकारी आ.व.२०७९/८० को लेखापरिक्षण प्रतिवेदनको नोट नं.३.१० तथा आ.व.२०८०/८१ को नोट नं.३.११ मा उल्लेख गरिएको छ।

२) कम्पनीको आर्थिक वर्ष २०८२/०८३ को वित्तीय विवरण अनुसार कम्पनीको प्रति शेयर आम्दानी (EPS) रु. १५.४८/- (अक्षेरपी पन्ध्र रुपैयाँ अड्चालीस पैसा मात्र) रहेको र सो आर्थिक वर्षको लाभांश वितरणका सम्बन्धमा कम्पनीको मिति २०८३/०४/११ गते सम्पन्न सञ्चालक समितिको बैठकको प्रस्ताव तथा निर्णय तथा कम्पनीको मिति २०८३/०५/१५ गते सम्पन्न छैटौं वार्षिक साधारण सभाको निर्णय बमोजिम उक्त आर्थिक वर्षको खुद नाफाबाट कम्पनीको कायम चुक्ता पूँजी रु. १,०९,८५,००,०००/– को आधारमा १०.५२६३% (करसहित) दरले जम्मा रु.११५,६३१,४२१/– नगद लाभांश कायम शेयरधनीहरूलाई वितरण गरिएको।

**कम्पनीको मुख्य मुख्य लेखा निति देहाय बमोजिम रहेको छ :**

यस कम्पनीले नेपाल लेखा मानक NFRS (Nepal Financial Reporting Standards) लाई पुर्णरुपमा पालना गर्ने क्रममा, हालै गरिएको विस्तृत लेखा मूल्यांकनका आधारमा, जलविद्युत परियोजनामा सेवा सम्झौता व्यवस्था (Service Concession Arrangements) लागू गरेको छ। आर्थिक वर्ष २०७९/८० देखि IFRIC 12 को कार्यान्वयन गरी वित्तीय विवरणलाई नेपाल लेखा मानक NFRS (Nepal Financial Reporting Standards) अनुरूप बनाउने तथा पारदर्शिता र True and Fair view अभिवृद्धि गर्ने विश्वास गरिएको छ। यस जलविद्युत कम्पनीद्वारा IFRIC 12 लागु गराउनका आधारहरू निम्न बमोजिम रहेको छन्: IFRS सँग मिल्दो लेखा मानक (NFRS) को अवलम्बन - नेपाल लेखा मानक बोर्ड (ASB) ले नेपाल वित्तीय प्रतिवेदन मानक (NFRS) लागू गरेको छ, जुन अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मानक (IFRS) सँग मेल खान्छ । यसमा IFRIC 12 सहितका सबै IFRIC व्याख्याहरू समावेश छन् । सार्वजनिक-निजी साझेदारी (PPP) मा यसको आवश्यकता - नेपालमा धेरै पूर्वाधार परियोजनाहरू, विशेष गरी जलविद्युत्, सडक, र सञ्चार क्षेत्रमा सार्वजनिक-निजी साझेदारी अन्तर्गत सञ्चालन हुन्छन् । IFRIC 12 यस्ता सेवा सम्झौता (Service Concession Arrangements) को लेखा पद्दति निर्धारण गर्न प्रयोग गरिन्छ। सरकारी नियन्त्रण अन्तर्गतको पूर्वाधारको लेखा चित्रण - यदि कुनै निजी कम्पनीले सरकारले स्वामित्वमा राख्ने पूर्वाधार निर्माण तथा सञ्चालन गर्छ भने, IFRIC 12 अनुसार सो पूर्वाधारको प्रत्यक्ष स्वामित्व निजी कम्पनीको हिसाब किताबमा देखाइँदैन, तर वित्तीय सम्पत्ति वा अमूर्त सम्पत्तिको रूपमा चित्रण गरिन्छ। वित्तीय पारदर्शिता र अन्तर्राष्ट्रिय अभ्यास - IFRIC 12 को पालना गर्दा वित्तीय विवरणहरू अन्तर्राष्ट्रिय रूपमा मान्य मानक अनुरूप तयार हुन्छन्, जसले लगानीकर्ताहरू, नियामक निकायहरू, तथा सरोकारवालाहरूलाई विश्वसनीय सूचना उपलब्ध गराउँछ। कम्पनीले निर्माण गरिरहेको आयोजना नेपाल सरकार (नेपाल विद्युत प्राधिकरण) सँग गरीएको सम्झौताको आधारमा ३० (पैतिस) वर्षका लागि निर्माण तथा संचालन गर्ने र उक्त समय समाप्त भएपश्चात सो परियोजना नेपाल सरकारलाई हस्तान्तरण गर्नुपर्ने हुन्छ। यसरी BOOT (Built Own Operate Transfer) विधिमा रही निर्माण गरिने परियोजनाको हकमा NFRS प्रणाली अनुसार IFRIC

12 (Service Concession Arrangement) र क्रमश : NAS 11 (Construction Contract) सिद्धान्तहरु आकर्षित हुन्छ। उक्त सिद्धान्तहरु अनुसार परियोजनाबाट भविष्यमा हुने आम्दानीको हिसाव गरी परियोजना निर्माणको क्रममा पनि उल्लेख गर्नुपर्ने हुन्छ। सो सिद्धान्तहरु कम्पनीले तयार गरेको वित्तिय विवरणमा विस्तृत रुपमा खुलाईएको छ। NAS 11 (Construction Contract) सिद्धान्त अनुसार गरीएको हिसाबको विवरण निम्न बमोजिम रहेको छ।

**रकम रु.हजारमा**

| विवरण | आ.व.२०८०/०८१ | आ.व.२०८१/०८२ | आ.व.२०८२/०८३ |
|---|---|---|---|
| Construction Revenue -IFRIC 12 | १,९२८,४७७ | १,१६७,४१४ | ७४५,९२० |
| Less: Construction Cost -IFRIC 12 | (१,९२८,४७७) | (१,१६७,४१४) | ७४५,९२० |
| **Income from Construction under -IFRIC 12** | - | - | - |

यस कम्पनीले आ.व. २०७९/८० बाट IFRIC 12 को कार्यान्वयन गरेसँगै परियोजना लागत लेखाङ्कनको लेखा नीतिमा परिवर्तन आएको छ र सो कारणले वित्तीय विवरणको जगेडा कोषमा कुनै पनि प्रभाव नपरेको व्यहोरा जनाउन चाहन्छौं।

(ग) **आर्थिक वर्ष समाप्त भएको ६ महिना पश्चात् विवरणपत्र स्वीकृतिको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरीक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण :** सो नभएको।

(घ) **आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :** सो नभएको।

(ङ) **पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भएपश्चात संगठित संस्थाको कारोबार, नाफा नोक्सान, सम्पत्तिको मुल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको धारणा :** सो नभएको।

(च) **आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश भएको मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने :** सो नभएको।

(छ) **विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण (आ) सम्पत्तिको पुनर्मूल्यांकन अघि र पछिको किताबी मूल्य (इ) पुनर्मूल्यांकनको औचित्य :** सो नभएको।

(ज) **आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु : कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :**

**वासलात**

रकम रु. हजारमा

| विवरण | आ.व.२०८३/०८४ | आ.व.२०८४/०८५ | आ.व.२०८५/०८६ |
|---|---|---|---|
| **सम्पत्ती** | | | |
| **गैर-चालु सम्पत्ति** | | | |
| सम्पत्ती, प्लान्ट र उपकरण | ४,००९ | ३,२६७ | २,६९४ |
| अमुर्त सम्पत्ति (आयोजनाको सम्पत्ति) | ४,५११,०४२ | ४,३५०,८३५ | ४,१९०,६२८ |
| ROU सम्पत्ती | ५,३९८ | २,६९९ | |
| अन्य गैर-चालु सम्पत्ति | १,२०० | | |
| स्थगन कर सम्पत्ति | | | |
| **कुल गैर-चालु सम्पत्ति** | **४,५२१,६४९** | **४,३५६,८०१** | **४,१९३,३२३** |
| **लगानी** | | | |
| **चालु सम्पत्ति** | | | |
| **वित्तीय सम्पत्ति** | | | |
| छोटो अवधिको ऋण तथा अग्रिमहरु | १३६,०३९ | १३६,०३९ | १३६,०३९ |
| कारोबार प्राप्य | २०२,४४१ | २०८,३३८ | २१४,२३४ |
| नगद तथा नगद समान | १९१,१४८ | २२६,३८४ | ३३७,६४२ |
| अन्य चालु सम्पत्ति | ७,५०० | ५,००० | २,५०० |
| **कुल चालु सम्पत्ति** | **५३७,१२९** | **५७५,७६१** | **६९०,४१५** |
| **कुल सम्पत्ति** | **५,०५८,७७८** | **४,९३२,५६२** | **४,८८३,७३८** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी** | | | |
| शेयर पूँजी | १,६९०,००० | १,६९०,००० | १,६९०,००० |
| अग्राधिकार शेयर पूँजी | | | |
| अन्य पूँजी | | | |
| जगेडा तथा अधिकोष | ३५६,७४२ | ५४१,८४५ | ७८०,१०८ |
| **कुल पूँजी** | **२,०४६,७४२** | **२,२३१,८४५** | **२,४७०,१०८** |
| **गैर-चालु दायित्वहरु** | | | |

| | | | |
|---|---|---|---|
| **वित्तीय दायित्वहरु** | | | |
| अग्राधिकार शेयर | | | |
| ऋण तथा उधारोहरु (लामो अवधिको) | २,६५४,६७७ | २,३७०,६७७ | २,०८६,६७७ |
| स्थगित कर  दायित्वहरु | १७,५८६ | १७,५८६ | १७,५८६ |
| लिज दायित्वहरु | ४,३३४ | | |
| अन्य  गैर चालु दायित्वहरु | | | |
| **कुल गैर-चालु दायित्वहरु** | **२,६७६,५९७** | **२,३८८,२६३** | **२,१०४,२६३** |
| **चालु दायित्वहरु** | | | |
| वित्तीय दायित्वहरु | | | |
| ऋण तथा उधारोहरु (छोटो अवधिको) | २८४,००० | २८४,००० | २८४,००० |
| माग आधारित कर्जा | | | |
| व्यापार तथा अन्य भुक्तानी | ६,८५० | ६,८१० | ६,७६८ |
| अवधारण दायित्वहरु | २५,००० | | |
| लिज दायित्वहरु | ३,७७४ | ४,३३४ | |
| अन्य चालु दायित्वहरु | | | |
| कर्मचारी बोनस भुक्तानी | ६,६१८ | ७,९१६ | ९,००१ |
| अन्य चालु दायित्वहरु | ९,१९८ | ९,३९५ | ९,५९७ |
| **कुल चालु दायित्वहरु** | **३३५,४४०** | **३१२,४५४** | **३०९,३६६** |
| **कुल पूँजी तथा दायित्वहरु** | **५,०५८,७७८** | **४,९३२,५६२** | **४,८८३,७३८** |

**नाफा- नोक्सान हिसाब**

**रकम रु. हजारमा**

| **विवरण** | **आ.व.२०८३/०८४** | **आ.व.२०८४/०८५** | **आ.व.२०८५/०८६** |
|---|---|---|---|
| विद्युत बिक्रीबाट आय | ८९८,०२६ | ९२४,३०१ | ९५०,५७५ |
| **निर्माण आम्दानी IFRIC 12 बाट आय** | | | |
| निर्माण आम्दानी IFRIC 12 | | | |
| निर्माण खर्च IFRIC 12 | | | |
| अन्य आय | | | |
| **कुल आय** | **८९८,०२६** | **९२४,३०१** | **९५०,५७५** |
| घटाउने | | | |
| **प्रशासनिक खर्च** | | | |
| रोयल्टी खर्च | २०,५११ | २१,०३६ | २१,५६२ |
| आपियो निष्काशन खर्च | १५,००० | | |
| ह्रास कट्टि तथा परिशोधन | १६१,१७५ | १६०,९४९ | १६०,७७९ |
| ROU सम्पत्तिको परिशोधन | २,६९९ | २,९२४ | |
| परियोजना बीमा लागत | १४,८२१ | १५,००० | १५,००० |
| अन्य प्रशासनिक खर्च | १२,९८६ | १३,६३५ | १४,३१७ |

| | | | |
|---|---|---|---|
| संचालन तथा मर्मत सम्भार खर्च | ४७,११३ | ४८,५२६ | ४९,९८२ |
| **संचालन नाफा/नोक्सान** | **६२३,७२२** | **६६२,२३०** | **६८८,९३६** |
| घटाउने | | | |
| व्याज खर्च | २९१,४५३ | २६५,५१८ | २३८,५३८ |
| व्याज खर्च -चालु पुजी | | | |
| व्याज खर्च -भाडामा लिंदाको दायित्व | १,३८० | ८९३ | ३३३ |
| एजेन्सी खर्च | ५,२७५ | ५,८७७ | ५,३०९ |
| वित्तिय शुल्क - पिएससी | | | |
| **बोनस र कर अघिको नाफा** | **३३०,८८९** | **३९५,८१९** | **४५०,०६५** |
| घटाउने | | | |
| कर्मचारी बोनस | ६,६१८ | ७,९१६ | ९,००१ |
| **कर अघिको नाफा** | **३२४,२७१** | **३८७,९०३** | **४४१,०६४** |
| चालु कर | | | |
| स्थगन कर | -१७,१३१ | | |
| **खुद नाफा/नोक्सान** | **३०७,१४०** | **३८७,९०३** | **४४१,०६४** |

**नगद प्रवाह विवरण**

**रकम रु.हजारमा**

| विवरण | आ.व.२०८३/०८४ | आ.व.२०८४/०८५ | आ.व.२०८५/०८६ |
|---|---|---|---|
| **कारोबार सञ्चालन गतिविधिबाट नगद प्रवाह** | | | |
| आयकर अघिको नाफा/घाटा | ३२४,२७१ | ३८७,९०३ | ४४१,०६४ |
| **समायोजनः** | | | |
| ह्रासकट्टी तथा परिशोधन | ९६८ | ७४३ | ५७२ |
| अमुर्त सम्पतिको परिशोधन | १६०,२०७ | १६०,२०७ | १६०,२०७ |
| कर्मचारी बोनस | | | |
| व्याज तथा वित्तिय शुल्कहरु | २९८,१०७ | २७२,२८८ | २४४,१८१ |
| भुत्तानी आयकर | | | |
| अघिल्लो अवधीको समायोजन | | | |
| गैरचालु सम्पत्ति बिक्रीबाट भएको नाफा | | | |
| **चालु दायित्वमा कमी/बृद्धि** | **७८३,५५३** | **८२१,१४०** | **८४६,०२३** |
| **क्रियाशिल पूँजीमा आएको परिवर्तनबाट बाट नगद प्रवाह** | | | |
| **चालु सम्पत्तिमा कमी/बृद्धिः** | | | |
| चालु सम्पत्तिमा कमी/बृद्धि | -८४,१५० | -३,३९६ | -३,३९६ |
| चालु दायित्वमा कमी/बृद्धि | -३७,५५६ | -२४,८४४ | १६१ |
| **क्रियाशिल पूँजीमा आएको परिवर्तनबाट बाट खुद नगद प्रवाह** | **-१२१,७०५** | **-२८,२४०** | **-३,२३६** |
| **कारोबार सञ्चालनबाट खुद नगद प्रवाह** | **६६१,८४८** | **७९२,९००** | **८४२,७८८** |

| | | | |
|---|---|---|---|
| **लगानी गतिविधिबाट नगद प्रवाह** | | | |
| लगानीमा बृद्धि | | | |
| कार्य प्रगतीमा बृद्धि | | | |
| सम्पत्ति, प्लान्ट र उपकरणमा बृद्धि | | | |
| ROU सम्पतिमा कमी/बृद्धि | २,६९९ | २,६९९ | २,६९९ |
| गैरचालु सम्पत्तिमा कमी/बृद्धि | १,००६ | १,२०० | |
| अमूर्त सम्पत्तिमा कमी/बृद्धि | | | |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **३,७०५** | **३,८९९** | **२,६९९** |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह** | | | |
| शेयर पूँजीमा कमी/बृद्धि | ५९१,५०० | | |
| शेयर पूँजीको लागी आवेदन कमी/बृद्धि | | | |
| अग्राधिकार शेयर पूँजीमा कमी/बृद्धि | | | |
| सुरक्षित रूणमा कमी/बृद्धि | -२८४,००० | -२८४,००० | -२८४,००० |
| चालु सुरक्षित रूणमा कमी/बृद्धि | -४२९,००० | | |
| अल्पकालिन रूण तथा सापटीमा कमी/बृद्धि | ३,११५ | १,२९९ | १,०८५ |
| चालु पूँजी कर्जामा कमी/बृद्धि | | | |
| लिज दायित्वमा कमी/बृद्धि | -२,००६ | -३,७७४ | -४,३३४ |
| गैरचालु दायित्वमा कमी/बृद्धि | | | |
| आपियो निष्काशन खर्च | | | |
| अग्राधिकार शेयर भुक्तानीमा प्रिमियम | | | |
| व्याज भुत्तानी | -२९८,१०७ | -२७२,२८८ | -२४४,१८१ |
| लाभांस भुत्तानी | -११५,६७२ | -२०२,८०० | -२०२,८०० |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **-५३४,१७०** | **-७६१,५६४** | **-७३४,२२९** |
| यस वर्षको खुद नगद प्रवाह | १३१,३८३ | ३५,२३६ | १११,२५८ |
| वर्षको सुरुमा नगद तथा बैंक मौज्दात | ५९,७६६ | १९१,१४८ | २२६,३८४ |
| **वर्षको अन्तयमा नगद तथा बैंक मौज्दात** | **१९१,१४८** | **२२६,३८४** | **३३७,६४२** |

## इक्विटीमा भएको परिवर्तन

**रकम रु.हजारमा**

| विवरण | आ.व.२०८३/०८४ | आ.व.२०८४/०८५ | आ.व.२०८५/०८६ |
|---|---|---|---|
| **शुरुको मौज्दात** | | | |
| शेयर पूँजी | १,०९८,५०० | १,६९०,००० | १,६९०,००० |
| अग्राधिकार शेयर पूँजी | | | |
| शेयरको लागि अग्रिम भुक्तानी | | | |
| अग्राधिकार शेयर प्रिमियममा भुक्तानी | | | |
| जगेडा तथा कोषहरु | १६५,२७४ | ३५६,७४२ | ५४१,८४५ |
| **कुल** | **१,२६३,७७४** | **२,०४६,७४२** | **२,२३१,८४५** |
| **यस वर्षको परिवर्तन** | | | |
| शेयर निष्काशन | ५९१,५०० | | |

| | | | |
|---|---|---|---|
| अग्राधिकार शेयर निष्काशन/फिर्ता भुक्तानी | | | |
| शेयरको लागि अग्रिम भुक्तानी | | | |
| यस वर्षको नाफा | ३०७,१४० | ३८७,९०३ | ४४१,०६४ |
| प्राथमिक शेयर निष्काशन लागतमा समायोजन | | | |
| साधारण जगेडामा सारिएको रकम | | | |
| शेयरधनीलाई लाभांश | -११५,६७२ | -२०२,८०० | -२०२,८०० |
| **कुल** | **७८२,९६८** | **१८५,१०३** | **२३८,२६४** |
| **अन्तिम मौज्दात** | | | |
| शेयर पूँजी | १,६९०,००० | १,६९०,००० | १,६९०,००० |
| अग्राधिकार शेयर पूँजी | | | |
| शेयरको लागि अग्रिम भुक्तानी | | | |
| अग्राधिकार शेयर प्रिमियममा भुक्तानी | | | |
| जगेडा तथा कोषहरु | ३५६,७४२ | ५४१,८४५ | ७८०,१०८ |
| **कुल** | **२,०४६,७४२** | **२,२३१,८४५** | **२,४७०,१०८** |

| **वित्तीय प्रक्षेपणका आधार तथा तरिका :** | | | |
|---|---|---|---|
| **विवरण** | **आ.व.२०८३/०८४** | **आ.व.२०८४/०८५** | **आ.व.२०८५/०८६** |
| १. कुल आयमा औषत बृद्धिदर | ५५% | ३% | ३% |
| २. कुल खर्चमा औषत बृद्धिदर | ७०% | -१३% | २% |
| ३. खुद मुनाफामा औषत बृद्धिदर | ८१% | २६% | १४% |
| ४. आयकर व्यवस्था (प्रतिशतमा) | - | - | |
| ५. प्रति शेयर नेटवर्थ (रु.) | १२१.११ | १३२.०६ | १४६.१६ |
| ६. प्रति शेयर आम्दानी (रु.) | १८.१७ | २२.९५ | २६.१० |
| Return on Equity | १५.०१% | १७.३८% | १७.८६% |
| Return on Assets | ६.०७% | ७.८६% | ९.०३% |
| Return on Net worth | १५% | १७% | १८% |

**नोट :**

१) कम्पनीको आगामी ३ आ.व. मा प्रति शेयर आम्दानी क्रमस : रु.१८.१७, रु.२२.७५ र रु.२६.१० हुने प्रक्षेपण गरिएको आधारमा लाभांश क्रमस : १२%, १२% र १५% हुने प्रक्षेपण गरिएको हो ।

**२) कम्पनीको प्रारम्भिक सार्वजनिक निष्काशन सम्बन्धी खर्चको विवरण देहाय बमोजिम रहेको छ :**

| **क्र. सं.** | **खर्चका शीर्षकहरु** | **अनुमानित लागत रु. हजारमा** |
|---|---|---|
| १ | नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लियरिङ्ग, तथा नेपाल स्टक एक्स्चेन्ज लि. मा निवेदन दस्तुर, विवरण प्रशोधन शुल्क, धितोपत्र सूचिकरण शुल्क, वार्षिक शुल्क, सफ्टवेयर सम्भार शुल्क, धितोपत्र बाँडफाँड शुल्क तथा धितोपत्र दर्ता शुल्क | १०,०६५.८३ |
| २ | धितोपत्र निष्काशन तथा बिक्री प्रवन्ध शुल्क | १०० |
| ३ | सूचना प्रकाशन शुल्क | १,१३१.७२ |
| ४ | बैठक भत्ता, आवेदन प्रशोधन सफ्टवेयर शुल्क, इस्युअर रेटिङ्ग शुल्क, भौतिक आवेदन संकलन शुल्क, तथा धितोपत्र प्रत्याभूति शुल्क | ३,७०२.४५ |
| **जम्मा खर्च (लागत)** | | **१५,०००** |

माथि उल्लेखित खर्चहरु हालको शुल्क, दस्तुर तथा समय सापेक्षित अनुसार प्रक्षेपण गरिएको छ। भविष्यमा सो खर्च (लागत) हरु वास्तविक दर अनुसार थप/घट हुन सक्नेछ।

**वित्तीय प्रक्षेपणका आधारहरुको औचित्य पुष्टि हुने विवरण देहाय बमोजिम रहेको छ :**

१) **बिक्री आम्दानी :** यस कम्पनीको आम्दानी नेपाल विद्युत प्राधिकरणको विद्युत खरिद बिक्री सम्झौतापत्रमा भएको प्रति इकाइ (युनिट वा किलोवाट आवर) मूल्य अनुसार गणना गरिएको छ :
सुख्खा मौसममा : रु.८.४० प्रति इकाई
वर्षा मौसममा : रु.४.८० प्रति इकाई
साथै आम्दानी प्रक्षेपण गर्दा विद्युत खरिद बिक्रि सम्झौतापत्रको ९०% मात्र हुने प्रक्षेपण गरिएको छ।

२) कम्पनीले नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद सम्झौता समेत गरिसकेको छ र साँगु खोला जलविद्युत आयोजना र साँगु खोला - १ जलविद्युत आयोजनाको व्यापारिक उत्पादन क्रमसः मिति २०८२/०६/२५ तथा २०८२/०४/०८ बाट सुरु भैसकेको छ।

३) **वित्तीय खर्च :** ऋण भुक्तानी बैंकहरु सँग भएको सम्झौता अनुसार गरिएको छ। ब्याजदर ९.५ प्रतिशत अनुमान गरिएको छ।

४) **कर्मचारी बोनस :** बोनश ऐन २०३० तथा विद्युत ऐन २०४९ अनुसार कम्पनीको नाफाको २% कर्मचारी बोनस बापत व्यवस्था गर्ने प्रक्षेपण गरिएको छ।

५) **प्रशासनिक तथा संचालन खर्च :** वार्षिक ३ प्रतिशतका दरले बृद्धि हुने प्रक्षेपण गरिएको छ, औषत मुद्रास्फिदी दरको आधारमा प्रक्षपण गरिएको ।

६) **ह्रासकट्टी :** जलविद्युत परियोजनाको ह्रासकट्टी परियोजनाको अनुमानित संचालन देखि लाइसेन्स अवीध २१११ सम्ममा, (३० वर्ष) Straghit Line Method (SLM) मा गरिएको छ। साथै, अन्य सम्पत्तिको हकमा ह्रासकट्टी पनि Straghit Line Method (SLM) अनुसार गरिएको छ।

७) **आयकर दर :** आयकरको दर २०% प्रक्षेपण गरिएको छ। साथै विद्युत आम्दानी शुरुको १० वर्षका लागि कर छुट, पछिल्लो ५ वर्षको लागि ५०% छुट हुनेगरी प्रक्षेपण गरिएको छ।

८) एजेन्सी शुल्क कुल ऋण रकमको वार्षिक ०.२% अथवा २५ लाख जुन बढी छ तेही हुनेगरी प्रक्षेपण गरिएको छ।

९) रोयल्टी खर्च : रोयल्टी खर्चको गणना विद्युत ऐन, २०४९ बमोजिम तल उल्लेख भए अनुसार रहेको प्रक्षेपण गरिएको छ क्षमता बमोजिम रोयल्टी : रु.१००/किलोवाट पहिलो १५ वर्षसम्म रु.१०००/किलोवाट १५ वर्षपछि आम्दानी बमोजिम रोयल्टी : बिलको राजश्वको २ प्रतिशत पहिलो १५ वर्षसम्म बिलको राजश्वको १० प्रतिशत १५ वर्षपछि

१०) प्लान्ट तथा उपकरणको बिमा दर WDV Value को ०.६% हुनेगरी प्रक्षेपण गरिएको छ।

११) प्लान्ट तथा उपकरणको वार्षिक संभार WDV Value को ०.३% अनुमान गरिएको छ।

१२) IPO निष्काशन खर्च १ करोड ५० लाख प्रक्षेपण गरिएको छ।

१३) एजेन्सी शुल्क कुल ऋण रकमको वार्षिक ०.२% अथवा २५ लाख जुन बढी छ तेही हुनेगरी प्रक्षेपण गरिएको छ।

१४) कम्पनीको निती बमोजिम परिक्षण उत्पादन हुने मिति सम्मका सम्पूर्ण खर्चलाई आयोजना निर्माणमा पूँजीकृत गरिएको हुनाले नाफा नोक्सान हिसावमा देखाइएको छैन।

१५) बैंक ऋणको भुक्तानी अवधि त्रैमासिक किस्ताको आधारमा १२ वर्ष मानिएको छ र सो विद्युत उत्पादन शुरु भएको ३ महिना पश्चात सुरु हुने प्रक्षेपण गरिएको छ।

कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो। उक्त प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि श्री पोख्रेल राजमनि एण्ड एसोसिएटस् (Pokhrel Rajmani & Asssociates) ले प्रमाणित गर्नु भएको छ।

**ग.९.ख.वित्तीय अनुपात सम्बन्धी विवरण :**

**(क) सञ्चालन अवधि तीन वर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीनवर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ :**

**कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेको छ :**

**रकम रु.हजारमा**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ | आ.व. २०८५/०८६ |
| शेयर पूँजी | १,०९८,५०० | १,०९८,५०० | १,०९८,५०० | १,६९०,००० | १,६९०,००० | १,६९०,००० |
| जगेडा तथा कोषहरु | (३,०००) | (३,५६५) | १६५,२७४ | ३५६,७४२ | ५४१,८४५ | ७८०,१०८ |
| **कुल नेटवर्थ** | **१,०९५,५००** | **१,०९४,९३५** | **१,२६३,७७४** | **२,०४६,७४२** | **२,२३१,८४५** | **२,४७०,१०८** |
| शेयर संख्या (हजारमा) | १०,९८५ | १०,९८५ | १०,९८५ | १६,९०० | १६,९०० | १६,९०० |
| प्रतिशेयर (नेटवर्थ) रु. | ९९.७३ | ९९.६८ | ११५.०५ | १२१.११ | १३२.०६ | १४६.१६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रति शेयर रु. | १०० | १०० | १०० | १०० | १०० | १०० |
| खुद नाफा/(नोक्सानी) (हजारमा) | ४७ | (५६५) | १७०,००१ | ३०७,१४० | ३८७,९०३ | ४४१,०६४ |
| प्रतिशेयर आम्दानी (रु.) | ०.०० | (०.०५) | १५.४८ | १८.१७ | २२.९५ | २६.१० |
| नेटवर्थमा भएको प्रतिफल (%) | ०.००% | -०.०५% | १३% | १५% | १७% | १८% |

लेखापरीक्षण भएको वित्तीय विवरण, अपरिष्कृत वित्तीय विवरण र प्रक्षेपित वित्तीय विवरण बमोजिम विभिन्न वित्तीय अनुपातहरु जस्तै आम्दानीमा वृद्धि घटि, खर्चमा वृद्धि घटि, नाफा नोक्सानमा वृद्धि/घटि, सम्पत्तिमा वृद्धि घटि लगायतका विवरण तथा सोको कारणहरु समेत तुलनात्मक तालिकामा आ. व. सहितको विवरण देहाय बमोजिम रहेको छ :

**रकम रु.हजारमा**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | आ.व. २०८५/८६ |
| आम्दानीमा वृद्धि घटि | - | १०७.४८ | ५८१,७१२.८७ | ३१६,२०५.४४ | २६,२७४.७२ | २६,२७४.७२ |
| आम्दानीमा वृद्धि घटि (%) | - | - | ५४१,२३७.४० | ५४.३५ | २.९३ | २.८४ |
| कुल खर्चमा वृद्धि घटि (रु.) | १,१८८.४१ | (१,४२०.९) | ३३९.४९ | २०३,७०९.६९ | ७०,०१०.६५ | (१२,२३३.७७) |
| कुल खर्चमा वृद्धि घटि (%) | २४९.१७ | (८५.३२) | १३८.८८ | ३४,८८५.३९ | ३४.२७ | (४.४६) |
| नाफा नोक्सानमा वृद्धि/घटि (रु.) | ९७७.११ | (६१२.१५) | १७०,५६६.०९ | १३७,१३८.२३ | ८०,७६३.३६ | ५३,१६०.७४ |
| नाफा नोक्सानमा वृद्धि/घटि (%) | (१०५.११) | (१२८९.२९) | ३०,२०६.१२ | ८०.६७ | २६.३० | १३.७० |
| सम्पत्तिमा वृद्धि/घटि (रु.) | १,७२०,२१४ | १,२९८,८६६ | ५५५,१९२ | (११,६३२) | (१२६,२१६) | (४८,८२४) |
| सम्पत्तिमा वृद्धि/घटि (%) | ११९.९७ | ४१.१८ | १२.४७ | (०.२३) | (२.५३) | (१) |

**(ख) विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल (%) : ४.३२**

कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो । उक्त प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि श्री पोखेल राजमनि एण्ड एसोसिएटस् (Pokhrel Rajmani & Asssociates) ले प्रमाणित गर्नु भएको छ ।

## ग.१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :

### ग.१०.क. धितोपत्र जारी गर्नुको उद्देश्य :

१) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीले आफ्नो जारी पूँजी रु. १,६९,००,००,०००/- (अक्षरुपी एक अर्ब उनान्सत्तरी करोड मात्र) को १०% अर्थात रु. १६,९०,००,०००/– (अक्षरुपी सोह्र करोड नब्बे लाख मात्र) रकम बराबरको रु.१००/- अंकित दरको १६,९०,००० कित्ता आयोजना प्रभावित क्षेत्रको बासिन्दा तथा २५% अर्थात रु.४२,२५,००,०००/– (अक्षेरपी बयालिस करोड पच्चिस लाख मात्र) रकम बराबरको रु.१००/– अंकित दरको ४२,२५,००० कित्ता (नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी विदेशमा बसी रोजगार गरी रहेका नेपालीहरुको लागि १० प्रतिशत अर्थात ४,२२,५०० कित्ता, कर्मचारीहरुको लागि ३% अर्थात् १,२६७५० कित्ता सुरक्षित राखी, सामूहिक लगानी कोषहरुको लागि ५% अर्थात् २,११,२५० कित्ता तथा बाँकी रहेको ३४,६४,५०० कित्ता सर्वसाधारणहरुको लागि) शेयर निष्काशन गरी कम्पनीको पूँजी पुऱ्याउने यसको मुख्य उद्देश्य रहेको छ।

२) निष्काशनबाट प्राप्त रकम परियोजनाको कर्जा तथा ब्याज भुक्तानी तथा निर्माण कार्यमा गरेका ठेकेदारको शुल्क भुक्तानी गरिने उद्देश्य रहेको छ।

### ग.१०.ख. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

**(क) निष्काशनबाट हुने कुल रकमलाई कसरी कुन क्षेत्रमा प्रयोग गरिनेछ तत् सम्बन्धी विवरण :**

| क्र.सं. | विवरण | रकम (रु) |
|---|---|---|
| १. | आयोजना निर्माणमा खर्च IPO Against को बापत बैक सङ्ग लिएको कर्जा तथा ब्याज भुक्तानी गरिनेछ (सिटिजन्स बैंक लिमिटेडलाई भुक्तानी गरिने) | ४७,७६,९९,०००/- |
| २. | ठेकेदारको बाँकी भुक्तानी रकम (Retention Money) | ११,३८,०१,०००/- |
| | **जम्मा** | **५९,१५,००,०००/-** |

माथि उल्लेखित रकम कुनै पनि आपसी सम्बद्य भएका व्यक्तिसंग सम्बन्धित कारोबार नभएको।

(ख) **सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ति गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्था :** अन्य जलविद्युत कम्पनीले शेयर निष्काशन गर्दा विगतमा माग भन्दा बढी शेयरको लागि दरखास्त परी शेयर कारोबार समेत भई सकेको छ । कथंकदाचित निष्काशन गरिने धितोपत्र स्थानिय बासिन्दाहरुले पूर्ण रुपमा खरीद नगरेमा बाँकी रहने धितोपत्रलाई सर्वसाधारणहरुको लागि निष्काशन गरिने धितोपत्रमा थप गरी बिक्री वितरण गरिनेछ। साथै, सर्वसाधारणको लागि निष्काशन गरिने धितोपत्र समेत पूर्ण रुपमा बिक्री नभएमा निष्काशन गरिने धितोपत्रको प्रत्याभुति गर्नका लागि श्री प्रभु क्यापिटलद्धारा प्रत्याभुति सेवा प्रदान गरिएको छ।

(ग) **आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपका कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :** कम्पनीले दुबै आयोजनाहरुको निर्माण सम्पन्न गरी सागुँ खोला जलविद्युत आयोजना (२० मे.वा.) मिति २०८२/०६/२५ र सागुँ खोला - १ जलविद्युत आयोजना (५.५ मे.वा.) मिति २०८२/०४/०८ बाट व्यवसायिक उत्पादन शुरु भइसकेको छ।

(घ) **आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति :**
सागुँ खोला जलविद्युत आयोजना (२० मे.वा.) मिति २०८२/०६/२५ र सागुँ खोला - १ जलविद्युत आयोजना (५.५ मे.वा.) मिति २०८२/०४/०८ बाट व्यवसायिक उत्पादन शुरु गरी संचालनमा रहेको छ।

(ङ) **संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य मुख्य बूँदाहरु :**

| ठेकेदारको नाम | ठेक्का रकमा | ठेक्काको मुख्य बुँदाहरु |
|---|---|---|
| फ्लोभेल इनर्जी प्रा. लि. भारत | सागु खोला जलविद्युत आयोजना-२० मेगावाटको लागि रु. ५५,७८,०२४५०/- (कस्टम आयात शुल्क र भ्याट बाहेक) त्था सागु खोला-१ जलविद्युत आयोजना ५.५ मेगावाट रु.२,११,३९,८००/- (कस्टम आयात शुल्क र भ्याट बाहेक) | १. २० मेगावाट क्षमताको सागु खोला जलविद्युत परियोजना र ५.५ मेगावाट क्षमताको सागु खोला-१ जलविद्युत परियोजनाको लागि इलेक्ट्रोमेकानिकल प्याकेजको आवश्यकता अनुसार बीमा, सुपरिवेक्षण, स्थापना, परीक्षण र सञ्चालन सहित परियोजना स्थलसम्म डिजाइन, इन्जिनियरिङ, निर्माण, आपूर्ति, ढुवानीका लागि ठेकेदार नियुक्त गरिएको।<br>२. एकाइहरूको संख्या, क्षमता - 3 x 6.67 MW र 2 x 2.75WM.।<br>३. काम सुरु हुने मिति : सम्झौता सम्झौतामा हस्ताक्षर भएको मितिबाट ७ औं दिन<br>४. काम पूरा हुने समय : सुरु हुने मितिबाट २१ महिना<br>५. दोष दायित्व अवधिः सुरु हुने मितिबाट एक वर्ष। |

(च) **कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरण :** सो नभएको।

(छ) **उत्पादन सम्बन्धी आयोजना भए सो को प्रकृति प्रयोगकर्ता प्रतिस्पर्धा लक्षित समूह, उत्पादन क्षमता विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :**
**आयोजनाको प्रकृति :** जलविद्युत आयोजना

**प्रयोगकर्ता :** आयोजनाबाट उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रशारण लाइन मार्फत सर्वसाधारणहरुले प्रयोग गरिरहेको।

**प्रतिस्पर्धा :** हाल प्रतिस्पर्धा नरहेको।

**लक्षित समूह :** नेपाल विद्युत प्राधिकरणका ग्राहकहरु।

**उत्पादन क्षमता :** यस कम्पनीले प्रबद्धन गरेको जलविद्युत आयोजनाहरुको कूल विद्युत उत्पादन क्षमता २५.५ मेगावाट रहेको छ।

(ज) **आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :** प्रदेश ३ को दोलखा जिल्लाको साँगु, पेगु र स्याखुँ खोलाहरुको पानी र सो स्रोत उपयोगका लागि ऊर्जा जलस्रोत मन्त्रालयबाट ३५ वर्षका लागि अनुमति प्राप्त भएको छ।

(झ) **आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :** प्रदेश ३ को दोलखा जिल्लाका जिल्लाको साँगु, पेगु र स्याखुँ खोलाहरुको पानी।

(ञ) **सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने।**

(अ) निष्काशन तथा बिक्री प्रबन्धक (सिटिजन्स क्यापिटल लिमिटेड) – रु. १,००,०००/–

(आ) ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा) – लागु नहुने।

(इ) प्रत्याभूतिकर्ता शुल्क : रु. ९,७५,९७५/- (नौ लाख पचहत्तर हजार नौ सय पचहत्तर)।

(ई) विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क – वित्तीय प्रक्षेपण प्रमाणित गरिदिने विशेषज्ञलाई सेवा शुल्क वापत रकम रु. ५६,५००/- बुझाइने छ।

(उ) लेखापरीक्षकको शुल्क : आ.व. २०८२/८३ को लेखापरिक्षण गरे बापत लेखा परिक्षकलाई रु. ३,३९,०००/- भुक्तान गरिएको।

(ऊ) अन्य (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि) – संकलन केन्द्रहरुले रकम संकलन तथा फिर्ता भुक्तानी गरे बापत (स्थानीय बासिन्दा तथा सर्वसाधारणहरुलाई निष्काशन गरिने समेत) अन्य खर्चहरु बिलको आधारमा भुक्तानी गरिने छ।

**ग.१०.ग. सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई आयोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण :** सो नभएको।

**ग.१०.घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा :** प्रिमियम शेयर जारी गर्ने नभएको।

**ग.१०.ङ. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :**

(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :** आयोजना प्रभावित क्षेत्र दोलखा जिल्लाको बिगु तथा कालिन्चोक गाँउपालिकाका स्थानीयहरुको लागि छुट्याइएको जारी पूँजीको १० प्रतिशतले हुन आउने १६,९०,००० कित्ता शेयरका लागि प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुबाट अत्याधिक माग भई आएको अवस्थामा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिकामा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ। कम्पनीले स्थानीय बासिन्दाहरुलाई खरीद गर्न आव्हान गरेको धितोपत्र पूर्ण रुपमा बिक्री नभई बाँकी रहेमा वा न्यून माग भएमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा (४) को उपनियम (३) मा भएको व्यवस्था बमोजिम उक्त बाँकी रहेको शेयरहरु सर्वसाधारणहरुमा निष्काशन गरिने धितोपत्रमा थप गरी निष्काशन गरिनेछ भने यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर खरीदका लागि आवेदनकर्ताहरुबाट अत्यधिक माग भई आएको अवस्थामा प्राप्त भएका आवेदनहरुलाई धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ। त्यसैगरी निष्काशन गरिएको अवधि भरमा समेत सर्वसाधारणहरुबाट न्यून माग भई आएको अवस्थामा बाँकी रहेको शेयर प्रत्याभूतिकर्ताबाट प्रत्याभूति सम्झौतामा उल्लेख भएको शर्त बमोजिम खरीद हुनेछ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्था :** धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार शेयर बाँडफाँड गरे पश्चात भौतिक आवेदन फाराम मार्फत आवेदन गरेकाको हकमा बाँडफाँडमा नपरेको रकम आवेदनकर्ताले आवेदन फाराममा उल्लेख गरेको बैंक खातामा सोझै जम्मा हुने गरी क्षएव मार्फत फिर्ता भुक्तानी दिने व्यवस्था मिलाईने छ। आस्वा प्रणाली मार्फत आवेदन दिएका आवेदनकर्ताहरु (स्थानीय तथा सर्वसाधारण) को हकमा शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्विकृत र अस्विकृत भएको व्यहोरा उल्लेख गरी धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराईनेछ र सोही विवरणका आधारमा सम्वन्धित आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :** "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" ले निर्धारित गरेको समय भित्र शेयरको बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मिति देखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउनेब्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा सर्वसाधारणलाई जारी गरिने शेयरको हकमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आस्वा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएको, जसअनुसार आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको।

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि जारी गरिने शेयरको हकमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ लेनिर्धारित गरेको समयभित्र शेयरको बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ट्रेजरी बीलको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिनेछ।

(घ) **धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधी :** निष्काशन गरिने साधारण शेयर धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँड सम्वन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी सूचीकरण भए पश्चात "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भएत्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोबार शुरु हुनको लागि संगठित संस्थाले पुरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण :** सो नभएको।

(च) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद र बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**
धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था बमोजिम, स्थानीयबासीलाई साधारण शेयरको निष्काशन गरी बाँडफाँड गरे पश्चात् सर्वसाधारणको लागि साधारण शेयर निष्काशन गरी बाँडफाँड गरीनेछ। यस विवरणपत्र मार्फत दोलखा जिल्लाको बिगु तथा कालिन्चोक गाँउपालिकाका स्थायी बासिन्दा तथा सर्वसाधारणलाई निष्काशन गरीने धितोपत्र एकै पटक नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण गराई शेयर खरिद बिक्रीको व्यवस्था मिलाइनेछ।

**ग.१०.च. प्रत्याभूति सम्बन्धी विवरण :**

(क) **धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**

| | |
|---|---|
| प्रभु क्यापिटल लिमिटेड, बाग्मती प्रदेश, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. २८, कमलादी | रु.१००/- अंकित दरले सार्वजनिक निष्काशन गरिने ५९,१५,००० कित्ता शेयरले हुने जम्मा रकम रु.५९,१५,००,०००/- |

(ख) **धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्यमुख्य बूँदाहरु :**

१. निष्काशन कम्पनीले नेपाल धितोपत्र बोर्डबाट प्रत्याभूति सेवा प्रदान गर्नका लागि ईजाजतपत्र प्राप्त प्रत्याभूतिकर्ताहरुलाई प्रति शेयर प्रति शेयर रु.१००/- अंकित दरले सार्वजनिक निष्काशन गरिने ५९,१५,००० थान साधारण शेयरहरुको लागि प्रत्याभूतिकर्ता नियुक्त गरेको र उक्त शेयर प्रत्याभूति गर्न प्रत्याभूतिकर्ता सहमत भएको छ।
२ सर्वसाधारणलाई निष्काशन पश्चात सर्म्पूण शेयरहरुको बिक्री भएमा प्रत्याभूतिकर्ताको दायित्व स्वत समाप्त भएको मानिनेछ। यदि सम्पूर्ण शेयर बिक्री नभई बाँकी रहेमा बाँकी रहेको शेयर बराबरको प्रत्याभूतिको दायित्व शेयर प्रत्याभूतीकर्ताको हुनेछ।
३. प्रथम पक्षले जम्मा ५९,१५,००० कित्ता शेयरको प्रत्याभूति ब्यवस्था गर्न प्रत्याभूतिकर्ता संग यस सम्झौता अनुसार प्रत्याभूति कमिसन ०.१६५ प्रतिशतले हुने जम्मा रकम रु.९,७५,९७५/- (नौ लाख पचहत्तर हजार नौ सय पचहत्तर) मा आवश्यक कर कट्टी गरी पछि फिर्ता नहुने गरी उपलब्ध गराउनुपर्नेछ।
४. यस सम्झौतापत्रको म्याद हस्ताक्षर गरेको मितिबाट छ (६) महिना सम्म हुनेछ र उक्त समयावधि भित्र शेयर निष्काशन गरिसक्नु पर्नेछ।
५. दुबै पक्षको आपसी सहमतिमा यस सम्झौता पत्रका शर्तहरू परिवर्तन गर्न, परिमार्जन गर्न वा संशोधन गर्न सकिनेछ र त्यस्ता परिवर्तनहरू यो सम्झौता पत्रको अभिन्न अङ्ग मानिनेछ।

**ग.१०.छ आवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरु :**

(क) **धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण:** यस विवरणपत्र अनुसार निष्काशन गरिएका शेयरको बाँडफाँडमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून अनुसार हुनेछ ।

(ख) **नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. ११, त्रिपुरेश्वर तथा सिटिजन्स क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाण्डौंमा सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिनेछ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु. १००/– का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुबाट दरखास्त दिनु पर्नेछ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ। यदि कुनै दरखास्तवालाले १० कित्ता भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा आयोजना प्रभावित क्षेत्रको स्थायी बासिन्दाहरुले १०,००० नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी विदेशमा बसी रोजगार गरी रहेका नेपालीहरुले तथा सर्वसाधारणहरुले १०,००० अधिकतम कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन सकिनेछ।

(ग) **आवेदन दिँदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनु पर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

१. धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७३ को दफा २२ को उपदफा १ बमोजिम आयोजना प्रभावित, कर्मचारी, वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई सुरक्षित गरिएको शेयर बाँडफाडमा शेयर परेका आवेदनहरुले वा संस्थापकको रुपमा वा अन्य कुनै प्रकारबाट प्रारम्भिक सार्वजनिक निष्काशन गर्नु पूर्व सङ्गठित संस्थाको शेयर प्राप्त गरेको शेयरधनी तथा संस्थापक शेयरधनीका एकाघरको सदस्यले यस निष्काशनमा आवेदन दिन पाइने छैन।

२. सर्वसाधारण लगानीकर्ताहरुको हकमा सि-आस्वा (C-ASBA) प्रणाली मार्फत मात्र आवेदन दिन सकिने व्यवस्था भएको हुँदा आफ्नो खाता रहेको बैंक तथा संस्था मार्फत वा हाल सिडिएससी (CDSC) ले प्रयोगमा ल्याएको मेरो शेयर (MERO SHARE) मार्फत शेयर खरिदका लागि आवेदन गर्न सकिनेछ।

**३. आयोजना अति प्रभावित तथा प्रभावित क्षेत्र दोलखा जिल्लाको बिगु तथा कालिन्चोक गाँउपालिकामा स्थायी बसोवास गर्ने स्थानीय बासिन्दाहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् :**

क) आवेदकले दरखास्त फाराममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्यरुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी आयोजना प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फाराम बुझाउनु पर्नेछ।

ख) १६ वर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फाराम बुझाउँदा पेश गर्नुपर्नेछ। स्थानीयको बारेमा कुनै विवाद आएमा सम्बन्धित न.पा./ गा.पा.का वडा कायालयले सिफारिस गरेको हकमा निजलाई स्थानीयको रुपमा मान्यता दिइनेछ।

ग) १६ वर्ष भन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपी संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदन साथ पेश गर्नुपर्नेछ। साथै दरखास्त फाराममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ।

घ) अन्य जिल्लाबाट दोलखा जिल्लाको **बिगु तथा कालिन्चोक गाँउपालिकामा** विवाह भै आएका महिलाहरुको हकमा विवरणपत्र स्वीकृत हुनुभन्दा अगावै विवाह भएको मिति खुलेको विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ।

ङ) अन्य स्थानबाट दोलखा जिल्लाको **बिगु तथा कालिन्चोक गाँउपालिकामा** बसाँई सराई गरि आएको हकमा विवरणपत्र स्वीकृत हुनुभन्दा अगावै बसाई सराई गरी आएको मिति खुलेको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ।

च) माथि उल्लेखित हुन छुट्टेका दोलखा जिल्लाको **बिगु तथा कालिन्चोक गाँउपालिकामा** स्थायी बसोबास गर्ने बासिन्दाहरु वा वितरण प्रक्रियामा विवाद आएमा सम्बन्धित न.पा./गा.पा.को सर्वदलीय संयन्त्रको निर्णय वा जिल्ला विकास समितिको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र संलग्न गर्नु पर्नेछ।

छ) १६ वर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी दोलखा जिल्लाको **बिगु तथा कालिन्चोक गाँउपालिका** छोडी अन्यत्र गएका महिला एवं दोलखा जिल्लाको **बिगु तथा कालिन्चोक गाँउपालिका** छोडि बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन।

ज) आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिँदा कानून बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ।

झ) धितोपत्र खरिद गर्नका लागी दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागी दरखास्त बुझाउनु पर्नेछ।

ञ) आवेदन फाराम बुझाउँदा दरखास्त फाराममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सवै स्पष्टरुपमा भरेको दरखास्त फाराम बुझाउनु पर्नेछ।

ट) एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एउटा मात्र आवेदन गरेको हुनुपर्नेछ। यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ।

ठ) साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फाराममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ। यसरी दरखास्त फाराममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा दरखास्त फाराम बुझाएको दरखास्त फारामलाई रद्द गरिनेछ।

ड) सम्पूर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फाराममा खुलाउनु पर्नेछ। दरखास्तवालाले दरखास्त फाराममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ।

ढ) रु. ५०,०००/- भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिँदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ।

ण) रु. ५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान नम्बर (PAN No.) दरखास्त फाराममा खुलाउनु पर्नेछ।

त) दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फाराम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तवालाले आफ्नै खाताको एकाउण्ट पेयी चेक बुझाउनु पर्नेछ।

थ) हितग्राही खाता खोली सकेको आवेदककोहकमा हितग्राही खाता नं. उल्लेख गर्नुपर्नेछ।

## ४. वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा :

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकहरुले यस विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन्।

२. यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने नेपालीहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ।

३. शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनुपर्नेछ।

४. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यसरी आवेदन गर्नका लागि डिम्याट खाता अनिवार्य रहेकाले सम्बन्धित निक्षेप सदस्यहरुबाट खाता खोल्दा विद्युतीय माध्यमबाट समेत ग्राहक पहिचान विवरण रुजु गरी हितग्राही खाता खोल्न सक्नेछ।

५. निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन्।

६. आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि निष्काशन गरिएको शेयरमा बाँडफाँडमा परेका शेयरधनीहरुले यस निष्काशनमा आवेदन दिन पाउने छैनन् र यदि आवेदन गरेको पाईएमा सो आवेदन स्वतः अयोग्य ठहरिने छ।

७. आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ।

८. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको **"मेरो शेयर"** सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन्। त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट **CRN** नं. लिईसकेको हुनु पर्नेछ।

९. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँडमा समावेश नगरिने हुँदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ।

१०. आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फाराम भरी बुझाउनु पर्नेछ :

क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम।

ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना।

ग. खरिद गर्न चाहेको धितोपत्रको संख्या - अंक र अक्षरमा।

घ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम - अंक र अक्षरमा।

ङ. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम।

च. आवेदकको हितग्राही - डिम्याट खाता नम्बर

११. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुँदैन।

१२. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनुपर्नेछ।

१३. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ।

१४. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ।

१५. धितोपत्र बाँडफाँड गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ।

१६. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ।

१७. रु. ५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ। यस अतिरिक्त रु. ५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।

**५. सर्वसाधारणले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम आवेदन दिन सक्नेछन्।**

१. धितोपत्र खरिद गर्नका लागि दरखास्त दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशनमा Centralized Application for ASBA Based Issuance (C-ASBA) प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्ध आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्था तथा तीनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन्।

२. आवेदकले आवेदन फाराममा तोकिए बमोजिमका सम्पूर्ण विवरण भरी आफैले दस्तखत गरी बुझाउनु पर्नेछ।

३. दरखास्त दिंदा नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त आस्वा सदस्यले तोकेको ढाँचामा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" को दफा २४ मा उल्लेख भए बमोजिम देहायका विवरणहरु उल्लेख गरी दरखास्त दिनु पर्नेछ ।

(क) आवेदकको पुरा नाम (नेपाली तथा अंग्रजी दुवैमा),

(ख) आवेदकको बाबु, आमा तथा बाजेको नाम,

